# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# वार्षिक प्रतिवेदन,२०७६




प्रदेश सभा

सार्वजनिक लेखा समिति

प्रदेश नं. ३

मकवानपुर, हेटौंडा

# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# वार्षिक प्रतिवेदन,२०७६

प्रदेश सभा

सार्वजनिक लेखा समिति

प्रदेश नं. ३

मकवानपुर, हेटौडा

**माननीय सभामुखज्यू,**

नेपालको संविधानको धारा १९३ तथा प्रदेश सभा–३ को नियमावलीको नियम १४६ अनुसार मिति २०७४।११।१५ मा गठित प्रदेशसभा ३ सार्वजनिक लेखा समितिको प्रथम वार्षिक प्रतिवेदन, २०७६ आजको वैठकमा प्रस्तुत गर्न पाउंदा अत्यन्त गौरवान्वित भएको महसुस गरेकोछु।

तीन तह सहितको संघिय, समावेशी, लोकतान्त्रिक तथा गणतन्त्रात्मक शासन व्यवस्था नेपालको लागि नितान्त नौलो शासन व्यवस्था हो। संघीय शासन व्यवस्था निश्चयनै सजिलो शासन व्यवस्था होईन। तर सवैले ईमान्दारीपूर्वक काम गरे यो व्यवस्थालाई सफल वनाउन पनि गाह्रो छैन भन्ने मैले सोचेको छु।

हामी अहिले यो शासन व्यवस्थाको कार्यान्वयनको चरणमा छौं र यति वेला हामी सवैले आ–आफ्नो ठाउंवाट सुशासन, पारदर्शिता, जवाफदेहिता र संवेदनशीलता तथा भ्रष्टाचार प्रति शून्य सहनशीलताको नीतिलाई कडाईपूर्वक कार्यान्वयन गरी सीमित साधन र श्रोतको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धि र दिगो विकासको गतिलाई अगाडि वढाउनु पर्ने चुनौती आएकोछ। यसको लागि कडा आर्थिक अनुशासन र कानूनी प्रकृयाको पालना गर्नु गराउनु आवश्यक देख्दछु।

अनियमितता तथा सरकारी साधन र श्रोतको दुरुपयोग र हिनामिना तथा भ्रष्टाचारजन्य कार्यमा प्रदेश सरकार र स्थानिय तह पनि कुनै न कुनै रुपमा संलग्न भएको कुरा आईरहेको कुरा सुन्दा हामी सवैलाई ठूलो चिन्ताको विषय वन्न गएकोछ।

अर्कोतिर, ट्रान्सपरेन्सी ईन्टरनेशनलको हालै प्रकाशित प्रतिवेदनले पनि सरकारी कार्यालयहरुमा भ्रष्टाचार वढ्दै गएको कुरा उल्लेख गरेको छ। यी कुराहरु सुशासनको लागि निकै दुःखलाग्दा विषयहरु हुन्। यिनलाई समयमै समाधान गर्न जरुरी छ र खासगरी, राजनैतिक नेतृत्वले नै सक्रियता तथा नेतृत्व लिई सरकारी कार्याहरुवाट आर्थिक अनियमितता तथा भ्रष्टाचार गर्ने प्रवृतिलाई अन्त्य गर्नपर्ने देख्दछु।

प्रदेश नं. ३ को प्रदेश सरकार अन्तर्गतका सवै सार्वजनिक निकाय तथा संस्थामा अनियमितता, साधन र श्रोतको हिनामिना र दुरुपयोग तथा भ्रष्टाचार गर्ने जस्ता खराव शासनका विकृति र असंगतिलाई रोक्ने तथा प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही वनाउने उद्देश्यले प्रदेश सभा – ३ सार्वजनिक लेखा समितिको गठन भए पछि समितिको काम, कर्तव्य र अधिकार तथा कार्य प्रकृयाका सम्वन्धमा विभिन्न क्षेत्रका विज्ञ, विशेषज्ञहरुसंग छलफल पनि गर्यौं। यस्ता छलफल कार्यक्रमले म लगायत समितिका सवै सदस्यहरुलाई आफनो जिम्मेवारी तथा कार्यलाई अगाडि वढाउन निकै ठूलो प्रेरणा पनि दियो।

हामी सवैले अनियमितता, साधन र श्रोतको दुरुपयोग, र हिनामिना तथा भ्रष्टाचारका प्रवृतिलाई अन्त्य गर्ने प्रण र प्रतिवद्धता पनि गर्न पर्ने भएकोछ। यो हाम्रो सामुहिक र संस्थागत दायित्को विषय पनि हो भन्ने मैले सोचेको छु।

**माननीय सभामुख महोदय,**

म लगायत सार्वजनिक लेखा समितिका सवै सदस्यहरुले निष्पक्ष, निर्भिक जवाफदेही र ईमान्दारीपूर्वक काम गर्ने सामुहिक प्रतिवद्धता गर्दै प्रदेश सरकार-३ का आय व्यय सम्वनधी काम कारवाही तथा खर्चका उपलव्धीलाई अध्ययन, अनुसन्धान गर्न विभिन्न उपसमितिहरु गठन गरी प्रतिवेदन लिने काम गर्यौं।

समितिका यी सवै काम कारवाहीहरु सुशासन, पारदर्शिता, जवाफदेहिता तथा भ्रष्टाचार प्रति शून्य सहनशीलताको लागि निकै कारगार भएको अनुभूति गरेको छु। हाम्रो प्रतिवद्धता प्रदेश-३ का सवै कार्यालयमा स्वच्छ, नियमित, पारदर्शी, जवाफदेही र भ्रष्टाचार शून्य कारोवार सुदृढ गर्न प्रदेश सरकारलाई सहयोग पुर्याउने रहेकोछ।

यस सन्दर्भमा यस अवधिमा समितिको वैठक १७ पटक वसेको थियो। आगामी वर्ष समिति अझ सशक्त र प्रभावकारी ढंगले आफनो जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता पनि यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

**माननीय सभामुख महोदय,**

समितिलाई सक्रिय, सशक्त र प्रभावकारी वनाउन माननीय सभामुख महोदयले खेल्नु भएको अभिभावकीय भूमिकाको लागि समितिको सभापतिको हैसियतले माननीय सभामुखज्यू प्रति धेरै आभार एवं धन्यवाद ज्ञापन गर्न चाहन्छु र भविष्यमा पनि यस्तै अभिभावकीय भूमिकाको अपेक्षा पनि गरेकोछु।

साथै माननीय उपसभामुखले खेल्नु भएको सकारात्मक सहयोग प्रति पनि उत्तिकै आभार एवं धन्यवाद ज्ञापन गर्न चाहन्छु।

समितिको काममा सूचना तथा निर्णय एवं कागजात समयमै उपलव्ध गराई तथा समितिका वैठकमा उपस्थित भएर आफना धारणा राख्ने माननीय मन्त्रीज्यूहरु लगायतका सवै उच्च पदाधिकारीलाई पनि धन्यवाद दिन चाहन्छु।

समितिको कामलाई सशक्त र प्रभावकारी ढंगले अगाडि वढाई समितिको ईज्जत र प्रतिष्ठा उच्च र मर्यादित वनाउन महत्वपूर्ण भूमिका खेल्नु हुने समितिका सवै माननीय सदस्यज्यूहरु र सचिवालयका कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु।

समितिका कामकारवाहीहरुलाई आम जनतासमक्ष सशक्त ढंगले पुर्याई सहयोग गर्नुहुने प्रेस तथा मिडियाका साथीहरु र समितिलाई समय समयमा आफनो अनुभव र ज्ञान तथा राय सुझाव दिनुहुने विभिन्न संस्था तथा व्यक्तहरुलाई पनि विशेष धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

मितिः २०७६।२।१७

(न्हुक्षे नारायण श्रेष्ठ)
सभापति

# प्रदेश सभा
# सार्वजनिक लेखा समिति

**सभापति**

माननीय न्हुछे नारायण श्रेष्ठ

सदस्यहरुः

| क्र.सं. | नाम थर |
|---|---|
| १ | मा. ओम बहादुर ग्लान |
| २ | मा. कृष्ण प्रसाद शर्मा खनाल |
| ३ | मा. गणेश दुलाल |
| ४ | मा. चन्द्र बहादुर लामा |
| ५ | मा. जीवन खड्का |
| ६ | मा. जीवन डंगोल |
| ७ | मा. दीपक निरौला |
| ८ | मा. देवकी श्रेष्ठ |
| ९ | मा. पशुपति चौलागाई |
| १० | मा. प्रेम बहादुर तामाङ्ग |
| ११ | मा. विनोद खड्का |
| १२ | मा. वेलीमैयाँ घले |
| १३ | मा. भिमशेन खत्री |
| १४ | मा. मुनु सिग्देल |
| १५ | मा. रमेश पौडयाल |
| १६ | मा. रत्न प्रसाद ढकाल |
| १७ | मा. रिता माझी |
| १८ | मा. सन्त बहादुर प्रजा |
| १९ | मा. सीता अधिकारी |
| २० | मा. हिमाली गोले |
| २१ | श्री टेकेन्द्र अधिकारी -समिति सचिव |

# विषय सूची

पृष्ठ संख्या


| | |
|---|---|
| परिच्छेद– १ | १ |
| प्रारम्भिक | १ |
| १.१ पृष्ठभूमिः | १ |
| १.२ समितिको गठनः | २ |
| १.३ समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकारः | २ |
| १.४. समितिको कार्यविधिः | ३ |
| १.५ उपसमितिहरुको गठनः | ३ |
| १.५ सीमाः | ३ |
| परिच्छेद– २ | ४ |
| २.१ समितिबाट सम्पादित मुख्य कार्यहरुः | ४ |
| २.२ समितिबाट भएका सेमिनार/गोष्ठि तथा अर्न्तक्रिया कार्यक्रमहरुः | ४ |
| परिच्छेद-३ | ६ |
| समितिका निर्णय एवं निर्देशनहरु | ६ |
| परिच्छेद-४ | १४ |
| समितिको मूल्याङ्कन एवं देखिएका समस्याहरु | १४ |
| परिच्छेद-५ | १५ |
| सुझावहरु एवं निष्कर्ष | १५ |
| ५.१ सुझावहरुः | १५ |
| ५.२ निष्कर्षः | १५ |
| अनुसूची -१ | |
| सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०७५ | १६ |
| अनुसूची -२ | |
| उपसमितिको गठन, कार्यक्षेत्र तथा कार्यहरु | २६ |
| अनुसूची -३ | |
| प्रदेश इन्धन खर्च सम्बन्धी छानबिन उपसमितिको प्रतिवेदन | २७ |
| अनुसूची -४ | |
| प्रदेश सरकारका योजनाहरुको स्थलगत अनुगमन, अवलोकन र निरीक्षण उपसमितिहरुको प्रतिवेदन | ३१ |
| अनुसूची-५ | |
| समिति बैठकमा माननीयहरुको उपस्थिति | ६० |

## परिच्छेद– १
## प्रारम्भिक

### १.१ पृष्ठभूमिः

सार्वजनिक लेखा समिति प्रदेश सभाको एउटा महत्वपूर्ण विषयगत समिति हो। सरकारी कोषको खर्च सभाले स्वीकृत गरे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो। यस हिसावले सार्वजनिक लेखा समितिलाई सार्वजनिक कोषको प्रमुख संरक्षकको रुपमा अंगिकार गरेको देखिन्छ। नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ साल देखिनै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०४७ मा पनि सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो। नेपालको संविधानको धारा १९३ अनुसार प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले नियमावली बमोजिम आवश्यकतानुसार समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था गरिएको छ।

संविधानले दिएको यहि अधिकार प्रयोग गरी प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति तथा उद्योग, पर्यटन तथा वातावरण समिति गठन भएका छन। सार्वजनिक लेखा समितिमा सभामुखले सभाको सहमति लिई मनोनित गरेका बढीमा २२ जना सदस्यहरू रहने व्यवस्था छ। समितिका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेको व्यक्ति समितिको सभापति हुने व्यवस्था छ। समितिको बैठक बस्न सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यको उपस्थिति आवश्यक पर्छ। कुनै पनि निर्णय गर्नका लागि उपस्थित सदस्य संख्याको बहुमत आवश्यक पर्छ। प्रदेश सभा नियमावलीले गरेको व्यवस्था अनुसार यस समितिको कार्यक्षेत्र अन्तर्गत सार्वजनिक लेखा सम्बन्धी जाँच गर्नु तोकिएको छ। समितिको वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरु प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने व्यवस्था रहेको छ।

बिषयगत समितिहरुले गर्ने कार्यहरु मध्ये प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका कार्यालयहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र यससँग सम्बन्धित अन्य क्रियाकलापको मूल्यांकन गरी राजस्व व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने बैकल्पिक नीति र बार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा, मन्त्रिपरिषदका सदस्यहरूले प्रदेश सरकारको तर्फबाट सभामा समय समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न प्रदेश सरकारद्वारा के कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा, विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पतिको हिनामिना भए, नभएको, प्रदेश सरकारद्वारा प्रचलित ऐन,

नियम अनुरूप भए गरेको छ, छैन विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पतिको हिनामिना भए, नभएको अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने तथा प्रदेश सरकारद्वारा समय समयमा गठन हुने छानविन वा जाँचबुझ आयोग वा समितिहरूद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन मन्त्रालय, कार्यालयहरूबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने कार्य समेत समितिले गर्दछ।

**१.२ समितिको गठनः**

नेपालको संबिधानको धारा १९३ बमोजिम प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ मा व्यवस्था भए अनुसार प्रदेश सभाको मिति २०७४ फागुन १५ गते बसेको बैठकको सहमति बमोजिम माननीय सभामुखबाट यस समितिका सदस्यहरुको मनोनयन भएको थियो। माननीय सभामुखले प्रदेश सभाको सहमति लिई पदेन सदस्य बाहेक बढीमा बाइस जना सदस्यहरु मनोनयन गर्ने कानुनी व्यवस्था अनुसार यस समितिमा हाल सभापति सहित एक्काईस जना मा. सदस्यहरु रहनु भएको छ। माननीय न्हुक्षे नारायण श्रेष्ठ यस समितिको सभापति हुनुहुन्छ।

**१.३ समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकारः**

प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ (१) बमोजिम समितिको कार्यक्षेत्र निम्न बमोजिम रहेको छ।

१. सार्वजनिक लेखा सम्बन्धी।

प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ बमोजिम विषयगत समितिको काम कर्तव्य अधिकार निम्न बमोजिम रहेको छ।

१. मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यससँग सम्बन्धित क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
२. मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरूको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरीका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,
३. मन्त्रिपरिषदका सदस्यहरूले प्रदेश सरकारको तर्फबाट बैठकमा समय–समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न प्रदेश सरकारद्वारा के–कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,
४. विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने{,

५. प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका काम कारबाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

६. प्रदेश सरकारद्वारा समय–समयमा गठन हुने छानबिन आयोग/समिति र जाँचबुझ आयोग/समितिहरूद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिन,

७. मन्त्रालय, विभाग र अन्य निकायहरूबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

८. बैठकले सुम्पेको अन्य काम गर्ने,

९. समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने, र

१०. तोकिए बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरूसँग समेत विचारको आदान–प्रदान गर्ने ।

**१.४. समितिको कार्यविधिः**

समितिले आफुलाई तोकिएको जिम्मेवारी सम्पादन गर्न देहाय बमोजिमको कार्यविधि अपनाएको थियो।

१. प्रदेश सरकारको नीति, योजना, कार्यक्रम, आम्दानि र खर्च कारोवार तथा उपलब्धिको जाँच तथा प्रचलिन कानूनको अध्ययन,

२. आफ्नो कार्यक्षेत्रसंग सम्वन्धित विषयमा विभिन्न मन्त्रालय र निकाय एवं सरोकारवालाहरुसंग छलफल र अन्तरक्रिया,

३. स्थलगत अध्ययन भ्रमण,

४. उपसमिति गठन गरी अध्ययन अनुसन्धान।

**१.५ उपसमितिहरुको गठनः**

सार्वजनिक लेखा समितिको काम कारवाहीलाई सहयोग पुर्याउन बिभिन्न उपसमितिहरुको गठन गरिएको छ। उपसमितिको गठन, कार्यक्षेत्र तथा कार्यहरु अनुसूची -१ मा उल्लेख गरिएको छ।

**१.५ सीमाः**

संघीयताको पहिलो अभ्यास अन्तर्गत प्रदेश सभाको गठन हुनु, प्रदेश सभाको विगतको अनुभवको अभाव हुनु, नयाँ व्यवस्थापनमा कार्य प्रारम्भ हुनु, मन्त्रालयको कार्य जिम्मेवारीमा केन्द्र सरकार र प्रदेश सरकारको स्पष्ट खाका आउन नसक्नु, प्रदेश सरकारका आफ्ना कार्यक्रम तथा सञ्चालित आयोजना तथा परियोजनाको कमि हुनु, अनुगमनकार्यको लागि प्रयाप्त वजेट नहुनु, राजधानीको स्थायित्व नहुँदा माननीयहरुको समयको उपलब्धतामा कमि हुनु, सीमित स्रोत साधन र जनशक्ति समेतले समितिको प्रभावकारी कार्य सम्पादनमा असहजता ल्याएकोले यसलाई प्रतिवेदनको सीमाका रुपमा लिन सकिन्छ।

## परिच्छेद– २

### २.१ समितिबाट सम्पादित मुख्य कार्यहरुः

समितिको कार्य क्षेत्र भित्रका विषयमा केन्द्रीत रहि समितिले विभिन्न छलफलहरु गरेको थियो। सार्वजनिक खर्चको वारेमा उठेका चासोका विषयहरुका साथै मन्त्रालय/कार्यालय मार्फत हुनु पर्ने कार्यहरु मितव्ययी र प्रभावकारी रुपमा सम्पादन भए नभएको साथै मन्त्रालय/कार्यालयहरुको काम कारवाहीलाई जनता प्रति उत्तरदायी तुल्याउन समितिमा छलफल, स्थलगत भ्रमण र आवश्यक निर्देशन दिएको थयो। समितिको जिम्मेवारी भित्र रहेको विषयलाई गहन रुपमा हेर्ने गरी विभिन्न समयमा उपसमितिहरु गठन तथा कार्यशाला/परामर्श, सेमिनार र गोष्ठीहरु सञ्चालन गरिएको थियो। प्रदेशको इन्धन खर्च सम्बन्धी छानविन गर्न उपसमिति गठन गरी सो को प्रतिवेदन बमोजिम सम्बन्धित निकायमा निर्देशन दिने कार्य गरेको, सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०७५ तयार गरेको, प्रदेश सरकारबाट सञ्चालित योजनाहरुको स्थलगत अनुगमन, अवलोकन र निरीक्षण गरी प्रतिवेदन बमोजिम सम्बन्धित निकायमा निर्देशन दिने कार्य गरेको छ।

### २.२ समितिबाट भएका सेमिनार/गोष्ठि तथा अर्न्तक्रिया कार्यक्रमहरुः

- प्रदेश सार्वजनिक लेखा समितिको काम कर्तव्य र अधिकार सम्बन्धी अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम मिति २०७५।२।५ गते होटल एभोकाडो, हेटौडामा सञ्चालन।
  - सहभागिहरुः
    - माननीय सभामुख
    - माननीय आर्थिक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेल
    - प्रमुख प्रतिपक्षी दलका नेता माननीय ईन्द्र वहादुर वानियाँ
    - माननीय सभापति, सार्वजनिक लेखा समिति
    - सार्वजनिक लेखा समितिका माननीय सदस्यहरु
  - कार्यक्रम प्रस्तोताः

| क्र.सं. | श्रोत व्यक्तिको नाम थर | प्रस्तुतिकरणको विषय |
|---|---|---|
| १ | मा. विरोध खतिवडा, सदस्य, संघिय संसद | सार्वजनिक लेखा समितिको सदस्य तथा विभिन्न उपसमितिको संयोजक हुँदाको अनुभवको प्रस्तुति एवं छलफल |
| २ | श्री श्रीधर सापकोटा, पूर्व सचिव | भ्रष्टाचार नियन्त्रण आजको आवश्यकता र लेखा समितिको भूमिका |
| ३ | श्री सोम वहादुर थापा, पूर्व सचिव | सार्वजनिक लेखा समितिको प्रारम्भीक अनुभव र अन्तर्राष्ट्रिय अभ्यास तथा महालेखा परीक्षकको प्रतिवेदन र सार्वजनिक लेखा |
| ४ | श्री खेमप्रसाद दाहाल, पूर्व उप महालेखापरीक्षक | महालेखा परीक्षक र सार्वजनिक लेखा समितिको सम्बन्ध |
| ५ | श्री जीवन पौडेल, चार्टड एकाउन्टेन्ट | संघीय संरचना अन्तरगत प्रदेश सरकारको आय व्यय तथा सार्वजनिक खरिद व्यवस्थापन |

- सार्वजनिक लेखा समितिको आयोजनामा मिति २०७६।२।१२ र १३ गते होटल सारथी, धुलिखेलमा वित्तिय अनुशासन र मितव्ययिता सम्वन्धि अन्तर्क्रिया कार्यक्रम सञ्चालन।
    - सहभागिहरुः
        - माननीय सभामुख
        - माननीय सभापति
        - सार्वजनिक लेखा समितिका माननीय सदस्यहरु
    - कार्यक्रम प्रस्तोताः

| क्र.सं. | श्रोत व्यक्तिको नाम थर | प्रस्तुतिकरणको विषय |
|---|---|---|
| १ | श्री डोर प्रसाद उपाध्याय, पुर्व सभापति, सार्वजनिक लेखा समिति, संघीय संसद | सार्वजनिक लेखा समितिको क्षेत्राधिकार तथा समिति सञ्चालन सम्बन्धमा अनुभव आदान प्रदान |
| २ | श्री रामु प्रसाद डोटेल, उपमहालेखा परीक्षक | लेखापरीक्षणको अर्थ, महालेखाको काम, दायरा, कार्यविधि तथा वित्तिय अनुशासन र मितव्ययीता |
| ३ | श्री सोम वहादुर थापा, पूर्व सचिव संघीय संसद | सार्वजनिक लेखा समितिको काम कर्तव्य र अधिकार तथा सार्वजनिक लेखा समितिबाट नियमित तथा आकस्मिक रुपमा संचालन गर्नुपर्ने अनुगमन तथा छानबिनका तथा सोको प्रतिवेदन |

## परिच्छेद-३

## समितिका निर्णय एवं निर्देशनहरु

### बैठक संख्याः १

### मितिः २०७४/१२/१५

१. प्रदेश नं. ३ को प्रदेश सभा अन्तर्गतको सार्वजनिक लेखा समितिको सभापति पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको सूचना एउटामात्र प्राप्त भएकोले प्रदेश नं. ३ को प्रदेश सभा नियमावली, २०७४ को नियम १४९ को उपनियम (५) बमोजिम सार्वजनिक लेखा समितिको सभापतिको पदमा माननीय श्री न्हुक्षे नारायण श्रेष्ठ निर्विरोध निर्वाचित हुनु भयो।

### बैठक संख्याः २

### मितिः २०७४/१२/१६

१. प्रदेश नं. ३ को प्रदेश सभा अन्तर्गतको सार्वजनिक लेखा समितिको भावी कार्यदिशा निर्देशन गर्न देहाय बमोजिमको ५ सदस्यीय उपसमिति गठन गरीयो।

| | | |
|---|---|---|
| माननीय दिपक निरौला | - | संयोजक |
| माननीय गणेश दुलाल | - | सदस्य |
| माननीय चन्द्र लामा | - | सदस्य |
| माननीय सिता अधिकारी | - | सदस्य |
| माननीय सन्तबहादुर प्रजा | - | सदस्य |

### बैठक संख्याः ३

### मितिः २०७५/०२/०२

१. सार्वजनिक लेखा समितिको अन्तर्गत बार्षिक कार्यक्रम तथा बजेट निर्माणको खाका तयार गर्न निम्नानुसारको ५ सदस्यीय उपसमिति गठन गरीयो।

| | | |
|---|---|---|
| माननीय रमेश पौड्याल | - | संयोजक |
| माननीय जीवन डंगोल | - | सदस्य |
| माननीय बेलीमैया घले | - | सदस्य |
| माननीय मुनु सिग्देल | - | सदस्य |
| माननीय रत्न प्रसाद ढकाल | - | सदस्य |

२. प्रदेश नं. ३ का आर्थिक मामिला तथा योजना मन्त्रीले चालु आ.ब.को लागि मिति २०७५ बैशाख १४ गतेको प्रदेश सभामा पेश भई पारित भई सकेको आय व्यय विवरणको पेस्तिकामा निम्न शिर्षकहरुमा छुटयाईएको ठूलो बजेट सम्बन्धी पुष्टयाई सहित मिति २०७५ साल जेठ ४ गते बिहान ८ बजेको बैठकमा उपस्थित हुनु हुन पत्राचार गर्ने।

<u>शिर्षकहरु</u>

१. भैपरी आउने चालु खर्च (बजेट शिर्षक नं. २८९००, २८९१०, २९९११)
२. भैपरी पूँजीगत खर्च (बजेट शिर्षक नं. ३१५००, ३१५१०, ३१५११)
२. बिबिध (बजेट शिर्षक नं. २२७००, २२७१०, २२७११)

**बैठक संख्याः ४**

**मितिः २०७५/०२/०४**

१. माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाश प्रसाद ढुङ्गेललाई प्रदेश सरकारको आ.व. २०७४ / ०७५ को आय व्यय विवरणमा ठूलो रकम अबण्डा शिर्षकमा राखिएकोमा सो बजेटलाई पुष्टि गर्न माननीय मन्त्रीज्यूले बजेट खर्च गर्ने निश्चित मापदण्ड बनाईएको तथा खर्च गर्न नसकेमा सो रकम स्वत आगामी बजेटमा समेटिने ब्यहोरा स्पष्ट पार्नुभयो।

**बैठक संख्याः ५**

**मितिः २०७५/०२/१४**

१. प्रदेश नं ३ को प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ मा सार्वजनिक लेखा समितिको कार्य क्षेत्र उल्लेख भएकोमा उक्त कार्यक्षेत्र अर्पयाप्त महशुस गरी कार्यक्षेत्रमा “महालेखा परीक्षकको प्रतिवेदन” सम्बन्धी बिषय थप गर्न लगाउने।

**बैठक संख्याः ६**

**मितिः २०७५/०३/०७**

१. यस सार्वजनिक लेखा समितिको काम कारबाही सुव्यवस्थित मर्यादित र अनुशासित रुपमा संचालन गर्न समिति सञ्चालन कार्यविधि, २०७५ निर्माण गरी एक महिना भित्र यस समितिमा पेश गर्ने गरी माननीय श्री मुनु सिग्देलको संयोजकत्वमा ५ सदस्य रहेको उपसमिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| माननीय मुनु सिग्देल | - | संयोजक |
| माननीय रमेश पौड्याल | - | सदस्य |
| माननीय सिता अधिकारी | - | सदस्य |
| माननीय रिता माझी | - | सदस्य |
| माननीय भीमसेन खत्री | - | सदस्य |

**बैठक संख्याः ७**

**मितिः २०७५/०४/२९**

१. आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवलाई आ.व २०७४/७५ को खर्च विवरण सहित प्रस्तुत हुन अनुरोध सहितको पत्र पठाउने।

२. समिति सञ्चालन कार्यविधि, २०७५ निर्माण गर्न गठित उपसमितिको म्याद एक महिना थप गर्ने

**बैठक संख्याः ८**

**मितिः २०७५/०८/०४**

१. आव ०७४/७५ को खर्चको विवरण सम्बन्धमा प्रदेश नं ३ का मन्त्रालयहरुबाट प्राप्त आर्थिक बिबरणहरु अभिलेखिकरण गरी गत आ.व.को अवण्डा शिर्षकमा रहेको बजेटलाई आ.व. ०७५/७६ को बजेटमा समाविष्ट गरिएका साथै पुजिगत खर्चलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सभापतिले निर्देशन दिनुभयो।

२. प्रदेशको इन्धन खर्च सम्बन्धी छानविन गर्न ५ सदस्यीय उपसमिति गठन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न निर्देशन दिनुभयो। उपसमिति सदस्यहरुको नामावली

तपसिल

| | | |
|---|---|---|
| माननीय रमेश पौड्याल | - | संयोजक |
| माननीय ओम बहादुर ग्लान | - | सदस्य |
| माननीय जीवन डंगोल | - | सदस्य |
| माननीय देवकी श्रेष्ठ | - | सदस्य |
| माननीय रिता माझी | - | सदस्य |

३. सार्वजनिक लेखा सञ्चालन कार्यविधि, २०७५ को स्वीकृति माननीय सभामुखको अनुमति बमोजिम आगामी बैठकमा गरिने।

**बैठक संख्याः ९**

**मितिः २०७५/०९/१२**

१. सार्वजनिक लेखा समितिको प्रदेश इन्धन खर्च सम्बन्धी छानविन गर्न गठित उपसमितिको म्याद गठन भएको मिति २०७५/०८/१० गते देखि १५ दिन तोकिएकोमा उक्त समितिको म्याद आजको मितिले एक महिना थप गरिने।

२. मिति २०७५/३/०७ गते बसेको सार्वजनिक लेखा समितिको निर्णयानुसार सार्वजनिक लेखा समितिको काम कारबाही सुव्यवस्थित मर्यादित र अनुशासित रुपमा संचालन गर्न ( समिति सञ्चालन कार्यविधि, २०७५) निर्माण गर्न गठित उपसमितिले बुझाएको सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०७५ मिति २०७५/०९/१२ गते बसेको सार्वजनिक लेखा समितिको आठौ बैठकले पारित गरियो।

**बैठक संख्याः १०**

**मितिः २०७५/१२/१८**

१. सार्वजनिक लेखा समितिको प्रदेश इन्धन खर्च सम्बन्धी छानविन गर्न गठित उपसमितिको म्याद गठन भएको मिति २०७५/०८/१० गते देखि पन्ध्र (१५) दिन रहेको र मिति २०७५/०९/१२ गते बसेको बैठकको निर्णय अनुसार पहिलो पटकको लागि मिति २०७५/०९/१२ गतेबाट मिति २०७५/१०/१२ गतेसम्म एक महिनाको म्याद थप भएकोमा थप छानविनको लागि पुनः दास्रो पटकको लागि मिति २०७५/१२/१८ गते बसेको बैठकले मिति २०७५/१०/१२ देखि २०७५/१२/०१ सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो।

२. सार्वजनिक लेखा समितिको प्रदेश इन्धन खर्च सम्बन्धी छानविन गर्न गठित उपसमितिको प्रतिवेदनमाथि छलफल हुँदा उक्त प्रतिवेदनको अनुसूचिमा थप सुधार गर्ने निर्णय पारित गरियो।

## बैठक संख्याः ११

## मितिः २०७५/१२/२०

१. प्रदेश नं ३ सरकारबाट आ व २०७५/७६ मा सञ्चालन भएका योजना कार्यान्वयन चुस्त दुरुस्त र पारदर्शी भए नभएको सम्बन्धमा स्थलगत अनुगमन, अवलोकन र निरीक्षण गरी मिति २०७६ साल वैशाख २५ गते सम्ममा समितिमा प्रतिवेदन पेश गर्ने गरी देहाय अनुसारको चार (४) वटा उपसमिति गठन गर्ने निर्णय गरियो। साथै उक्त समितिलाई आवश्यक यातायात व्यवस्था र दैनिक भ्रमण भत्ताको लागि प्रदेश सभा सचिवालयलाई अनुरोध गर्ने निर्णय गरियो।

२. प्रदेश इन्धन खर्च सम्बन्धी छानविन गर्न गठित उपसमितिको काम कारवाहीलाई उच्च मूल्याङ्कन गर्दै उपसमितिका संयोजक, सदस्यहरु र सचिव लगायतका अन्य सहभागी कर्मचारीहरुलाई यो समिति धन्यवाद ज्ञापन गर्दछ। साथै प्रतिवेदनमाथिको व्यापक छलफलबाट उक्त प्रतिवेदनमा त्रुटी देखिएका मन्त्रालय र कार्यालयहरुलाई नियमानुसार व्यबस्थित गर्न निर्देशन दिने निर्णय गरियो।

३. माननीय उपसभामुखज्यूले प्रयोग गर्नुभएको TATA SUV गाडीको सम्बन्धमा छलफल गर्दा उक्त गाडी फिर्ता भई सचिवालय भित्र रहेको अवलोकनबाट देखिएता पनि त्यस सम्बन्धी प्रमाणित कागजात प्राप्त नभकोले सो को प्रमाणित कागजात सहित अभिलेख राख्न लगाउर्ने निर्णय गरियो।

४. भौत्तिक पूर्वाधार विकास मन्त्रालयले इन्धन कार्यालय प्रयोजन तर्फ गरेको खर्च र निकासामा फरक पर्न गएको र उक्त फरक पर्न गएको प्रमाणित कागजात उपसमितिलाई उपलब्ध गराउन नसकेको देखिएकोले भौत्तिक पूर्वाधार विकास मन्त्रालयका सचिव र लेखा अधिकृतलाई पुष्टयाईको लागि सार्वजनिक लेखा समितिको मिति २०७५/१२/२७ गते आइतबार दिनको १.०० बजे बस्ने बैठकमा बोलाउने निर्णय गरियो।

प्रदेश सरकार मार्फत निम्न जिल्लामा सञ्चालित योजनाहरुको स्थलगत अनुगमन, अवलोकन तथा निरीक्षण गर्न गठित चार वटा उपसमितिहरु तपशिल बमोजिम रहेका छन्।

उपसमिति १. अनुगमन स्थलः मकवानपुर, चितवन र धादिङ्ग

तपसिल

| | | |
|---|---|---|
| माननीय मुनु सिग्देल | - | संयोजक |
| माननीय ओम बहादुर ग्लान | - | सदस्य |
| माननीय बेली मैया घले | - | सदस्य |
| माननीय सन्त बहादुर प्रजा | - | सदस्य |
| माननीय कृष्ण शर्मा खनाल | - | सदस्य |

उपसमिति २. अनुगमन स्थलः काठमाडौं, भक्तपुर, ललितपुर, नुवाकोट र रसुवा

तपसिल

| | | |
|---|---|---|
| माननीय दिपक निरौला | - | संयोजक |
| माननीय देवकी श्रेष्ठ | - | सदस्य |
| माननीय गणेश प्रसाद दुलाल | - | सदस्य |

मानननीय जीवन खड्का - सदस्य
मानननीय प्रेम बहादुर तामाङ्ग - सदस्य
मानननीय भीमसेन खत्री - सदस्य

उपसमिति ३. अनुगमन स्थलः काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र दोलखा

तपसिल

मानननीय चन्द्र बहादुर लामा - संयोजक
मानननीय रमेश पौड्याल - सदस्य
मानननीय पशुपति चौलागाई - सदस्य
मानननीय रत्न प्रसाद ढकाल - सदस्य
मानननीय हिमाली गोले - सदस्य

उपसमिति ४. अनुगमन स्थलः रामेछाप र सिन्धुली

तपसिल

मानननीय विनोद खड्का - संयोजक
मानननीय रिता माझी - सदस्य
मानननीय सीता अधिकारी - सदस्य
मानननीय जीवन डंगोल - सदस्य

**बैठक संख्याः १२**

**मितिः २०७५/१२/२७**

१. प्रदेश इन्धन खर्च सम्बन्धी छानविन गर्न गठित उपसमितिको प्रतिवेदन अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयमा देखिएको इन्धन खर्च सम्बन्धीको त्रुटीका बारेमा सम्बन्धित मन्त्रालयका सचिव र लेखा अधिकृतसँग छलफल गर्दा भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च निकासा २०७५ कार्तिक महिना सम्मको इन्धन कार्यालय प्रयोजनमा अनुसार हुनुपर्नेमा प्रदेश लेखा नियन्त्रक कार्यालयको फाँटवारीमा अन्यथा भई त्रुटी देखिएको र उक्त मन्त्रालयको निकासा समायोजन भुक्तानी पत्र अनुसार खर्च समायोजन भई हिसाव मिलान भएको भन्ने व्यहोरा सहितको प्रमाणित पत्र प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको र उक्त विषयमा कुनै पनि कार्वाही गर्नुपर्ने आवश्यक नदेखिनेले आगामी दिनमा यस्ता कमी कमजोरी नदोहोर्याउन निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो।

२. आमामी दिनमा प्रत्येक मन्त्रालय / निकाय / कार्यालयले सार्वजनिक लेखा समितिले तयार गरेको खाँका अनुसार अनिवार्य रुपमा स्पष्ट एवं पारदर्शी ढंगबाट अभिलेख राख्न लगाउने निर्णय गरियो।

३. प्रदेश सरकार मार्फत सञ्चालित आयोजनाहरुको स्थलगत अनुगमन अवलोकन र निरीक्षण गरी मिति २०७५ बैशाख २५ गते सम्ममा प्रतिवेदन पेश गर्ने गरी मिति २०७५/१२/२० गते गठित सदस्यहरुको खर्च ब्यवस्थापन सम्बन्धमा सम्बन्धमा प्रदेश सभा सचिवालय र लेखा शाखासँग छलफल गर्दा चारवटै उपसमितिले छुट्टाछुट्टै कार्यक्रम बनाएर स्थलगत अनुगमन अवलोकन र निरीक्षणमा जानु पर्ने

र उक्त कार्यक्रमको व्ययभार सचिवालयले ब्यहोर्ने भन्ने प्रदेश सभा सचिवालय र लेखा शाखाको राय भएकोले उक्त कार्यक्रमको खाँका तयार गर्न समितिका सभापति तथा उपसमितिका संयोजक र सचिवलाई सोको जिम्मेवारी दिने निर्णय गरियो।

**बैठक संख्याः १३**

**मितिः २०७६/०१/०४**

१. प्रदेश सरकार मार्फत सञ्चालित योजनाहरुको स्थलगत अनुगमन, अवलोकन तथा निरीक्षण गर्न मिति २०७५/१२/२० गते गठित सार्वजनिक लेखा समितिको चार वटा उपसमितिको कार्यक्रमका सम्बन्धमा छलफल गर्दा मिति २०७५/१२/२७ गतेको निर्णयानुसार चार वटै उपसमितिको छुट्टा छुट्टै कार्यक्रमको व्ययभार प्रदेश सभा सचिवालयले व्यहोर्ने भन्ने प्रदेश सभा सचिवालय एवं लेखा शाखा दुवैको राय भएकोले सार्वजनिक लेखा समितिका सभापति, सचिव र सो मातहत गठित चार वटै उपसमितिका सचिवले संयुक्त रुपमा तयार पारेको देहाय अनुसारको अनुमानित खर्च विवरणसहितको खाका यसै निर्णयसाथ संलग्न गरी टिप्पणी सदरको लागि माननीय सभामुख समक्ष पेश गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रमको लागि पेश भएको अनुमानित खर्च पेश्कि स्वरुप लेखा शाखासँग माग गर्ने निर्णय गरियो।

२. योजना अनुगमन, अवलोकन र निरीक्षणमा जाने चार वटै उपसमितिको व्यवस्थापन सम्बन्धमा छलफल गर्दा योजना अध्ययनको विषय एवं क्षेत्रको स्पष्टता सम्बन्धी आवश्यक मापदण्ड एवं खाका तयार गर्ने, उपसमितिका सदस्यहरुको सुरक्षा व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउने, योजनाको अनुगमन कार्यमा समन्वय गर्न जिल्ला समन्वय समिति र स्थानिय सरकारका प्रतिनिधिलाई पत्राचार गर्ने, उपभोक्ता समिति एवं स्थानीय जनतासँगको सम्पर्क लगाएतका आवश्यक अन्य कार्य उपसमितिका संयोजक, सदस्यहरु र सदस्य सचिवले गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

३. सार्वजनिक लेखा समितिको आ.व २०७५/७६ को बार्षिक प्रतिवेदन सम्बन्धमा छलफल गर्दा बार्षिक प्रतिवेदन लेखन कार्यका लागि माननीय रमेश पौड्यालको संयोजकत्वमा तपसिल बमोजिमको ७ सदस्य प्रतिवेदन मस्यौदा उपसमिति गठन गर्ने निर्णय गरियो।

तपसिल

| | | |
|---|---|---|
| माननीय रमेश पौड्याल | - | संयोजक |
| माननीय दीपक निरौला | – | सदस्य |
| माननीय मुनु सिग्देल | – | सदस्य |
| माननीय चन्द्र बहादुर लामा | – | सदस्य |
| माननीय विनोद खड्का | – | सदस्य |
| माननीय सिता अधिकारी | – | सदस्य |
| माननीय जीवन डंगोल | – | सदस्य |

४. सार्वजनिक लेखा समितिको आ.व २०७६/७७ को कार्यक्रमको बार्षिक बजेट सम्बन्धमा छलफल गर्दा समितिले आ.व २०७६/७७ मा गर्ने सम्पूर्ण कार्यक्रमको लागि आवश्यक पर्ने बजेटको अनुमानित खाँका समितिका सभापतिले पेश गर्ने र सो सम्बन्धमा आगामी बैठकमा छलफल गरी उक्त खाका सचिवालयलाई पेश गर्ने निर्णय गरियो।

**बैठक संख्याः १४**

**मितिः २०७६/०१/३१**

१. प्रदेश सरकारबाट आ.व. २०७५/७६ मा सञ्चालन भएका योजनाहरुको कार्यान्वयन चुस्त दुरुस्त र पारदर्शी रुपमा भए नभएको सम्बन्धमा स्थलगत अनुगमन, अवलोकन र निरीक्षण गर्न गठित उपसमितिहरुले मिति २०७६ साल जेष्ठ ८ गते सम्ममा समितिमा प्रतिवेदन पेश गर्ने गरी म्याद थप गर्ने र उक्त समय सम्ममा प्रतिवेदन बुझाउने निर्णय गरियो।
२. सार्वजनिक लेखा समितिको बार्षिक प्रतिवेदन लेखन उपसमितिले मिति २०७६ साल जेष्ठ १५ गते सम्ममा समितिमा प्रतिवेदन पेश गर्ने गरी लेखन कार्य अघि बढाउन निर्देशन दिने निर्णय गरियो।
३. आ.ब. २०७६/०७७ को लागि सार्वजनिक लेखा समितिको बार्षिक बजेट तथा कार्यक्रमको खाका तयार गर्ने जिम्मेवारी प्रतिवेदन लेखन उपसमितिलाई दिने निर्णय गरियो।

**बैठक संख्याः १५**

**मितिः २०७६/०२/८**

१. प्रदेश सरकारबाट आ.व. २०७५/७६ मा सञ्चालित योजनाहरुको कार्यान्वयन सम्बन्धमा स्थलगत अनुगमन, अवलोकन र निरीक्षण गर्न गठित चार वटा उपसमितिहरुले पेश गरेको प्रतिवेदन पारित गर्ने निर्णय गरियो।
२. प्रदेश सरकारबाट आ.व. २०७५/७६ मा सञ्चालन भएका योजनाहरुको कार्यान्वयन चुस्त दुरुस्त र पारदर्शी रुपमा भए नभएको सम्बन्धमा स्थलगत अनुगमन, अवलोकन र निरीक्षण गर्न गठित उपसमितिहरुले पेश गरेको प्रतिवेदनमा उल्लेखित सुझावहरुका सम्बन्धमा छलफल गर्न माननीय मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रमुख सचिव, मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयलाई मिति २०७६/२/९ गते बिहान ८ बजे बस्ने समितिको बैठकमा बोलाउने निर्णय गरियो।
३. सार्वजनिक लेखा समितिको आयोजना र यु एन डि पि संसद सहयोग परियोजनाको सहकार्यमा मिति २०७६/२/१२ र १३ गते धुलिखेलमा समितिका सदस्यहरुको लागि सार्वजनिक लेखा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।
४. यस प्रदेश अन्तर्गतका सबै स्थानिय तहमा लेखा समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धमा जानकारी गराउन अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**बैठक संख्याः १६**

**मितिः २०७६/०२/९**

१. प्रदेश सरकारबाट आ.व. २०७५/७६ मा सञ्चालित योजनाहरुको कार्यान्वयन सम्बन्धमा स्थलगत अनुगमन, अवलोकन र निरीक्षण गर्न गठित चार वटा उपसमितिहरुले पेश गरेको प्रतिवेदनमा उल्लिखित

समस्या तथा सुझावहरुका सम्बन्धमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाशप्रसाद ढुङ्गेल, प्रमुख सचिव, श्री आनन्दराज ढकाल र नि.सचिव श्री घनश्याम भुसालसंग जानकारी लिईयो।

**बैठक संख्याः १७**

**मितिः २०७६/०२/१५**

१. मिति २०७६/२/१२ र १३ गते सार्वजनिक लेखा समितिको आयोजना र यु एन डि पि संसद सहयोग परियोजनाको सहकार्यमा धुलिखेलमा सञ्चालित सार्वजनिक लेखा सम्बन्धी अन्तर्क्रिया कार्यक्रमको समिक्षा गरियो।

२. समिति अन्तर्गतको बार्षिक प्रतिवेदन लेखन उपसमितिले आजको बैठकमा पेश गरेको समितिको बार्षिक प्रतिवेदनको मस्यौदा उपर छलफल गरी त्यस सम्बन्धमा थप गर्नु पर्ने केहि बिषयहरु भएमा आगामी बैठकमा उक्त बिषयहरु पेश गर्ने निर्णय गरियो।

## परिच्छेद-४

## समितिको मूल्याङ्कन एवं देखिएका समस्याहरु

१. प्रदेश सरकारवाट सञ्चालन हुने आयोजनाहरुको न्यूनतम बजेट सिमा नतोकिएको।

२. प्रदेशका कतिपय योजनाहरुमा लागत सहभागिता नहुँदा योजना कार्यान्वयनमा समस्या देखिएको।

३. वजेट कार्यान्वयनमा संरचनात्मक समस्याका साथै तीन तहका सरकारी नीतिको अन्योलताका कारण पूँजीगत वजेट कार्यान्वयनमा समस्या रहेको।

४. पूर्व स्विकृत योजनाहरुको डि.पी.आर. भई सके पनि प्रदेश सरकारबाट पुनः डि.पी.आर. गराउने गरिएको।

५. स्थानिय तहवाट माग हुने आयोजनाहरु डि.पी.आर. सहित प्रदेश परियोजना वैंकमा समावेश हुनुपर्ने व्यवस्थावाट आयोजना स्वीकृत नहुँदै डि.पी.आर. मा ठूलो रकम खर्च भएको।.

६. प्रदेश सरकारबाट स्थानीय तहसंग समन्वय नगरी योजनाहरु छनौट गरिएको र उक्त योजनाहरु स्थानीय तहको प्राथमिकता अनुरुप नभएको।

७. प्रदेश सरकारको बजेट सिलिङ समयमै प्राप्त नहुदाँ स्थानिय तहको बजेट निर्माणमा समेत अन्योलता देखिएको।

८. सेवा सञ्चालन गर्ने कार्यालयहरु टाढा हुँदा सेवा प्राप्तिमा समस्या।

९. कृषि अनुदान वास्तविक कृषकको हातमा नपुगेको।

१०. उपभोक्ता समिति मार्फत स्थानीय तहमा सञ्चालन हुने कतिपय आयोजनाहरु पारदर्शी तथा प्रभावकारी नभएको।

११. उपभोक्ता समितिबाट सम्पन्न भएका आयोजनाहरु प्रति समिति जिम्मेवार भएको नपाईएको।

१२. सार्वजनिक खरिद ऐन समय सापेक्ष नभएको।

१३. योजना कार्यान्वयन गर्न पर्याप्त र दक्ष कर्मचारीको अभाव रहेको।

१४. प्रदेश र स्थानीय तहको बजेट ल्याईने समयावधि बिचको अन्तर कम रहेकोले वजेट निर्माणमा समस्या रहेको।

## परिच्छेद-५
## सुझावहरु एवं निष्कर्ष

### ५.१ सुझावहरुः

१. आवश्यकताको पहिचान गरी स्थानीय तहसंगको समन्वयमा आयोजना छनौट गर्नुपर्ने, पहुँचको भरमा आयोजना छनौट हुने प्रवृतिको अन्त्य हुनुपर्ने।

२. परियोजना बैंकको अबधारणालाई अनिवार्य रुपमा कार्यान्वयन गर्न स्थानीय तहसंग समन्वय र सहजीकरण गर्नुपर्ने।

३. स्वरोजगार र उत्पादनमुलक उद्योगलाई प्रोत्साहन गर्ने कार्यक्रममा जोड दिनुपर्ने।

४. उपभोक्ता समितिका काम कारबाही पारदर्शी र जिम्मेवारीपूर्ण बनाईनुपर्ने।

५. साझा अधिकारको सूचिको प्रयोगमा रहेको अन्योलता हटाउन आवश्यक कानून निर्माणमा पहल गर्नुपर्ने।

६. प्रदेश सरकार मार्फत सञ्चालित योजना तथा कार्यक्रमको अनुगमनका लागि सम्वन्धित विषय विज्ञ सहितको अनुगमनको व्यवस्था गरिनुपर्ने।

७. प्रदेश सरकारबाट तयार पारिएका योजना तथा कार्यक्रमहरुलाई सहज ढङ्गबाट सञ्चालन गर्न एकिकृत प्रदेश समन्वय इकाई स्थापना गर्नुपर्ने।

८. प्रदेश सरकारवाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको न्यूनतम बजेटको सिमा निर्धारण गर्नुपर्ने।

९. प्रदेश सरकारका योजनाहरु छनौटका आधार तय गरिनु पर्ने। योजनाहरुको वितरण आवश्यकता, औचित्य र भूगोल समेतलाई बिचार गरी न्यायोचित ढङ्गबाट हुनु पर्ने।

१०. कृषिमा दिईने अनुदान वास्तविक किसानसम्म पुग्ने सुनिश्चितता हुनुपर्ने।

११. सार्वजनिक खरिद ऐन समय सापेक्ष नभएकोले प्रदेश सार्वजनिक खरिद ऐन निर्माण गर्नुपर्ने।

१२. प्रदेशले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरु सञ्चालन, कार्यान्वयन  र अनुगमनमा सम्बन्धित निर्वाचन क्षेत्रको प्रदेश सभाका सदस्यहरुको भूमिका सुनिश्चित गरिनु पर्ने।

### ५.२ निष्कर्षः

समितिले प्रदेशको सार्वजनिक लेखा सम्बन्धि विषयहरुमा पटक-पटक बैठकहरु गरेर गहन छलफल चलाएको छ। आवश्यकतानुसार स्थलगत अनुगमन एवं अनियमितताका बिषयमा अध्ययन अनुसन्धान समेत गरेको छ। प्रदेश ३ को समग्र विकासको लागि सरकारले योजना छनौट तथा वितरण प्रक्रियालाई पारदर्शी तुल्याउनु आवश्यक देखिन्छ।योजना छनौट प्रक्रिया Bottom to Top Apporach  का माध्यमबाट गर्ने परिपाटीको सुरुवात गर्नु पर्दछ। सरकारका तीनै तह बीचको आपसी समन्वय र सहकार्यबाट मात्र सम्वृद्ध नेपाल निर्माण गर्न सकिने हुँदा संविधान प्रदत्त एकल तथा साझा अधिकारका क्षेत्रहरुलाई स्पस्टता ल्याई अगाडि बढनु पर्छ।

विद्यमान प्रदेश सभा नियमावलीमा समय सापेक्ष सुधार गरी महालेखापरीक्षकको प्रतिवेदन (प्रदेश सरकार अन्तर्गत) को विषयलाई सार्वजनिक लेखा समितिको कार्य क्षेत्रमा छिट्टै समेटनु जरुरी देखिएको छ।

## अनुसूची -१

## सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०७५

### प्रस्तावनाः

प्रदेश सभा ३, सार्वजनिक लेखा समितिको बैठक र काम कारबाहीहरूलाई व्यवस्थित, मर्यादित, अनुशासित, चुस्त दुरुस्त, छिटोछरितो, पारदर्शी, जवाफदेही र प्रभावकारीरुपले सञ्चालन गर्ने उदेश्यले प्रदेश सभा ३, सार्वजनिक लेखा समितिको मिति २०७५ साल ९ महिनाको १२ गते बसेको बैठकले प्रदेश सभा ३, सार्वजनिक लेखा समिति कार्यसन्चालन कार्यविधि, २०७५ स्वीकृत गरेको छ।

### परिच्छेद १

### प्रारम्भिकः

**१) संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कर्यिविधीको नाम "प्रदेश सभा ३, सार्वजनिक लेखा समिति कार्यसंचालन कार्यविधि, २०७५" रहेको छ।

**२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।** (१) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :–

(क) "आर्थिक मामिला तथा योजना मन्त्री" भन्नाले प्रदेश ३ सरकारको आर्थिक मामिला तथा योजना मन्त्री मन्त्री सम्झनु पर्छ र सो शब्दले प्रदेश ३ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको काम गर्न तोकिएको अन्य कुनै मन्त्री वा राज्यमन्त्री समेतलाई जनाउँछ।

(ख) "टेबुल" भन्नाले समितिको टेबुल सम्झनु पर्छ र सो शब्दले समिति समक्ष कुनै निवेदन, प्रस्ताव, कागजपत्र वा विवरण पेस गर्ने कार्य टेबुल समेतलाई जनाउँछ।

(ग) "पदाधिकारी" भन्नाले प्रदेश सरकारका विभिन्न मन्त्रालय, संस्थाका सचिव वा कार्यकारी प्रमुख वा योजना वा कार्यालयको प्रमुखलाई जनाउँछ।

(घ) "प्रस्ताव" भन्नाले समितिमा कुनै सदस्यद्वारा आफ्नो क्षेत्राधिकारको विषयमा छलफलको लागि पेस गरिएको कुनै निवेदन वा प्रस्ताव सम्झनु पर्छ।

(ङ) "प्रस्तुत कर्ता सदस्य" भन्नाले समितिमा छलफलको लागि निवेदन वा प्रस्ताव प्रस्तुतकर्ता समितिको सदस्य सम्झनु पर्छ।

(च) "विज्ञ वा विशेषज्ञ" भन्नाले समितिले आफ्नो कार्य क्षेत्र अन्तरगतको जिम्मेवारी पूरा गर्ने सम्बन्धमा राय सुझाव लिन समितिको बैठकमा विशेषज्ञको रूपमा आमन्त्रण गरिएको व्यक्तिलाई जनाउँदछ।

(छ) "बैठक" भन्नाले प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको बैठक सम्झनु पर्छ।

(ज) "बैठक कक्ष" भन्नाले प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शकदीर्घा तथा बरन्डा समेतलाई जनाउँछ।

(झ) "मन्त्री" भन्नाले प्रदेश ३ को प्रदेश सरकार को मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री समेतलाई सम्झनु पर्छ।

(ञ) "मन्त्रिपरिषद्" भन्नाले नेपालको संविधान बमोजिम गठित प्रदेश ३ को मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ट) "मर्यादा पालक" भन्नाले प्रदेश ३ को सार्वजनिक लेखा समितिको बैठकमा सुरक्षा व्यवस्थाको लागि नेपाल प्रहरीबाट खटिएका तथा सचिवालयले सेवा करारमा नियुक्ति गरेका पूर्व सैनिक वा प्रहरीलाई सम्झनु पर्छ।

(ठ) "सचिव" भन्नाले प्रदेश सभा ३ को सभामुखद्वारा नियुक्त प्रदेश सभा ३ को सचिव सम्झनु पर्छ र सो शब्दले सचिवको काम गर्न तोकिएको वरिष्ठ कर्मचारी समेतलाई जनाउँछ।

(ड) "सदस्य" भन्नाले प्रदेश सभा ३, को सार्वजनिक लेखा समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले सार्वजनिक लेखा समितिद्वारा अध्ययन एवं छानबिनको लागि गठित उपसमितिको सदस्य समेतलाई जनाउँछ।

(ढ) "सभापति" भन्नाले प्रदेश सभा ३ को सार्वजनिक लेखा समितिको सभापति सम्झनु पर्छ।

(ण) "समिति सचिव" भन्नाले प्रदेश सभा ३, को सार्वजनिक लेखा समितिको सचिव भई काम गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ।

(त) "सार्वजनिक लेखा" भन्नाले प्रदेश ३ अन्तर्गतका सबै सरकारी कार्यालय, निकाय, सचिवालय, आयोग, संस्था र गैर सरकारी संस्थाले राजस्व असुली तथा खर्च गर्दा वा सेवा प्रवाह गर्दा, मालसामान खरिद तथा उपयोग वा संरक्षण गर्दा, योजना सञ्चालन गर्दा वा सार्वजनिक सरोकारको विषयमा निर्णय वा काम कारबाही गर्दा प्रचलित कानुन तथा रीत विपरीत गरेको वा पारदर्शिता र सार्वजनिक जवाफदेहिता सम्बन्धी कानुनको पालना नगरेको वा सार्वजनिक हित र सरोकार विपरीत खर्च गर्ने काम वा निर्णय गरेको वा सार्वजनिक साधन र श्रोतको उपयोग गर्दा सरकारलाई वा सामाजिक, आर्थिक, संस्कृति, पर्यावरणीय तथा वातावरणीय नोक्सानी र क्षति पुग्ने गरी निर्णय वा काम कारबाही गरेको विषयलाई समेत जनाउँदछ।

निजी कम्पनीले पनि प्रवन्धपत्रमा उल्लिखित सर्त र कार्य गर्दा प्रचलित कानुन विपरीत कुनै काम वा निर्णय गरी जनता वा सेवाग्राही वा राष्ट्रलाई क्षति वा नोक्सानी पुर्याएको विषयलाई पनि सार्वजनिक लेखाको विषय मान्नु पर्दछ।

(थ) "सार्वजनिक लेखा समिति" भन्नाले प्रदेश सभा ३ को सार्वजनिक लेखा समितिलाई जनाउँदछ।

(द) "सूचना पत्र" भन्नाले देहायका विषयहरू समावेश भएको प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको सूचना पत्र सम्झनु पर्छ :–

(१) प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको कार्यसूची वा बैठकको कारबाही सम्बन्धी सूचना

(२) बैठकको कारबाहीको संक्षिप्त विवरण

(३) समितिसँग सम्बन्धित सूचना

(ध) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद २

## प्रदेश  सभा ३, सार्वजनिक लेखा समितिको  बैठक सञ्चालन प्रकृयाः

३) **बैठकको आव्हानः** (१) प्रदेश सभा ३ को अधिवेशन नभएको वेला प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको बैठक बस्न अत्यावश्यक भएमा समितिका सभापतिले प्रदेश सभा ३ को सभामुख समक्ष बैठक बस्न पर्नाको कारण र बैठक बस्ने दिन र समय खोली निवेदन वा प्रस्ताव  पेस गर्नुपर्ने पर्नेछ र सभामुखद्वारा सो निवेदन वा प्रस्ताव स्वीकृत भए अनुसार समितिको बैठक आव्हान गरिनेछ। बैठक आव्हान गरेको सूचना समिति सचिवले एस.एम.एस. मार्फत सदस्यलाई दिनेछ।

(२) सभाको बैठक चलिरहेको वेलामा समितिको बैठक बस्नको लागि उपदफा १ को व्यवस्था आवश्यक पर्ने छैन।

४) **प्रदेश सभाको बैठक चलिरहेको वेलामा समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) प्रदेश सभाको बैठक चलिरहेको वेलामा सभामुखसँग समय व्यवस्थापनको विषयमा छलफल गरी समितिको पनि बैठक सञ्चालन गर्न सकिनेछ।

(२) समितिको बैठक सभापतिद्वारा तोकिएको दिन र समयमै सुरु हुनेछ।

(३) कारणवश तोकिएको समयमा समितिको बैठक बस्न नसक्ने अवस्था आएमा सो को कारण र आधार खोली सभाको सूचना पाटीमा टाँसिनेछ र सो को सूचना सम्बन्धित सदस्यलाई एस.एम.एस वा फोनद्वारा दिइनेछ। यसरी दिइएको सूचना सबै सदस्यले पाएको मानिनेछ।

(४) समितिको बैठकको कार्यसूची सभापतिले स्वीकृत गरी बैठक बस्ने समय र छलफल हुने विषय एवं कार्यसूचीको जानकारी सभामुखको सचिवालय, उपसभामुखको सचिवालय, दलका संसदीय कार्यालय, सचिवको कार्यालय र प्रशासन शाखा, प्राविधिक शाखा, मर्यादा पालन शाखा समेतलाई जानकारी दिनुपर्नेछ।

(५) तोकिएको कार्यसूची अनुसार नै बैठकमा छलफल हुनेछ।

(६) बैठक सञ्चालनमा समितिका सबै सदस्य तथा खटिएका सबै कर्मचारीहरूले सहयोग गर्नु सबैको दायित्व हुनेछ।

## परिच्छेद ३

## बैठकमा गणपूरक सङ्ख्या र सदस्यहरूको उपस्थितिः

५) बैठकमा गणपूरक सङ्ख्या र सदस्यहरूको उपस्थिति : (१) बैठकमा समितिका एक चौथाइ सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(२) गणपूरक सङ्ख्या पुगे पछि मात्रै समितिको बैठक सुरु हुनेछ।

(३) छलफलमा सबै सदस्य उपस्थित भई सक्रियरुपमा सहभागी हुनुपर्नेछ।

## परिच्छेद ४

## विषय प्रवेशः

६) **समितिमा  विषय प्रवेश** : (१) समितिमा  सदस्यद्वारा आफ्नो कार्यक्षेत्र वा सरकारी लेखा वा कारोबार वा निर्णय वा सार्वजनिक लेखा वा सार्वजनिक सरोकार वा सार्वजनिक चासो वा सार्वजनिक

सम्पत्तिको दुरुपयोग वा हिनामिनाको विषयमा आधार र प्रमाण सहित लिखित प्रस्ताव वा निवेदन दिई विषय प्रवेश गराउन सकिनेछ।

(२) कुनै पनि व्यक्ति तथा संस्थाद्वारा सरकारी लेखा वा कारोबार वा निर्णय वा सार्वजनिक लेखा वा सार्वजनिक सरोकार वा सार्वजनिक चासो वा सार्वजनिक सम्पत्तिको दुरुपयोग वा हिनामिनाको विषयमा आधार र प्रमाण सहित लिखित निवेदन दिन सकिनेछ।

(३) सदस्यद्वारा तथा कुनै व्यक्ति तथा संस्थाद्वारा निवेदन वा प्रस्ताव पेस गर्दा प्रदेश ३ अन्तर्गतका सरकारी कार्यालय, निकाय, सार्वजनिक संस्था, गैह्रसरकारी संस्था तथा निजी कम्पनीले सार्वजनिक सरोकारको विषयमा निर्णय वा काम कारबाही गर्दा प्रचलित कानुनको उलंघन गरेको, राजस्व नोक्सानी वा हिनामिना गरेको वा सार्वजनिक साधन र श्रोतको दुरुपयोग वा अनियमित रूपमा खर्च गरेको वा सार्वजनिक हित र सरोकारमा अहित, क्षति र नोक्सानी पुर्याएको भनी आधार र प्रमाण खोली निवेदन वा प्रस्ताव दिनु पर्नेछ।

(४) कसैलाई रिसईवी साध्ने, दुख दिने तथा बेइज्जत गर्ने नियतले कसैले पनि समितिमा निवेदन वा प्रस्ताव पेस गर्न पाइने छैन।

(५) सदस्य बाहेक कुनै व्यक्ति तथा संस्थाद्वारा निवेदन वा प्रस्ताव प्राप्त भएपछि सत्य तथ्य जांची कारबाही अगाडि बढाउन उपसमिति गठन गर्ने प्रक्रियाः-

१. कुनै व्यक्ति तथा संस्थाद्वारा निवेदन वा प्रस्ताव प्राप्त भएपछि सत्य तथ्य जांची कारबाही अगाडि बढाउन मिल्ने नमिल्ने सम्बन्धमा सभापतिको नेतृत्वमा बढीमा दुई जना अरू सदस्य भएको उपसमिति गठन गर्न सकिनेछ।

२. सो उपसमितिले जाँच गरी कारबाही अगाडि बढाउन आवश्यक देखेको निवेदन वा प्रस्ताव मात्रै छलफलदको लागि अगाडि बढाइनेछ।

## परिच्छेद ५

## विवरण तथा कागजात झिकाउने व्यवस्थाः

**७) समितिले आवश्यक कागजात तथा निर्णय झिकाउने सम्बन्धमा देहायको व्यवस्था अपनाउनेछ :**

(१) समितिले सार्वजनिक लेखा सम्बन्धी विषय वा समितिको कार्य क्षेत्रको विषयमा निर्णय गरी सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय, कार्यालय तथा संस्थाबाट लिखितरुपमा माग गरी आवश्यक कागजात तथा निर्णय झिकाउन सक्नेछ।

(२) समितिबाट माग भएको कागजात, विवरण तथा निर्णय तोकिएको समय भित्रै जिम्मेवार पदाधिकारी वाट प्रमाणित गरी समितिमा उपलब्ध गराउनु सम्बन्धित मन्त्रालय, कार्यालय तथा संस्थाको कर्तव्य हुनेछ।

(३) सम्बन्धित मन्त्रालयबाट माग भए बमोजिमको कागजात, विवरण तथा निर्णयका प्रतिहरु, (आवश्यकता अनुसार, विद्युतीय प्रतिसमेत) प्राप्त भए पछि समिति सचिवालयले सबै सदस्यहरूलाई छलफल हुनु भन्दा कम्तीमा ३ दिन अगाडि नै उपलब्ध गराउनु पर्नेछ।

(४) समितिले सम्बन्धित मन्त्रालय, कार्यालय तथा संस्थाबाट कागजात, विवरण तथा निर्णय प्राप्त भए पछि सो माथि सामान्यरुपमा छलफल गर्नेछ।

## परिच्छेद ६

## पदाधिकारी तथा विज्ञ विशेषज्ञलाई आमन्त्रण गर्ने सम्बन्धी व्यवस्था:

**८) समितिले पदाधिकारी तथा विज्ञ विशेषज्ञलाई आमन्त्रण गर्ने सम्बन्धमा देहायको व्यवस्था अवलम्बन गर्नेछ :**

(१) प्राप्त विवरणमाथि थप छलफल गर्न वा जानकारी लिन आवश्यक परे समितिले निर्णयकर्ता मन्त्री, पदाधिकारी वा कर्मचारी वा सो विषयसँग सम्बन्धित विज्ञ, विशेषज्ञलाई पनि समितिको बैठकमा आमन्त्रण गरी प्रश्न वा जिज्ञासा सोध्न सकिनेछ।

(३) समितिले आमन्त्रण गरेको दिन र समयमा समितिमा उपस्थित भई निर्णय वा काम कारबाहीको बारेमा सत्य तथ्य जानकारी दिनु सम्बन्धित मन्त्री, पदाधिकारी वा कर्मचारी वा विज्ञ, विशेषज्ञको कर्तव्य हुनेछ।

(४) उपरोक्त छलफल वा काम कारवाहीको अडियो वा भिडियो रेकर्डिङ समेत गर्न सकिनेछ।

## परिच्छेद ७

## उपसमिति गठन सम्बन्धी व्यवस्थाः

**९) समितिले उपसमिति गठन गर्दा देहाय बमोजिमको व्यवस्था अवलम्बन गर्न सक्नेछ :**

(१) समितिका काम कारबाहीहरूलाई व्यवस्थित, प्रभावकारी र छिटोछरितो बनाउने उदेश्यले आवश्यक्तानुसार समितिले उपसमिति बनाई अध्ययन गर्न सक्नेछ।

(२) सामान्यतः एक सदस्यलाई एक भन्दा बढी उपसमितिमा संयोजक वा सदस्य राखिनेछैन।

(३) उपसमितिमा विभिन्न दलको प्रतिनिधित्व हुने गरी ३ देखि ५ जना सदस्य तोकिनेछ र सो मध्ये एक जनालाई संयोजकको जिम्मेवारी तोकिनेछ।

(४) उपसमिति गठन गर्दा उपसमितिको कार्यक्षेत्र, अध्ययन गर्ने समय सीमा र प्रतिवेदन पेस गर्ने समय पनि तोकिने छ।

(५) उपसमितिलाई समितिले अवलम्बन गर्ने सबै कार्य प्रक्रिया अवलम्बन गर्न सक्ने अधिकार पनि दिइनेछ।

(६) तोकिएको समय सीमा भित्र सुझाव र निष्कर्ष सहितको प्रतिवेदन समितिमा पेस गर्नु उपसमितिको कर्तव्य हुनेछ।

(७) कारणवश तोकिएको समय सीमा भित्र प्रतिवेदन पेस गर्न नसक्ने अवस्था आएमा समिति समक्ष समय सीमा थप्न निवेदन दिन सकिनेछ।

## परिच्छेद ८

## स्थलगत अध्ययन भ्रमण सम्बन्धी व्यवस्था:

**१०) समितिले स्थलगत अध्ययन भ्रमण सम्बन्धमा देहायको व्यवस्था अवलम्बन गर्नेछ :**

(१) समितिको कार्यक्षेत्रको विषय वा सार्वजनिक लेखा वा सार्वजनिक सम्पत्तिको दुरुपयोग वा हिनामिना तथा हानी नोक्सानी भएको तथा प्रचलित कानुन विपरीत काम कारबाही भएको यथेष्ट आधार देखिएमा समितिले उपसमिति बनाई सम्बन्धित सरकारी कार्यालय, योजना, कार्य भइरहेको स्थल, सचिवालय तथा अन्य संस्थाको स्थलगत अध्ययन भ्रमण गर्न सक्नेछ।

(२) स्थलगत अध्ययन भ्रमण तथा खर्च सम्बन्धी कार्यक्रमको स्वीकृति सभामुख वाट लिनु पर्नेछ।

(३) स्थलगत अध्ययन भ्रमण सचिवालयको श्रोतबाट किफायत र मितव्ययी किसिमबाट गर्नुपर्नेछ र अरू कार्यालय वा निकायबाट थप खर्च लिन पाइने छैन।

(४) अध्ययन वा छानबिन गर्न जाने संस्थाको आतिथ्य ग्रहण गर्न पनि पाइने छैन।

## परिच्छेद ९

## समितिका सदस्यहरूले पालना गर्नुपर्ने नियम तथा आचरण सम्बन्धी व्यवस्थाः

**११) समितिमा सदस्यहरूले देहाय बमोजिमको नियम तथा आचरण पालना गर्नु पर्नु पर्नेछ :-**

(१) सदस्यहरूले समितिमा उपस्थित हुनु पूर्व छलफल हुने विषयसँग सम्बन्धित कागजात वा निर्णय वा इमेल अध्ययन गरेर आउनु पर्नेछ।

(२) समितिमा विचाराधीन विषयसँग कुनै सदस्य वा सदस्यको हक, वैयक्तिक हित वा सरोकार गांसिएको भए सो विषयको छलफल र निर्णयमा सम्बन्धित सदस्यले भाग लिन हुँदैन।

(३) अध्ययन वा छानबिन गर्न जाने संस्थाको आतिथ्य ग्रहण गर्न पनि पाइने छैन।

(३) सदस्यले समितिको मान, सम्मान, गौरव तथा प्रतिष्ठा बढाउने गरी अनुकरणीय काम कारबाही, व्यवहार र आचरण देखाउनु पर्नेछ।

(४) समितिले बैठक सञ्चालन गर्दा सचिवालय वाट चियाको व्यवस्था गरिनेछ।

(५) अन्य सार्वजनिक संस्था वा पदाधिकारीले अनावश्यक वा अनियमिततापूर्वक गरेको खर्च लगायतको काम कारबाहीको अनुगमन गर्ने जिम्मेवारी पाएको यो समितिले कार्य सम्पादन गर्दा सधैं नियमितता, मितव्ययिता, औचित्यता, कार्यदक्षता, प्रभावकारिता र कानुनी सिद्धान्तको पालना गर्नु, गराउनु पर्नेछ।

(६) कुनै सरकारी तथा गैर सरकारी कार्यालय तथा संस्थाको कामकारबाहीको अध्ययन गर्दा पनि नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको सिद्धान्त अवलम्बन गरिएको छ वा छैन वा प्रचलित कानुनको पालना गरिएको छ वा छैन भनी आधार लिनुपर्नेछ।

(७) समिति वा उपसमितिको काममा सभापति वा संयोजकलाई आवश्यक सहयोग गर्नु सदस्यको कर्तव्य हुनेछ।

(८) सभापतिले छलफलमा सहभागी हुन चाहने सबै सदस्यलाई समय तोकी प्रश्न वा जिज्ञासा सोध्ने वा छलफल गर्ने समय दिनुपर्नेछ।

(९) सदस्यले सभापतिसँग समय लिई आफ्ना विचार राख्ने वा आमन्त्रित मन्त्री, पदाधिकारी तथा कर्मचारीसँग नम्र, मिजासिलो र मर्यादित भई आधार र प्रमाणगत रूपमा प्रश्न वा जिज्ञासा सोध्न पर्नेछ।

(१०) सबै सदस्यले विचार राखी सकेपछि सभापतिले आमन्त्रित मन्त्री, पदाधिकारी तथा कर्मचारीलाई जवाफ दिन समय दिनुपर्नेछ।

## परिच्छेद १०

## समितिमा सुव्यवस्था र अनुशासन कायम गर्ने सम्बन्धमा सभापतिको अधिकार सम्बन्धी व्यवस्थाः

**१२) समितिमा सुव्यवस्था र अनुशासन कायम गर्ने सम्बन्धमा सभापतिको अधिकार देहाय बमोजिम हुनेछः**

(१) समितिको बैठकमा शान्ति सुव्यवस्था कायम गरी अनुशासित र मर्यादित रूपमा सभापतिले बैठक सञ्चालन गर्नेछ।

(२) बैठक सञ्चालनमा सभापतिलाई आवश्यक सहयोग गर्नु सबै सदस्य तथा कर्मचारकिो दायित्व हुनेछ।

(३) बैठकलाई अनुशासित र मर्यादित बनाउन आवश्यक परे सभापतिले मर्यादा पालक पनि प्रयोग गर्न सक्नेछ।

## परिच्छेद ११

## समितिको बैठक वा काम कारबाहीहरू प्रेस तथा मिडियाको लागि खुल्ला गर्ने सम्बन्धी व्यवस्थाः

**१३) समितिको बैठक वा कामकारबाहीहरू सामान्यतः संविधान तथा प्रचलित कानुनले रोकेको अवस्थामा बाहेक प्रेस तथा मिडियाको लागि खुल्ला गर्न देहायको व्यवस्था गरिनेछ :**

(१) अनियमित तथा कानुन विपरीतका काम कारबाही तथा निर्णय गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न तथा सरकारी काम कारबाहीहरूलाई व्यवस्थित, मर्यादित, पारदर्शी र जवाफदेही बनाउन सामान्यतः समितिका बैठक वा काम कारवाहहिरु प्रेस तथा मिडियाको लागि खुल्ला गरिनेछ।

(२) प्रेस तथा मिडियाका प्रतिनिधिहरूलाई सामान्यतः छलफलमा सहभागी गराइने छैन।

(३) समितिका काम कारबाही नियमितता, मितव्ययिता तथा असल शासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिमा केन्द्रित गरिनेछ।

(४) सञ्चारका माध्यमबाट समितिका सबै निर्णय तथा काम कारबाही आम नागरिक समक्ष सहजरुपमा पुऱ्याउने कार्य प्रभावकारी ढङ्गले गरिनेछ।

## परिच्छेद १२

## निर्णय प्रक्रिया र प्रमाणीकरण

**१४) समितिले कुनै पनि विषयमाथि छलफल गरी निर्णय गर्दा देहाय बमोजिमको प्रकृया अपनाउनेछ :** (१) समितिमा सभापतिले सबै सदस्यलाई समय तोकी आफ्नो विचार वा धारण राख्न दिनुपर्नेछ।

(२) सभापतिले आमन्त्रित पदाधिकारी, विज्ञ, विशेषज्ञ वा अन्य पदाधिकारीलाई सो विषयमा आफ्नो आधार, प्रमाण तथा धारणा राख्न समय दिनुपर्ने छ।

(३) सदस्यहरूले कुनै पूरक प्रश्न सोध्न चाहेमा सभापतिले सम्बन्धित सदस्यलाई समय दिनुपर्नेछ।

(४) समिति सचिवले सभापतिको अनुमति लिई आफ्नो धारणा वा विचार बैठकमा राख्न सक्नेछ।

(५) कुनै पनि विषयमाथि छलफल समाप्त भए पछि सभापतिले निर्णयको लागि बैठकमा प्रस्ताव पेस गर्नुपर्नेछ।

**१५) समितिको निर्णय देहाय बमोजिम हुनेछ :**

(१) समितिको निर्णय उपस्थित सदस्य सङ्ख्याको बहुमतबाट गरिनेछ।

(२) मत बराबर हुन गएमा सभापतिले निर्णायक मत दिन पाउनेछ।

(३) समितिको निर्णय सभापतिद्वारा तथा उपसमितिको निर्णय संयोजकद्वारा प्रमाणित गरिनेछ।

## परिच्छेद १३

## पत्राचार र निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्थाः

**१६) समितिको निर्णय कार्यान्वयनको सन्दर्भमा समितिले सामान्यतः निम्न व्यवस्था अवलम्बन गर्नुपर्नेछ :**

(१) समितिको निर्णय कार्यान्वयनको लागि समिति सचिवले सम्बन्धित मन्त्रालय, आयोग, सचिवालयमा समय तोकी पठाउनु पर्नेछ।

(२) समितिले पठाएका निर्णय तोकिएको समय भित्रै कार्यान्वयन गर्नु सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयको कर्तव्य हुनेछ।

(३) तोकिएको समयमा कार्यान्वयन गर्न नसकेमा सो को कारण र आधार खोली सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय, कार्यालयले म्याद थपको लागि तोकिएको समयमै समिति समक्ष अनुरोध गर्नु पर्नेछ र यसरी म्याद थपको लागि अनुरोध भई आएमा समितिले बैठक बसी आवश्यक निर्णय गर्न सक्नेछ।

**१७) पुनरावलोकन सम्बन्धी व्यवस्था :**

समितिको निर्णय सम्बन्धमा समितिले देहायको व्यवस्था अवलम्बन गर्न सक्नेछ।-

(१) कानुनी वा प्राविधिक वा अन्य कुनै कारणले समितिको निर्णय कार्यान्वयन गर्न अप्ठेरो परेको भए सो को आधार र कारण खोली सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयले निर्णय पुनरावलोकनको लागि समितिमा अनुरोध गर्नुपर्नेछ।

(२) पुनरावलोकन सम्बन्धमा प्राप्त अनुरोधका विषयमा समितिले छलफल गरी आवश्यक निर्णय गर्न सक्नेछ र सो निर्णय कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयमा पठाइनेछ।

(३) समितिको पुनरावलोकन सम्बन्धी निर्णय कार्यान्वयन गर्नु सम्बन्धित मन्त्रालय आयोग, सचिवालय वा कार्यालयको कर्तव्य हुनेछ।

## परिच्छेद १४

## निर्णय कार्यान्वयनको प्रगति समीक्षा सम्बन्धी व्यवस्थाः

**१८) समितिले गरेका निर्णय समयमै कार्यान्वयन भए नभएको सम्बन्धमा समितिले निर्णय कार्यान्वयनको प्रगति समीक्षा सम्बन्धी निम्न व्यवस्था अपनाउन सक्नेछ :**

(१) समिति सचिवालयले प्रत्येक मन्त्रालय, आयोग, सचिवालय, कार्यालयको निर्णय कार्यान्वयनको त्रैमासिक प्रगति सम्वनधी तुलनात्मक विवरण तयार गरी बैठकमा पेस गर्नुपर्नेछ र यो विवरण समितिका सस्यहरुलाई पनि इमेल मार्फत उपलब्ध गराउनु पर्नेछ।

(२) समितिको बैठकमा निर्णय कार्यान्वयनको प्रगति विवरण सम्बन्धमा छलफल गर्न सम्बन्धित मन्त्रालय, योजना, सचिवालय र कार्यालयका प्रमुखहरूलाई बेग्ला बेग्लै वा सामुहिकरुपमा आमन्त्रण गरी छलफल गर्न सकिनेछ।

(३) समितिका निर्णय सन्तोषजनकरुपमा कार्यान्वयन नगर्ने मन्त्रालय, आयोग, सचिवालयका पदाधिकारीलाई ३ पटक समय थप गरी कार्यान्वयन गर्ने थप मौका दिन सकिनेछ।

**१९) समितिको निर्णय कार्यान्वयन नगर्ने नगराउनेलाई कारबाही सम्बन्धी व्यवस्था :**

(१) समितिले गरेका निर्णय तथा दिएका सुझावहरू सन्तोषजनकरुपमा कार्यान्वयन भएको नपाइए प्रचलित कानुन बमोजिम सम्बन्धित पदाधिकारी र कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही गर्न प्रदेश मन्त्रिपरिषद् सचिवालय र सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्न सक्नेछ।

(२) प्रदेश सार्वजनिक लेखा समितिबाट कारबाहीको लागि अनुरोध भई आएमा प्रचलित कानुन बमोजिम कारबाही गरी सो को सो को जानकारी समितिलाई दिनु प्रदेश मन्त्रिपरिषद् सचिवालय र सम्बन्धित मन्त्रालयको कर्तव्य हुनेछ।

**२०) समितिका निर्णय सन्तोषजनकरुपमा कार्यान्वयन गर्ने गराउनेलाई पुरस्कृत गर्न अनुरोध गर्न सक्ने व्यवस्था देहाय बमोजिम हुनेछः**

(१) समितिका निर्णय सन्तोजनकरुपमा कार्यान्वयन गर्ने मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयका प्रमुख वा अन्य कर्मचारीलाई प्रचलित कानुन बमोजिम पुरस्कृत गरी प्रोत्साहित गर्न प्रदेश मन्त्रिपरिषद् सचिवालयलाई समितिले निर्णय गरी अनुरोध गर्न सक्नेछ।

(२) समितिको अनुरोध अनुसार राम्रो काम गर्ने पदाधिकारी, प्रमुख वा कर्मचारीलाई प्रचलित कानुन बमोजिम पुरस्कृत गरी सोको जानकारी समितिलाई दिनु प्रदेश मन्त्रिपरिषद् सचिवालयको कर्तव्य हुनेछ।

## परिच्छेद १५

## समितिका निर्णय तथा कागजात एवम् सरसामानको हिफाजत र संरक्षणको जिम्मा सम्बन्धी व्यवस्था :

**२१) समितिका निर्णय तथा कागजातको जिम्मा र संरक्षण सम्बन्धमा निम्न व्यवस्था अपनाइनेछ :**

(१) समितिका निर्णय, कागजात तथा फर्निचर लगायतका सबै जिन्सी तथा अन्य सरसामानको जिम्मा र संरक्षण गर्ने दायित्व समिति सचिवको हुनेछ।

(२) समिति सचिवले आफूले गर्न पर्ने काम सहायक कर्मचारीहरूलाई पनि लगाउन सक्नेछ। तर अन्तिम जवाफदेहीता भने समिति सचिवकै हुनेछ।

(३) आफ्नो समितिको जिम्मेवारीबाट सरुवा भएपछि निजले समितिमा सरुवा भई आउने सचिव वा जिम्मेवार अधिकारीलाई सामान र निर्णय बुझाउनुपर्नेछ।

## परिच्छेद १६

## वार्षिक प्रतिवेदन पेस गर्ने सम्बन्धी व्यवस्थाः

**२२) समितिले प्रतिवेदन पेस गर्ने सम्बन्धमा निम्न व्यवस्था अपनाउने छ :**

(१) समितिले वर्षभरमा गरेका सबै काम कारवाहकिो प्रतिवेदन तयार गर्न एक उपसमिति बनाउन सक्नेछ।

(२) उपसमितिको प्रतिवेदन पेस भए पछि समितिले सो प्रतिवेदन माथि छलफल गरी बजेट पेस गर्नु अगावै सभामा पेस गर्नु पर्नेछ र प्रतिवेदनमा समितिका निर्णय कार्यान्वयन स्थितिको तुलनात्मक विवरण र समितिको सुझाव पनि समावेश गर्नुपर्नेछ।

(३) समितिको प्रतिवेदन कार्यान्वयन गर्नु सम्बन्धित मन्त्री र सचिवको कर्तव्य हुनेछ।

(४) समितिको प्रतिवेदनमाथि सभामा छलफल गर्न सभामुखसँग परामर्श गर्न सकिनेछ।

## परिच्छेद १७

## कार्यविधि संशोधन सम्बन्धी व्यवस्थाः

**२३) समितिको कार्यविधि संशोधन सम्बन्धमा निम्न व्यवस्था अपनाइनेछ :**

(१) समितिले कार्यविधिमा संशोधन र परिमार्जन गर्न उपसमिति बनाउन सक्नेछ।

(२) उपसमितिको प्रतिवेदन समितिमा पेस भए पछि समितिले सो प्रतिवेदनलाई यथावत् रूपमा वा संसशोधन सहित पारित गर्न सक्नेछ।

## परिच्छेद १८

## अन्य व्यवस्थाः

**२४) कार्यविधि सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :** (१) यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य व्यवस्था प्रदेश ३ को प्रदेश सभा कार्य सञ्चालन नियमावली बमोजिम हुनेछ।

## अनुसूची -२

## उपसमितिको गठन, कार्यक्षेत्र तथा कार्यहरु

| क्र. सं. | उपसमितिको नाम | गठन मिति | कार्यक्षेत्र | कार्य |
|---|---|---|---|---|
| १ | सा.ले.समितिको भावी कार्यदिशा निर्देशन उपसमिति | २०७४/१२/१६ | सा.ले.समितिको भावी कार्यदिशा निर्माण गर्ने | सा.ले.समितिको भावी कार्यदिशा निर्माण |
| २ | बार्षिक कार्यक्रम तथा बजेट निर्माण उपसमिति | २०७५/०२/०२ | आ.ब. २०७५/०७६ को समितिको कार्यक्रम तथा बजेट निर्माण गर्ने | आ.ब. २०७५/०७६ को समितिको कार्यक्रम तथा बजेट निर्माण |
| ३ | सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०७५ निर्माण उपसमिति | २०७५/०३/०७ | सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०७५ निर्माण गर्ने | सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०७५ निर्माण |
| ४ | प्रदेश इन्धन खर्च छानविन उपसमिति | २०७५/०८/०४ | प्रदेशको इन्धन खर्च सम्बन्धी छानविन गर्ने | प्रदेशको इन्धन खर्च सम्बन्धी छानविन गरी प्रतिवेदन तयार |
| ५ | स्थलगत अनुगमन, अवलोकन र निरीक्षण उपसमिति ( ४ वटा ) | २०७५/१२/२० | प्रदेश सरकारबाट सञ्चालित योजनाहरुको स्थलगत अनुगमन, अवलोकन र निरीक्षण गर्ने | प्रदेश सरकारबाट सञ्चालित योजनाहरुको स्थलगत अनुगमन, अवलोकन र निरीक्षण गरी प्रतिवेदन तयार |
| ६ | सार्वजनिक लेखा समिति बार्षिक प्रतिवेदन लेखन उपसमिति | २०७६/०१/४ | सार्वजनिक लेखा समिति बार्षिक प्रतिवेदन लेखन गर्ने | सार्वजनिक लेखा समितिको बार्षिक प्रतिवेदन तयार |

## अनुसूची -३

## प्रदेश इन्धन खर्च सम्बन्धी छानबिन उपसमितिको प्रतिवेदन

### १. पृष्ठभूमिः

यस प्रदेश नं ३ को प्रदेशस्तरीय मन्त्रालयहरुको इन्धन खर्च सम्बन्धी गतिविधिहरुमा विभिन्न सञ्चार माध्यमहरुले विविध किसिमका नकारात्मक समाचार तथा सूचनाहरु प्रकाशन तथा प्रसारण गरेर प्रदेश स्तरको इन्धन खर्च अनियमित रहेको जनाएकाले सत्य तथ्य पहिल्याई जनता माझ उचित सूचना प्रवाह गर्ने कार्य सार्वजनिक महत्वको भएको हुँदा सार्वजनिक लेखा समितिको Oversight Function अन्तर्गत सार्वजनिक खबरदारी तथा वित्तिय उत्तरदायित्वको लागि इन्धन खर्च छानबिन गर्न उपसमिति गठन गर्ने आवश्यकता ठानिएको।

सोही अनुसार सार्वजनिक लेखा समितका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठको सभापतित्वमा मिति २०७५ साल मंसिर ०४ गते प्रदेशको इन्धन खर्च सम्बन्धी छानबिन गर्न माननीय रमेश पौड्यालको संयोजकत्वमा तपशिल बमोजिमको ५ (पाँच) सदस्यीय उपसमिति गठन गरी १५ (पन्ध्र) दिन भित्र प्रतिवेदन पेश गर्न निर्देशन भएको।

<u>तपशिल</u>

| | |
|---|---|
| माननीय रमेश पौड्याल | - संयोजक |
| माननीय ओम बहादुर ग्लान | - सदस्य |
| माननीय जीवन डंगोल | - सदस्य |
| माननीय देवकी श्रेष्ठ | - सदस्य |
| माननीय रिता माझी | - सदस्य |

सोही क्रममा विभिन्न मन्त्रालयहरु तथा कार्यालयहरुबाट पत्राचार गरिए बमोजिमका प्रमाण खुल्ने कागजात जुटाउन तथा प्राप्त विवरणहरुको गहन अध्ययन गर्न समय लाग्ने बुझिएकाले मिति २०७५ मंसिर २२ गते सार्वजनिक लेखा समितिका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठको सभापतित्वमा बसेको समितिको बैठकले यस उपसमितिको म्याद सोही दिन देखि गणना हुने गरि एक महिनाको लागि थप गरिएको थियो।

यस उपसमितिले मिति २०७५ साल मंसीर १० मा प्रथम बैठक बसी कुल आठ वटा बैठकमा आवश्यक छानबिन सकि प्रतिवेदन तयार गरेर मिति २०७५ साल चैत्र ०१ गते सार्वजनिक लेखा समितिका सभापतिलाई हस्तानतरण गरेको थियो।

### २. छानबिनको कार्यविधिः

यस उपसमितिले प्रदेश नं ३ प्रदेशस्तरका सबै मन्त्रालयहरु, प्रदेश सभा सचिवालय, प्रदेश नीति तथा योजना आयोग तथा मुख्यन्यायाधिवक्ताको कार्यालयबाट आ.व. २०७४/७५ को अषाढ मसान्त सम्म तथा आ.व. २०७५/७६ को प्रथम चौमासिक (अर्थात् २०७५ कार्तिक मसान्त) सम्म प्रयोग भएका सवारी इन्धन सम्बन्धमा छानबिन गर्न यस उपसमितिबाट निम्नानुसारको पत्राचार गरी विवरण माग गरिएकोः

क. प्रदेश नं ३ अन्तर्गतका प्रदेशस्तरिय मन्त्रालय/प्रदेश सभा सचिवालय/ कार्यालयहरुको आ.व. २०७४/७५ र आ.व. २०७५/७६ को प्रथम चौमासिक सम्ममा भएको इन्धन खर्चको प्रमाण खुल्ने कागजातहरु माग गरिएको।

ख. प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयलाई प्रदेशस्तरिय मन्त्रालयहरु/प्रदेश सभा सचिवालय/ मुख्य न्यायाधिवक्ताको कार्यालय तथा प्रदेश नीति तथा योजना आयोगको आ.व. २०७४/७५ र २०७५/७६ को पहिलो चौमासिक सम्मको इन्धन शिर्षकमा भएका रकम निकासाको विवरण माग गरिएको।

ग. प्रदेशस्तरिय मन्त्रालयहरु/प्रदेश सभा सचिवालय/ मुख्य न्यायाधिवक्ताको कार्यालय तथा प्रदेश नीति तथा योजना आयोगहरुबाट निम्न विवरण माग गरिएको :

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माननीय मन्त्रीज्यूहरुको स्वीकृत भ्रमण कार्यक्रम तथा विदाहरुको विवरणहरु,
- गाडी संख्या र सो गाडी प्रयोग गर्ने अख्तियार प्राप्त अधिकारीको विवरण,
- माननीय मन्त्रीज्यूहरुको स्विकृत भ्रमण कार्यक्रमहरुको विवरण,
- श्रीमान् सचिवज्यूहरुको स्विकृत भ्रमण कार्यक्रमहरुको विवरण,
- चारपाङ्ग्रे सवारी प्रयोग गर्ने कर्मचारीहरुको स्विकृत भ्रमण कार्यक्रमहरुको विवरण।

**३. छानबिन बाट प्राप्त निकायगत निष्कर्षः**

**क. प्रदेश सभा सचिवालयः**

यस सचिवालयको इन्धन खर्च शिर्षक इन्धन कार्यालय प्रयोजनमा रु २,९१,४८६/- खर्च भएको देखिन्छ भने प्र.ले.नि.का. को निकासा फाँटवारीमा रु ३,०१,४८६/- खर्च भएको देखिन्छ। यस सम्बन्धमा सचिवालय स्रोतले उक्त रकम फरक पर्नुका इन्धन खर्च शिर्षकमा भुलवश प्र.ले.नि.का. बाट संचारको खर्च लेखिएको तथा सो सम्बन्धमा हिसाब मिलान भईसकेको प्रष्ट पार्ने विवरण समेत यस उपसमितिलाई उपलब्ध गराएको छ। यस सचिवालयमा ६ वटा चारपाङ्ग्रे सवारी तथा २ वटा दुईपाङ्ग्रे सवारी प्रयोग भएको रेकर्डबाट देखिन्छ। प्रदेश सभाका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधाको ऐन, २०७५ मा माननीय उपसभामुखले एउटा मात्र सवारी प्रयोग गर्ने व्यवस्था छ। २०७५ साल कार्तिक महिनामा माननीय उपसभामुखज्यूले नयाँ सवारी TATA STORM बुझ्नुभएको भएता पनि त्यस भन्दा अगाडिको TATA SUV हालसम्म पनि सचिवालयमा नबुझाउनु भएको रेकर्डबाट देखिन्छ।

**ख. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः**

यस मन्त्रालयको पदाधिकारी तर्फमा इन्धन खर्च कार्तिक मसान्तसम्मको प्रदेश लेखा नियन्त्रक कार्यालयको निकासामा रु. ३,१४,९००/- भएको देखिने तर मासिक खर्चको फाँटवारीमा रु. ३,०४,०००/- देखिने, रु.१०,९००/- को रकम फरक पर्न गएको देखिन्छ। मन्त्रालयले मंसीर महिनामा प्र.ले.नि.का बाट हिसाब मिलान गरि सकेको जानकारी दिई हिसाब मिलान भएको खर्चको फाँटबारी समेत उपलब्ध गरायो। मन्त्रालयको इन्धन बापत खर्च भएको लगबुक र खर्च धेरै हदसम्म भिडेको देखिन्छ। तथापि यस मन्त्रालयबाट अन्य कार्यालयको सवारी पनि प्रयोग भएको देखिएकाले लगबुक सत प्रतिशत भिडेको छैन। त्यसका साथै मन्त्रालयले माननीय मुख्यमन्त्रीज्यूको स्वीकृत भ्रमण कार्यक्रमहरु पनि उपलब्ध गराएको छ।

**ग. आन्तरिक मामिला तथा कानून मन्त्रालयः**

यस मन्त्रालयको २०७५ कार्तिक मसान्तसम्मको पदाधिकारीको तर्फ इन्धन खर्च रु १५,८४०/- र मन्त्रालय प्रयोजनार्थ रु. १,३७,४२९/- रहेकोमा प्र.ले.नि.का. को विवरणमा मन्त्रालय तर्फ रु

३,२८,७७७/- हुन गएको मा हिसाब मिलान भैसकेको जानकारी गराएको छ। मन्त्रालयले इन्धन खर्चको पुष्टयाई गर्न आवश्यक लगबुक, स्विकृत भ्रमण कार्यक्रम तथा प्रतिवेदन समेत उपलब्ध गराएको छ। यस मन्त्रालयले ५ वटा चार पाङ्ग्रे र ४ वटा दुई पाङ्ग्रे सवारी साधन प्रयोग भएको देखिन्छ। यस मन्त्रालयको खर्च गर्दा अपनाएको विधि, प्रक्रिया तथा आवश्यक कागजी औपचारिकता उत्कृष्ट रहेको पाइयो।

**घ. भौतिक पूर्वाधार विकास मन्त्रालयः**

यस मन्त्रालयले इन्धन कार्यालय प्रयोजन तर्फ रु २,१३,४४४/- खर्च गरेको भने प्र.ले.नि.का.को निकासा तर्फ रु १,१३,४४४/- रहेको देखियो। उक्त रु १,००,०००/- को खर्च फरक भएको प्रष्टयाउने कागजातहरु यस उपसमितिलाई उपलब्ध गराउन सकेन। यस मन्त्रालयमा तत्कालिन माननीय मन्त्रीज्यूले कार्तिक मसान्तसम्म बहाल रहँदा मन्त्रीको हैसियतमा पाउने सुविधा वापत कुनै पनि रकम भुक्तानी नलिएको पत्र यस उपसमितिमा प्राप्त भएको छ। यस मन्त्रालयले गरेको इन्धन खर्च वापतको लगबुक भने प्राप्त भएको छ।

**ङ. आर्थिक मामिला तथा योजना मन्त्रालयः**

यस मन्त्रालयको २०७५ साल कार्तिक मसान्त सम्मको इन्धन खर्च पदाधिकारी तर्फ रु ७२,३७६/- भएको तथा कार्यालय प्रयोजन तर्फ रु १,६०,८१७/- भई कुल जम्मा रु २,३३,१९३/- भएको देखिन्छ। उक्त खर्च प्र.ले.नि.का.को निकासा फाँटवारीसँग भिडेको देखिन्छ। यस मन्त्रालयले ३ वटा चारपाङ्ग्रे र ४ वटा दुई पाङ्ग्रे सवारी प्रयोग गरेको देखियो। इन्धन खर्चको लागि प्रष्टयाउने आवश्यक लगबुक, कार्यक्रमको विवरण, स्वीकृत भ्रमण आदेश तथा माननीय मन्त्रीज्यूको हकमा स्वीकृत भ्रमण र निमन्त्रणाहरु समेत उपलब्ध गराएको छ। यस मन्त्रालयको इन्धन खर्च प्राप्त सुविधा भन्दा बढी खर्च भएको देखिएता पनि प्रक्रियागत रुपमा मनासिब तथा औपचारिक कागजि रेकर्डमा ठिक रहेको देखियो।

**च. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः**

यस मन्त्रालयको इन्धन खर्च कार्यालय प्रयोजन तर्फ रु २,१७,५५७/- तथा इन्धन पदाधिकारी तर्फ रु १,०२,२२८/- गरी जम्मा रु ३,१९,७८५/- खर्च भएको देखिन्छ। यो खर्च प्र.ले.नि.का. बाट प्राप्त निकासा फाँटवारी सँग मिलेको देखिन्छ। यस मन्त्रालयबाट प्राप्त लगबुक अनुसार सवारी चढ्ने पदाधिकारीहरुलाई प्राप्त सुविधा भन्दा बढी नै खर्च भएको देखिएको हुँदा सो खर्च कसरी हुन गयो भनी सो मन्त्रालयबाट पदाधिकारीहरुको स्विकृत भ्रमण आदेश तथा भ्रमण कार्यक्रमहरु प्राप्त भएको हुँदा खर्च मनासिव नै भएको देखिन्छ।

**छ. सामाजिक विकास मन्त्रालयः**

यस मन्त्रालयको इन्धन कार्यालय प्रयोजनमा रु २,३१,९८३/- खर्च भएको देखिन्छ। इन्धन पदाधिकारी तर्फ भने खर्च भएको देखिएन। यस मन्त्रालयबाट प्राप्त इन्धन खर्च रकम र प्र.ले.नि.का. बाट प्राप्त खर्च निकासा फाँटवारी भिडेको देखिन्छ। सामाजिक विकास मन्त्रालयबाट प्राप्त सवारी लगबुक, भ्रमण आदेश तथा भ्रमण कार्यक्रमबाट इन्धन खर्चलाई पुष्टयाई गर्दछ। यस मन्त्रालयमा ५ वटा चारपाङ्ग्रे तथा ५ वटा दुईपाङ्ग्रे भएको देखिन्छ। इन्धन कार्यालय प्रयोजनमा खर्च भएको कार्यक्रमको अभिलेख व्यवस्थापन राम्रो छ।

**ज. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः**

यस मन्त्रालयले इन्धन कार्यालय प्रयोजन तर्फ रु २,१९,१५७/- तथा पदाधिकारी तर्फ रु ८७,७२३/- खर्च गरेकोमा प्र.ले.नि.का. बाट दुबै खर्च कार्यालय प्रयोजन शिर्षक नं. २२२१२ बाट लेखिएकाले प्र.ले.नि.का. को कुल खर्च कार्यालय प्रयोजन तर्फ ३,०६,८८०/- हुन गएको भन्ने पुष्ट्याई पत्र पेश गरेको छ। यस मन्त्रालयले इन्धन खर्च पुष्टि गर्ने आवश्यक लगबुक र भ्रमण खर्च खाता समेत यस उपसमितिमा पेश गरेको छ। यसका साथै इन्धन खर्चको पदाधिकारी सुविधा तर्फ माननीय मन्त्रीज्यूको निमन्त्रणापत्रहरु र स्वीकृत भ्रमण आदेशहरु पनि समाविष्ट छ।

**झ. मुख्य न्यायाधिवक्ताको कार्यालयः**

यस कार्यालयमा २०७५ साल कार्तिक मसान्तसम्म इन्धन खर्च इन्धन कार्यालय प्रयोजनमा रु १९,१८३/- र इन्धन पदाधिकारीमा रु ४,२३०/- भएको देखिन्छ। यो खर्च प्र.ले.नि.का. को निकासा फाँटवारीसँग मिलेको देखिन्छ। यस कार्यालयबाट प्राप्त सवारी लगबुकबाट भएको इन्धन खर्चको पुष्ट्याई भएको देखिन्छ। यस कार्यालयमा २ वटा चारपाङ्ग्रे र २ वटा दुईपाङ्ग्रे सवारी प्रयोग भएको देखिन्छ।

**ञ. प्रदेश नीति तथा योजना आयोग**

यस कार्यालयको इन्धन कार्यालय प्रयोजनमा रु ५२,१७८/- र इन्धन पदाधिकारी शिर्षकमा रु ५४,११२/- खर्च भएको देखिन्छ। यो खर्च प्र.लि.नि.का. को बजेट खर्च निकासामा इन्धन पदाधिकारी तर्फ रु ४८,६७८/- मात्र खर्च भएको देखिदा रु ५,४३४/- फरक परेको देखिन्छ। यस कार्यालयबाट भएको खर्च र प्र.ले.नि.का. बाट प्राप्त खर्च निकासा बीचको अन्तर पुष्ट्याइको कागजात प्राप्त भएको छैन। यस कार्यालयबाट प्राप्त सवारी लगबुकबाट इन्धन खर्चलाई पुष्ट्याई गर्दछ।

४. सुझावहरुः

- सबै मन्त्रालयहरुको सवारी प्रयोग गर्नुपर्ने कार्यक्रमहरुको विवरण तथा पदाधिकारीहरुको हकमा भने आउने निमन्त्रणा तथा स्विकृत भ्रमण आदेशहरु अद्यावधिक गरि निजी सचिवालयमा समेत राख्नुपर्ने।
- कतिपय मन्त्रालयहरुले अन्य कार्यालयहरुको समेत गाडी प्रयोग गरि इन्धन खर्च गरेको देखिएकोले सो सम्बन्धमा सार्वजनिक लेखा समितिले निश्चित मापदण्ड तयार गरी सोही अनुसार खर्च गर्न सिफारिस गरिएको छ।
- भौतिक पूर्वाधार विकास मन्त्रालयको इन्धन खर्चको हिसाबमा देखिएको रु १,००,०००/- (अक्षरेपी एक लाख) फरकको पुष्ट्याइ गर्ने केही कागजात उपलब्ध गराउन नसकेकोले आवश्यक कारवाही गर्न सार्वजनिक लेखा समितिलाई सिफारिस गरिएको छ।
- धेरै निकायहरुको इन्धन खर्चको रकम र प्र.ले.नि.का. को निकासा रकमसँग मासिक खर्चको फाँटवारी नमिलेको देखिन्छ। सो सम्बन्धमा लेखा उत्तरदायी अधिकारीले निरन्तर रुपमा आफ्नो श्रेस्ता तथा प्र.ले.नि.का. को निकासा रकम भिडाइ श्रेस्ता अद्यावधिक गर्नुपर्ने छ।

## अनुसूची -४

## प्रदेश सरकारका योजनाहरुको स्थलगत अनुगमन, अवलोकन र निरीक्षण उपसमितिहरुको प्रतिवेदन

### उपसमिति-१

### पृष्ठभुमि

प्रदेश सभा सार्वजनिक लेखा समिति प्रदेश नम्बर तीनको मिति २०७५ बैशाख २० गतेको निर्णय बमोजिम प्रदेश नम्बर तीन सरकारबाट आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन भइरहेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयको अवस्थाको स्थलगत अनुगमन, अवलोकन, निरीक्षण एवम् सम्बन्धित निकायसँगको अन्तक्रिया मार्फत समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी चार वटा उपसमितिहरुको गठन भएको र उक्त निर्णय बमोजिम गठन भएको उपसमिति '१' मा तपसिल बमोजिमका सदस्यहरु रहेका थिए।

तपशिलः

| | |
|---|---|
| १) माननीय मुनु सिग्देल | संयोजक |
| २) माननीय ओम बहादुर ग्लान | सदस्य |
| ३) माननीय वेलीमैया घले | " |
| ४) माननीय सन्त बहादुर प्रजा | " |
| ५) माननीय कृष्ण प्रसाद शर्मा खनाल | " |

योजना तथा कार्यक्रमहरुको बेला-बेलामा हुने अनुगमन तथा निरीक्षणबाट आवश्यक सूचना तथा तथ्याङ्क प्राप्त हुने हुँदा प्रदेश सरकार जनताप्रति सदैव सचेत रहने एवम् सम्बन्धित निकायको ध्यानाकर्षण भई कार्यान्वयनमा प्रभावकारिता, अनियमितताको दुरुत्साहन, र पारदर्शिता प्रवर्द्धन मार्फत तोकिएको लक्ष्य निर्धारित समयमा नै प्राप्त भई विकास र समृद्धि हासिल हुने सुनिश्चित दखिन्छ तसर्थ औचित्यताको आधारमा समेत सार्वजनिक लेखा समितिले समय-समयमा अनुगमन,मूल्याङ्कन एवम् निरीक्षण गर्नु वाञ्छनीय देखिन्छ।

### १. परिचय

कुनै पनि योजना तथा कार्यक्रहरुको कार्यान्वयको अवस्था के कस्तो छ भनि समय समयमा गरिने हेरविचार तथा जाँचबुझ प्रक्रिया हो अनुगमन, निरीक्षण तथा अवलोकन। यस किसिमको क्रियाकलापबाट योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा शिघ्रता आउने, पारदर्शिता कायम हुनुका साथै सम्बन्धित निकायको ध्यान सोही कार्यप्रति केन्द्रित हुने हुँदा निर्धारित समयमा नै कार्यसम्पन्न हुने सुनिश्चितता हुन्छ। यस कार्यमा योजना तथा कार्यक्रमहरु उचित ढङ्गबाट सञ्चालन भए नभएको, बजेट निकासा र खर्च प्रणालीबीच सन्तुलन कायम भए नभएको, कुनै पनि हिनामिना वा अनियमितता भए नभएको, निर्धारित समयमा काम सम्पन्न हुने अवस्था रहे नरहेको आदिका सम्बन्धमा निगरानी एवम् सूचना तथ्याङ्क संकलन गरी सो को विश्लेषण मार्फत निष्कर्षमा पुग्ने र आवश्यक सुझाव तथा सिफारिस दिने गरिन्छ।

प्रदेश सभा प्रदेश नम्बर तीनको सार्वजनिक लेखा समितिले प्रदेशमा नितान्त फरक ढङ्गबाट यस कार्यको थालनी गर्दै प्रदेश सरकारलाई जनउत्तरदायी बनाउने महत्वपूर्ण कदम चालेको छ। यस कार्यले

प्रदेश सरकारका काम कारवाही प्रभावकारी ढङ्गबाट सञ्चालन भई प्रदेशको विकास र समृद्धि हासिल हुने दृढ विश्वास रहेको छ।

२. उद्देश्य

१. प्रदेश सरकारलाई उत्तरदायी एवम् जवाफदेही बनाउनु, सरकारको काम कारवाहीको प्रभावकारीता मापन गर्नु।
२. स्थानीय सरकारहरुलाई प्रदेश सरकारको काममा ध्यानाकर्षण गराई तोकिएका योजना तथा कार्यक्रमहरु निर्धारित समयमा सम्पन्न गराउनु।
३. अनियमितता तथा दुरुपयोगको नियन्त्रण गर्नु।
४. आगामी दिनमा हुने योजना तथा कार्यक्रमहरु छनौट र अनुगमन तथा मूल्याङ्कन प्रणलीलाई आधार प्रदान गर्नु
५. बजेट, निकासा र खर्चबीचको तादम्यतालाई कायम गर्न लगाउनु।
६. बजेट रकमान्तर, खरिद प्रणाली, खर्चको विधि, भूक्तानी प्रणालीको अध्ययन, अनुगमन गर्नु।
७. भौत्तिक निर्माण र सोको निर्माण स्थलको उपयुक्तता (भौगोलिक एवम् पहुँचका हिसाबले) को निरीक्षण गर्नु।
८. ऐन, नियम, कार्यविधिले प्रदान गरेको सहजता तथा जटिलताको विषयको अध्ययन गर्नु।

**३. योजना तथा कार्यक्रमको अनुगमन, निरीक्षण र अवलोकन (अध्ययन) को क्षेत्र**

- यस उपसमितिको कार्यक्षेत्र मकवानपुर, चितवन र धादिङ्ग रहेको थियो।
- प्रदेश सरकारबाट सशर्त अनुदान प्राप्त योजनाहरुलाई प्राथमिकतामा राखि समपुरक अनुदान लगाएत अन्य योजनाहरुको पनि अनुगमन गर्नसक्ने व्यवस्था रहेको।
- अवलोकनको सिलसिलामा योजना तथा कार्यक्रहरुको विनियोजित बजेट, निकासा, खर्च लगाएतका वित्तिय प्रगति र सोहि बमोजिम भएको भौत्तिक प्रगतिको स्थिति एवम् कार्यान्वयको निरन्तरता, प्रभावकारिताको जाँचबुझ गर्ने, समस्याको आंकलन गर्ने र अनियमितता भए नभएको सो समेत अनुगमन गर्नसक्ने अधिकार रहेको थियो।

**४. योजना तथा कार्यक्रमको अनुगमन, निरीक्षण र अवलोकन (अध्ययन) को सीमा**

- चौथो अधिवेशन शुरु हुनै लागेको अवस्थामा एक हप्ताको समयसीमा भित्र योजना तथा कार्यक्रमहरुको अनुगमन, अवलोकन तथा निरीक्षण गर्नुपर्ने र चौथो अधिवेशन भन्दा अघि नै समितिलाई प्रतिवेदन बुझाउनु पर्ने बाध्यता रहेको।
- यस कार्यक्रमको सञ्चालनका लागि छोटो समय र न्यून बजेटका कारण मकवानपुर, चितवन र धादिङ्ग जिल्लाका सबै स्थानिय तह तथा वडाहरुमा पुग्न नसकिने अवस्था रहेकोले नमुनाको रुपमा पहुँचयोग्य योजना तथा कार्यक्रमहरुको अनुगमन गर्नुपर्ने र सम्बन्धित स्थानीय तहहरुसँगको अन्तरक्रिया मार्फत जानकारी एवम् सूचना, तथ्याङ्क संकलन गर्नुपर्ने अवस्था रहेको।

## ५. योजना तथा कार्यक्रमको अनुगमन, निरीक्षण र अवलोकन (अध्ययन) को विधि

- जिल्ला समन्वय समितिको समन्वयमा प्रत्येक स्थानिय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख, लेखा शाखा प्रमुख एवम् वडा अध्यक्ष समेतलाई आ-आफ्नो जिल्ला अन्तर्गत जिल्ला समन्वय समितिको सभाकक्षमा आमन्त्रण गरी योजना तथा कार्यक्रमको सम्बन्धमा छलफल गरीएको।
- योजना तथा कार्यक्रमहरुको छलफलमा सम्बन्धित जिल्लाका पूर्व सांसद, संघीय सांसद तथा प्रदेश सभाका सांसद, उपभोक्ता समिति, पत्रकार तथा सरोकारवालाहरुलाई आमन्त्रण गरिएको।
- नमुनाको रुपमा केही योजनाहरुलाई छनौट गरी सम्बन्धित योजना हेर्ने प्रमुख र इन्जिनियरसहित कार्यान्वयनस्थलमा नै गएर अवलोकन तथा सोधपुछ गरिएको।
- योजना तथा कार्यक्रमको उपयोग गर्ने वा लाभान्वित व्यक्ति मार्फत आवश्यक जानकारी तथा सूचना संकलन गरिएको।
- प्रत्येक स्थानीय तहहरुसँग प्रदेश सरकारका योजना तथा कार्यक्रमहरुको हालसम्मको प्रगति विवरण माग गरिएको।

## ६. योजना तथा कार्यक्रमको अनुगमन, निरीक्षण र अवलोकन (अध्ययन) बाट प्राप्त विवरण

क) थाहा नगरपालिका, मकवानपुर

आ.व. २०७५/७६ मा प्रदेश सरकार मार्फत थाहा नगरपालिकामा शंखमुल धाम, मझुवा खानेपानी तथा सरसफाई थाहा नगरपालिका वडा नं. ७, दामगाडे महादेव वेशी सडक, थाहा स्मारक पार्क थाहा नगरपालिका वडा नं. ४, पोषण सुरक्षा कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविका प्रवर्द्धन कार्यक्रम, शहरी स्वास्थ्य केन्द्र संचालन, शहरी स्वास्थ्य केन्द्र स्थापना, स्वास्थ्य सस्था संवर्द्धन, सुशासन, स्वास्थ्य संस्था संवर्द्धन, सुशासन पुँजीगत र थाहा स्मारक पार्क विशेष अनुदान र समपुरक गरी जम्मा ११ वटा योजनाहरु रहेको।

थाहा नगरपालिकाको कुल बजेट रु ५५ करोड ९९ लाख ३४ हजार मध्ये प्रदेश सरकारबाट प्राप्त बजेट रु ३ करोड १० लाख २८ हजार (५.५४%) रहेको छ। त्यस मध्ये चैत मसान्तसम्म रु ७७ लाख ५७ हजार निकासा भएकोमा रु ६८ लाख ६८ हजार अर्थात् २२.१३% मात्र खर्च भएको र २०७६ बैशाख १३ गते अर्थात यो अनुगमन कार्यक्रम सम्ममा रु २ करोड ३२ लाख ७१ हजार बजेट बाँकी रहेको देखिन्छ।

प्रदेश सरकार अन्तर्गतका योजनाको कार्यान्वयनको स्थितिः

यस नगरपालिकामा आ.व. २०७५/७६ मा शंखमुल धाम निर्माणको लागि ३० लाख विनियोजन भएकोमा सो को लागि सम्झौता भई निर्माण कार्य तीव्र गतिमा अगाडी बढेको देखिन्छ। मझुवा खानेपानी तथा सरसफाई आयोजनाको लागि ७० लाख विनियोजन भएकोमा जिल्ला समन्वय समिति को १ करोड पचास लाख, थाहा नगरपालिकाको १ करोड १ लाख र च्वाइस नेपालको १ करोड पचास लाख गरी जम्मा ४ करोड ७१ लाखको एकमुष्ठ बजेट निर्माण गरी टेण्डर प्रक्रियालाई अगाडी बढाउने निर्णय भएको देखिन्छ। तर प्रदेश सरकारबाट आएको अनुदानमा निश्चित प्रतिशत जनश्रमदान गर्नुपर्ने व्यवस्था

नभएकोले सो कार्यमा प्रदेश सरकारको बजेट निकासामा भने जटिलता देखिन्छ। दामगाडे महादेव वेशी सडकको लागि ५० लाख बजेट विनियोजन भएकोमा सम्झौता भई कार्य सञ्चालन भईरहेको, थाहा स्मारका पार्कमा प्रदेश सरकारको ५० लाख र सोही नगरपालिकाको बाँकी गरी २ करोड लागतमा टेण्डर भई कार्यप्रक्रिया अगाडी बढेको देखिन्छ। १५ लाख बजेटको शहरी स्वास्थ्य केन्द्र स्थापनाको कार्य सम्झौता भई सञ्चालन भईरहेको, थाहा स्मारका पार्क विशेष अनुदान समपुरक अन्तर्गत १ करोड बजेट विनियोजन भएकोमा टेण्डर प्रक्रिया अगाडी बढेको देखिन्छ।

थाहा नगरपालिका अन्तर्गत सम्पन्न भएका प्रदेश सरकारका योजनाहरुः

| क्र.सं. | योजना तथा कार्यक्रमहरु | बार्षिक बजेट | कैफियत |
|---|---|---|---|
| १ | पोषण सुरक्षा कार्यक्रम | रु १ लाख | कार्यक्रम सम्पन्न |
| २ | महिला स्वास्थ्य स्वयंसेविका प्रवर्द्धन कार्यक्रम | रु १ लाख ५० हजार | कार्यक्रम सम्पन्न |
| ३ | शहरी स्वास्थ्य केन्द्र सञ्चालन | रु ५ लाख | कार्यक्रम सम्पन्न |
| ४ | स्वास्थ्य संस्था संवद्र्धन, सुशासन | रु ३ लाख | कार्यक्रम सम्पन्न |
| ५ | स्वास्थ्य संस्था संवद्र्धन, सुशासन पुँजीगततर्फ | रु ३ लाख | कार्यक्रम सम्पन्न |

ख) राक्सिराङ्ग गाँउपालिका, मकवानपुर

मकवानपुर जिल्लाको अति नै विकट गाँउपालिकाको रुपमा चिनिन्छ यो गाँउपालिका। आ.व. २०७५/७६ मा यस गाँउपालिकामा प्रदेश सरकारबाट सञ्चालित योजना तथा कार्यक्रहरु, विनियोजन भएको बजेट र चैत मसान्तसम्म भएको खर्चको स्थिति निम्न तालिकाद्धारा स्पष्ट पारिएको छः

| क्र.सं. | शिर्षक रकम(बजेट) | बजेट खर्च(७५चैतसम्म) | बाँकी बजेट |
|---|---|---|---|
| १ | सशर्त अनुदान १८७०४०००/- | १४७०५४८५/- | ३९९८५१५/- |
| २ | समानिकरण अनुदान ७९५००००/- | ४५३८५१५/- | ३४११४८५/- |
| ३ | विशेष अनुदान ५००००००० /- | ६७१९०००/- | ४३२८१०००/- |
| जम्मा | ७६६५४०००/- | २५९६३०००/- | ५०६९१०००/- |

उपर्युक्त तालिका अनुसार यस गाँउपालिकामा आ.व.२०७५/७६ मा प्रदेश सरकार मार्फत ४४ वटा योजना तथा कार्यक्रमहरु सञ्चालनमा रहेका छन्। सशर्त, समानिकरण र विशेष अनुदान गरी कुल बजेट ७ करोड ६६ लाख ५४ हजार विनियोजन भएकोमा चैत मसान्तसम्ममा २ करोड ५९ लाख ६३ हजार अर्थात् (३३.८७%) मात्र खर्च भएको देखिन्छ। केही योजनाहरु तथा कार्यक्रमहरु सम्पन्न भइसकेको, केही अन्तिम चरणमा पुगेको र केही भने हालसम्म पनि खर्च भएको देखिँदैन जसले यी

योजना तथा कार्यक्रमहरु सुरुवात नभएको कुरा गाँउपालिकाबाट प्राप्त विवरणका आधारमा स्पष्ट रुपमा भन्न सकिन्छ।

ग) मनहरी गाँउपालिका, मकवानपुर

आ.व. २०७५/७६ मा मनहरी गाँउपालिकामा शसर्त अनुदान अनतर्गत ८ वटा योजना तथा कार्यक्रमको लागि २ करोड २३ लाख ५० हजार बजेट विनियोजन भएको देखिन्छ। हालसम्म भएको खर्च भने प्राप्त विवरणमा उल्लेख गरेको दखिँदैन। तसर्थ योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्था बारे स्पष्ट हुन नसकिएको।

घ) इन्द्रसरोवर गाँउपालिका, मकवानपुर

आ.व. २०७५/७६ मा यस गाँउपालिकामा नौ (९) वटा योजना तथा कार्यक्रमहरु सञ्चालनमा रहेका छन् भने १ करोड ६६ लाख कुल बजेट विनियोजन भएको छ। नौ वटै योजना तथा कार्यक्रमहरु सामाजिक विकास मन्त्रालय अन्तर्गत रहेका र कुनै पनि योजना तथा कार्यक्रमहरु बहुवर्षीय नभई एक वर्षे रहेका छन्। बजेट विनियोजन, निकासा र खर्च सम्बन्धि विवरण अनुसार कतिपय कार्यक्रमहरु सम्पन्न भइसकेको, केही योजना तथा कार्यक्रमहरुको सर्वेक्षण तथा समाग्री खरिद प्रक्रिया अघि बढेको भएतापनि पेश्कि माग नभएकोले ती योजना तथा कार्यक्रममा खर्च शून्य रहेको भन्ने व्यहोराको विवरण प्राप्त भएको छ।

दक्ष जनशक्तिको कमी, कम समयावधि, स्थानीय जनसहभागिता जुटाउन कठिन भएको जस्ता समस्या विवरण अनुसार देखिएको छ। योजना तथा कार्यक्रमलाई बहुवर्षीय बनाउनु पर्ने माग रहेको छ।

ङ) बकैया गाँउपालिका, मकवानपुर

आ.व. २०७५/७६ मा यस गाँउपालिकामा पुँजीगत तर्फ ५ वटा योजना तथा कार्यक्रमको लागि १ करोड ३७ लाख ५० हजार र चालु तर्फ ५ वटा योजना तथा कार्यक्रमको लागि १ करोड ५२ लाख ४५ हजार गरी कुल २ करोड ८७ लाख ९५ हजार बजेट विनियोजन भएको छ।

सामुदायिक स्वास्थ्य इकाइ निर्माण अनुदान (बकैया १ महादेवडाँडा), सामाजिक विकास मन्त्रालयसँग सम्बन्धित यस योजनाको बजेट १५ लाख रहेको र भौतिक निर्माणको काम सम्पन्न भइ भूक्तानीको प्रक्रियामा रहेको, कालिदमार देखि वाइवालोसे हुँदै कान्तिलोकमार्ग सडक (बजेट रु ५० लाख), घुम्तीमोड थली जुरेली सडक (बजेट रु ४० लाख) र रजुवा तीनभंगाले भिरकोट सडक (बजेट रु ३० लाख) का यी तीन योजनाहरु मिति २०७५/१२/२६ बाट ठेक्का प्रक्रिया सुरु भइसकेको विवरण प्राप्त भएको, स्वास्थ्य संस्थाको सुशासन अभिवृद्धि तथा सुदृढीकरण कार्यक्रम(पुँजीगत) (बजेट रु २ लाख पचास हजार) र स्वास्थ्य संस्थाको सुशासन अभिवृद्धि तथा सुदृढीकरण कार्यक्रम(चालुतर्फ) (बजेट रु २ लाख पचास हजार) को कार्यक्रम सम्पन्न भई भूक्तानीको प्रक्रियामा रहेको। सामुदायिका स्वास्थ्य इकाई सञ्चालन अनुदान (बजेट रु ५ लाख) को स्वास्थ्य कर्मी राखि सञ्चालनमा ल्याइएको जसमा १ लाख ३५ हजार खर्च भइसकेको। प्रदेश भित्र कार्य गर्ने म. स्वा. से का लागि सञ्चार सहयोग कार्यक्रम (बजेट रु १ लाख ४५ हजार) मा सबै म.स्वा.से. हरुलाई रु २५०० का दरले सञ्चार खर्च उपलब्ध गराई पूर्ण बजेट भूक्तानी भइसकेको। पूर्ण संस्थागत प्रसुती प्रवर्द्धन (बजेट रु ५ लाख) को कार्यक्रम सुरु हुन

बाँकी रहेको र ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण सुधार कार्यक्रम (बजेट रु १ लाख) को कार्यक्रम सम्पन्न हुने क्रममा रहेको सम्बन्धित निकायका प्रतिनिधिसँगको अन्तक्रिया र प्राप्त् विवरणबाट देखिन्छ।

च) कालिका नगरपालिका, चितवन

आ.व २०७५/७६ मा यस नगरपालिकामा रहेका योजना तथा कार्यक्रमहरुको अवस्थाः

स्थानीय तहमा पूर्वाधार भएका स्वास्थ्य संस्थामा पन्ध्र शैया सम्मको अस्पताल सञ्चालनको बजेट रु २५ लाख मध्ये ३ लाख ५६ हजार ५ सय चालिस खर्च भइसकेको, कर्मचारीहरु करारमा भर्ना गरी सकिएको, ५ वर्ष मुनीका वालवालिकाहरुको पोषण सुधार कार्यक्रमको बजेट रु १ लाख रहेको र सो कार्यक्रम सञ्चालन गर्नका लागि ४ वटा स्वास्थ्य संस्थाहरुमा कार्यक्रम तय भइसकेको, महिला स्वास्थ्य सेविकाका लागि सञ्चार खर्च सहयोग कार्यक्रमको लागि बजेट रु ९३ हजार रहेकोमा म.स्वा.से.का को बैंक खाता खोल्ने काम भइरहेको, स्वास्थ्य संस्थाको सुशासन अभिवृद्धि तथा सूदृढीकरण कार्यक्रम अन्तर्गत ४ वटा स्वास्थ्य संस्थालाई समान ढङ्गबाट सम्पूर्ण बजेट रु २ लाख भूक्तानी दिइएको, जुटपानी बजार चिल्ड्रेन पार्क बजेट रु ४० लाख रहेकोमा डी.पि.आरको काम सम्पन्न भइसकेको, न्युरेनी देखि देविटार सडक कालो पत्रे बनेट रु १ करोड रहेको र सो काम उपभोक्ता समिति मार्फत संझौता भई कार्य शुरु भएको, गुरौचौर सिमलघारी सडक स्तरोन्नती बजेट रु ३० लाख रहेकोमा टेण्डर प्रक्रिया मार्फत सम्झौता भई निर्माण कार्य शुरु भएको, भटेनी कूमाल गाँउ डिप वोरिङ बजेट रु ३० लाख रहेको र सो को डी. पि. आर तयार भई लागत अनुमान समेत बनि योजना सञ्चालनमा रहेको, पन्ध्र शैया सम्मको अस्पताल सञ्चालनका लागि आवश्यक औजार उपकरण खरिद (स्थानीय तहसँगको सहकार्यमा) बजेट रु २५ लाख रहेकोमा खरिद प्रक्रिया शुरु भई एक्स-रे मेसिन खरिद भइसकेको कार्यप्रगतिको विवरणबाट देखिएको छ।

प्रदेश सरकारको बजेटमा जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, भरतपुर मार्फत यस नगरपालिकामा रु १ करोड १३ लाख बजेटमा ४ वटा तटबन्ध निर्माण कार्य सञ्चालनमा रहेको छ।

छ) भरतपुर महानगरपालिका, चितवन

आ.व २०७५/७६ मा यस नगरपालिका मार्फत प्रदेश सरकारका ३७ वटा योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा रहेका र प्रदेश सरकारको बजेट रु १७ करोड ८ लाख ८६ हजार रहेको छ भने रु १ करोड २६ लाख ४३ हजार ९ रुपँया ४ पैसा बराबरको जनसहभागिता रहेको प्राप्त विवरणबाट देखिन्छ। यसरी हेर्दा सम्पूर्ण योजना तथा कार्यक्रमहरुको कुल लागत रु १८ करोड ३५ लाख २९ हजार ९ रुपँया ४ पैसा हुन आउने देखिन्छ। केही योजना तथा कार्यक्रमहरुमा जनसहभागिता राख्नुपर्ने नदेखिएता पनि अधिकांशमा राखिएको र केहीमा नराखिएको पाइएकोले एकरुपता कायम हुन नसकेको देखिन्छ। समग्र कार्यको भौत्तिक र वित्तिय प्रगतिको स्थिति हेर्दा भरतपुर १८ स्थित् बाबुराम चोकबाट किसान चोक भेटघाट चोक मिल्दन चोकको सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भइसकेको विवरण प्राप्त भएको छ भने अधिकांश योजना तथा कार्यक्रमहरु ५० प्रतिशत सम्पन्न भइसकेको विषयको जानकारी उक्त महानगरका प्रतिनिधिसँगको अन्तक्रिया र प्राप्त विवरणबाट बुझिएको छ।

ज) धुनिवेशी नगरपालिका, धादिङ्ग

आ.व २०७५/७६ मा यस नगरपालिकामा परेका केही योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको स्थितिः

प्रदेश सरकार सशर्त अनुदान मार्फत धुनिवेशी ३ भोटेडाँडा सेढाईगाँउ खानेपानी आयोजना बजेट रु ५० लाख, नौविसे बजार दोभान लिखु टिष्टुङ्ग सडक बजेट रु ६० लाख, र पिप्लामोड महेशफाँट रमाईलोचौर कोल्पु सडक( काठमाडौं नुवाकोट र धादिङ्ग जोड्ने-०बजेट रु ५० लाख रहेकोमा यी आयोजनाहरु शुरु भई करिब १० प्रतिशत काम सकिएको तर सोको भुक्तानी भइनसकेकोले गर्दा वित्तिय प्रगति शुन्य देखिन्छ।

झ) रुवी भ्याली गाउँपालिका, धादिङ्ग

- आ.व २०७५/७६ मा यस नगरपालिकामा परेको पालिका भवन निर्माण बजेट रु ५ करोड रहेकोमा पालिका भवन डिजाइन, माटो परिक्षण र टेण्डर प्रक्रिया सम्बन्धि कार्यको लागि केही रकम भुक्तानी भइसकेको ( विशेष अनुदानमा थोरै रकम राखी बाँडफाँड गर्न नमिल्ने भनि मौखिक सूचना आएको हुँदा सम्पूर्ण रकम पालिका भवनमा संशोधन गरेकोमा पूरानै शिर्षक कायम भई आएको हुँदा सम्पूर्ण रकम पालिका भवनमा नै राखिदिनुहुन अनुरोध भइ आएको)।
- झार्लाङ, सेर्तुङ, लापा, तिप्लिङ सडक निर्माण बजेट रु १ करोड रहेको सम्पर्क तथा समन्वयको ढिलाईले गर्दा प्रदेश सरकारबाट नै टेण्डर भइसकेको भन्ने जानकारी प्राप्त भएकोले बाँकी कुनै प्रक्रिया यस कार्यालयबाट अगाडी नबढेको।
- स्थानिय तहमा अस्पताल तथा स्वास्थ्य चौकी भवन निर्माण बजेट रु ९८ लाख ५० हजार रहेको र सो रकम तिप्लिङ स्वास्थ्य चौकीको लागि विनियोजन भएकोमा सोही स्थानमा सहरी विकासबाट
- निर्माणाधिन अवस्थामा रहेको हुँदा उक्त रकम सेर्तुङ स्वास्थ्य चौकीमा शिर्षक संशोधन गरी निर्माण गर्नको लागि शिर्षक संशोधन गरी पठाईदिन अनुरोध भएको।
- बतासे डाँडा वोराङ राउचेत हुँदै लापा ठुलो गाउँ सडक निर्माण बजेट रु ५० लाख रहेकोमा ३० प्रतिशत काम सम्पन्न भइसकेको र बाँकी निर्माणाधीन अवस्थामा रहेको जानकारी प्राप्त भएको छ।

ञ) नेत्रावती डबजोङ गाउँपालिका, धादिङ्ग

- आ.व २०७५/७६ मा यस गाउँपालिकामा सञ्चालित योजना मध्ये स्वास्थ्य चौकी अस्पताल निर्माण योजना ( बहुवर्षे) बजेट रु १ करोड रहेकोमा डी.पि.आर तयार भई कार्यप्रक्रियामा रहेको जानकारी प्राप्त भएको छ भने अन्य योजना तथा कार्यक्रमहरुको विवरण प्राप्त हुननसकेको।

ट) गल्छी गाउँपालिका, धादिङ्ग

- आ.व २०७५/७६ मा यस गाउँपालिकामा प्रदेश सरकार मार्फत सञ्चालित योजनाहरुमा श्री नमुना बागेश्वरी बहुमुखी क्याम्पस पूर्वाधार निर्माण बजेट रु ९७ लाख २ हजार रहेकोमा ठेक्का भई मूल्यांकन सकीएको र आशय पत्र जारीका लागि तयारी हुँदै गरेको।
- बान्द्रे ढुंगे दागर्चा पाल्चोक सडक बजेट रु ३० लाख रहेकोमा २०७५ चैत मसान्तसम्ममा नै सम्पन्न भईसकेको।
- सुत्केरी ढुंगा कार्कीडाँडा रैल मकवानपुर गल्छी सडक बजेट रु ५० लाख रहेको भौत्तिक प्रगति करिब ९० प्रतिशत भएता पनि हालसम्म भने ३३ प्रतिशत मात्र भूक्तानी भएको र बाँकी भूक्तानी भइनसकेको।

ठ) नीलकण्ठ नगरपालिका, धादिङ्ग

आ.व २०७५/७६ मा यस गाउँपालिकामा प्रदेश सरकार मार्फत सञ्चालित योजनाहरुमा काउले - पात्ले गनेडाँडा मोहरखोला अम्बोटे स्याउली सडक बजेट रु ३० लाख रहेकोमा करिब ३० प्रतिशत काम सकिएको, मनरुपी मा.वि भवन निर्माण बजेट रु ३० लाख रहेकोमा ५० प्रतिशत भन्दा बढी काम सकिएको, अल्छिडाँडा पौवा रिजालथोक भैखि मन्दिर पर्यटकीय मार्ग बजेट रु ३० लाख रहेकोमा ६० प्रतिशत कार्य सम्पन्न भइसकेको, गुठ र अम्बोटे खेल मैदान बजेट रु ५० लाख रहेकोमा जग्गा अभावले गर्दा कार्य अगाडी नबढेको, कुमालगाउँ खानेपानी ट्याङकी निर्माण वडा नं १२ बजेट रु ३० लाख रहेको र ३० प्रतिशत कार्य सम्पन्न भएको, स्याउली काउले सडक स्तरोन्नती बजेट रु ५० लाख रहेकोमा ठेक्का प्रक्रियामा भएको ढिलाईका कारण करिब २० प्रतिशत मात्र कार्य भएको, निलकण्ठ २ बसाहा लिफ्ट सिंचाई योजना बजेट रु ५० लाख रहेकोमा डी.पि.आर तयार गरी कार्य अगाडी बढेको, नीलकण्ठ ६ सुनौला बजार खानेपानी योजना बजेट रु ५० लाख रहेकोमा डी.पि.आर तयार भई ठेक्का प्रक्रिया अघि बढेको, नीलकण्ठ ५ पतेली खोला सिंचाई योजना बजेट रु ५० लाख रहेकोमा डी.आर, ठेक्का प्रक्रिया र सम्झौता सम्पन्न भइसकेको, नीलकण्ठ ५ बाँझोगरा

फयाक्से लिफ्ट खानेपानी योजना बजेट रु ३० लाख रहेकोमा ठेकदार सँग सम्झौता प्रक्रियामा रहेको, नीलकण्ठ १० र ११ हनुमानडाँडा तिम्ले सडक बजेट रु ५० लाख रहेकोमा कार्य प्रक्रिया अघि बढेको, तमै सातमाटे स्कुल पात्ले स्कुल खेलमैदान निर्माण बजेट रु ५० लाख रहेकोमा ठेकदारसँग सम्झौता भई निर्माण कार्य शुरु भइसकेको विवरण एवम् अन्तक्रिया मार्फत जानकारी प्राप्त भएको छ।

उपर्यक्त आयोजना मध्ये नीलकण्ठ १३ स्थित मनरुपी मा. वि को भवन निर्माण आयोजनाको स्थलगत अवलोकन गर्दा उक्त आयोजनाको कार्यप्रगति ५० प्रतिशत भने पनि बजेट अनुसार भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको देखिन्छ यधपि बजेट अभावका कारण भने भवन प्लाष्टर र रङ्गरोगन बाँकी रहने देखियो।

ड) ज्वालामुखी गाउँपालिका, धादिङ्ग

आ.व. २०७५/७६ मा यस गाउँपालिकामा प्रदेश सरकार मार्फत सञ्चालित योजना मध्ये साभधङ्याङ खरी बुङ्कोटघाट सडक बजेट रु ५० लाख, पाल्पा भङ्याङ साधभङ्याङ दर्बुङ्घाट सडक बजेट

रु ५० लाख, देउराली गैरागाउँ ज्वालामुखी सालवास भकारे सडक बजेट रु ४० लाख र अगेरी विसौनाडाँडा पुर्सुक सिमभञ्ज्याङ सडक बजेट रु ३० लाख रहेका यी आयोजना सम्पन्न भइसकेको जानकारी प्राप्त भएको छ। ऐतिहासिक मैखीकोट भ्युटावर निर्माण बजेट रु ५० लाख र समी भञ्ज्याङ उ.मा.वि भवन निर्माण बजेट रु ५० लाख रहेकोमा हालसम्म पनि भौत्तिक र वित्तिय प्रगति शुन्य देखिन्छ। अन्य बाँकी आयोजनाहरु भने कार्यान्वयन भइ करिब ५० प्रतिशत काम सम्पन्न भइसकेको विवरण प्राप्त भएको छ।

उपर्युक्त १३ वटा स्थानीय तहहरुको विवरण प्राप्त भए पनि ३ वटा जिल्लाका बाँकी १८ वटा स्थानीय तहहरुको विवरण प्राप्त नभएको। प्रत्येक जिल्लामा गरिएको अन्तक्रिया तथा छलफलमा भने सम्पूर्ण स्थानीय तहहरुको उल्लेख्य सहभागिता भएको थियो। सहभागिहरुले सबै योजना तथा कार्यक्रमहरु प्रक्रियागत ढङ्गबाट भइरहेको तर केही योजना तथा कार्यक्रमहरु भने स्पष्ट नीतिको अभाव हुँदा कार्यान्वयन गर्न जटिलता उत्पन्न भएको बारे जानकारी गराएका छन् र त्यस्ता जटिलतालाई प्रदेश सरकारले सुधार गर्नुपर्ने धारणा राखेका छन्।

उपस्थित प्रतिनिधिहरुले राखेका मागहरुः

- प्रदेशबाट सञ्चालन हुने योजनाको विवरण र रकमको व्यवस्था समयमा नै हुनुपर्ने।
- लगत स्टिमेट बमोजिमको रकम प्रदेशबाट स्विकृत हुनुपर्ने।
- स्थानीय तहहरुले छनौट गरेका महत्वपूर्ण योजनाहरुलाई प्रदेश सरकारले प्राथमिकतामा राखि बजेट विनियोजन गर्नुपर्ने।
- कतिपय योजना तथा कार्यक्रमहरु संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयको अभावमा दोहोरोपना देखिएको।
- प्रदेश सरकारले पठाएका योजना तथा कार्यक्रमहरु न्यून बजेटका रहने गरेका।
- लागत सहभागितामा एकरुपता कायम गरिनुपर्ने (उपभोक्ता समितिले गर्ने योजनामा अनिवार्य लागत सहभागिता राखिनुपर्ने।
- सार्वजनिक खरिद ऐनका कारण काम गर्न जटिलता उत्पन्न हुने अवस्था रहेको।
- सम्झौता समन्वय गर्न प्रदेशको इकाई कार्यालयहरुको स्थापना प्रत्येक जिल्लामा हुनुपर्ने।
- कुनै कुनै योजनाहरु आफ्नै स्थानीय तहमा कार्यान्वयन भएता पनि स्थानीय तह बेखबर रहेको।
- बजेट विनियोजन लगतै स्थानीय तहहरुसँग अन्तक्रिया तथा छलफल चलाउनुपर्ने।
- असारे विकास प्रक्रिया रोकेर समतामुलक विकासलाई प्राथमिकता दिनुपर्छ।
- समय समयमा अनुगमन, मूल्याङ्कन प्रभावकारी ढङ्गबाट हुनुपर्ने।
- पहुँचका आधारमा योजना छनौट गर्ने विधिको अन्त्य गर्नुपर्ने।
- कर्मचारी अभावका कारण काम गर्न जटिलता उत्पन्न भएको (विशेषत प्राविधिक कर्मचारी)।
- कतिपय योजना सार्वजनिक जग्गामा निर्माण भएकोले जटिलता उत्पन्न भएको।
- जग्गा नै नभएको स्थानमा बजेट विनियोजन भएकोले काम गर्न जटिलता उत्पन्न भएको।
- सशर्त अनुदान सँगसँगै संचालन निर्देशिका पनि पठाउनु पर्ने।

- प्रदेशले डी.पि.आर नभएको योजनामा बजेट पठाउँदा समस्या भएको।
- भौत्तिक पूर्वाधारमा मात्र बढि बजेट विनियोजन भएको तर सामाजिक विकासमा पनि बजेट लाई प्राथमिकता दिनुपर्ने।
- लक्षितवर्ग केन्द्रित बजेट विनियोजनमा जोड दिनुपर्ने।

**३. योजना तथा कार्यक्रमको अनुगमन, निरीक्षण र अवलोकन (अध्ययन) कार्य एवम् उक्त योजना तथा कार्यक्रमको कार्यान्वयनमा देखिएका समस्या**

१.नेत्रावती डबजोङ गाउँपालिका वडा नं ४ स्थित् स्वास्थ्य चौकी भवन निर्माण योजना बजेट रु १ करोड रहेको र डी.पि.आर तयार भईसकेकोमा सामाजिक विकास मन्त्रालयको कार्यक्रममा सेमजोङ स्वास्थ्य चौकीलाई स्तरोन्नती गर्ने भनिएको तर गाउँसभाको निर्णयानुसार नेत्रावती डबजोङ गाउँपालिका वडा नं. ४ भोगटेनीमा निशुल्क जग्गा प्राप्त गरी निर्माण गर्ने भनिएकोले कार्यान्वयनमा समस्या देखिएको।

२. कतिपय स्थानमा बजेट विनियोजन भइसकेको तर योजना कार्यान्वयन गर्न भने जग्गा खरिद गर्नुपर्ने अवस्थाले समस्या उत्पन्न भएको।

३. कालिका नगरपालिका, चितवनमा सञ्चालित स्थानीय तहमा भएको स्वास्थ्य संस्थाको सुशासन अभिवृद्धि तथा सुदृढीकरण कार्यक्रम अन्तर्गत प्रति स्वास्थ्य संस्था रु पचास हजारका दरले रु दुई लाख बजेट बिल भर्रपाई बिना नै भूक्तानी दिइसकेको भन्ने विवरणमा उल्लेख भएको।

४. प्रदेशको योजनाको आधार स्पष्ट नहुनु।

५. प्रदेशको योजना तथा कार्यक्रमहरु तेस्रो प्राथमिकतामा पर्नु।

६. बीस मिटर भन्दा छोटो पुल मात्र प्रदेशले हेर्ने भनिएकोले यस विषयमा प्रदेशले आफ्नो धारण स्पष्ट पार्नु पर्ने।

७. सार्वजनिक खरिद ऐन समयसापेक्ष र वैज्ञानिक नहुँदा काम गर्न जटिलता उत्पन्न भएको।

८. प्रदेशको बजेट सिलिङ्ग तथा कार्यविधि समयमा नै नपठाउँदा योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा समस्या उत्पन्न भएको।

९. खानिजन्य उत्खनन्मा प्रशोधित र जिविकोपार्जन गर्न सामान्य व्यक्तिले संकलन गरेको वस्तुमाएउटै करको दर लागु हुँदा न्याय नदेखिएको।

१०. विशेषत प्राविधिक कर्मचारीको अभावले योजना कार्यान्वयनमा समस्या रहेको।

११. तीन तहका सरकारबीच समन्वयको कमीले गर्दा प्रदेशका अधिकांश योजनाहरु कार्यान्वयनमा ढिलाई भएको तथा योजना डुप्लिकेशनको समस्या झनै व्यापक रहेको।

१२. प्रदेशका कतिपय योजनाहरुमा लागत सहभागिता नहुँदा योजना कार्यान्वयनमा समस्या देखिएको।

**४. निष्कर्ष**

नेपालले नयाँ अभ्यासको रुपमा तीन तहको शासन व्यवस्था अंगिकार गरेको सन्दर्भमा विकास प्रक्रियालाई पनि नयाँ ढगबाट लैजानु पर्ने अवस्था रहेको छ। प्रदेश सभा सार्वजनिक लेखा समितिले शुरु गरेको यस कार्यबाट नेपालको विकास प्रक्रियाबारे बुझ्ने अवसर प्राप्त भएको छ। सार्वजनिक लेखा

समितिको यस उपसमितिले मकवानपुर, चितवन र धादिग जिल्लाका विभिन्न स्थानमा भ्रमण गर्ने अवसर प्राप्त गरेसँगै प्रदेश सरकारका योजना तथा कार्यक्रमहरुको वस्तुस्थिति बुझ्ने कामगरि कार्यान्वयनको अवस्थाबारे विश्लेषण गरियो। कतिपय योजना तथा कार्यक्रहरु समयमा नै सम्पन्न भएको, कतिपय योजना तथा कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेको पाइयो भने केहि योजना तथा कार्यक्रमहरु हालसम्म पनि शुरु हुन नसकेको पाइएको छ। यस विषयमा छलफल गर्दा सम्बन्धित तहबाट विभिन्न माग पनि उठेका छन्। केहि समस्या नीतिगत रहेपनि केहिमा भने काममा उदासिनता रहेको पाइयो। यी यावत् समस्याहरुलाई समाधान गरी अबउप्रान्तका दिनमा यस प्रतिवेदनले औंल्याएका सुझावहरुलाई कार्यान्वयन गरी अगाडी बढ्नुपर्ने देखिन्छ।

**५. सुझावहरु**

१ सार्वजनिक खरिद ऐन, २०६३ को समयसापेक्ष सुधार गरिनुपर्ने।

२ उपभोक्ता समितिले गर्ने योजनाहरुमा जनसहभागितालाई अनिवार्य गर्नुपर्ने।

३. प्रदेश सरकारलाई स्थानीय तहहरुमा समयमा नै बजेट सिलिङ्ग र खर्च सम्बन्धि कार्यविधि पठाउन निर्देशन दिइनुपर्ने।

४ प्रोजेक्ट बैंकको अबधारणालाई अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्ने।

५ प्रदेश सरकारले आफ्ना योजना तथा कार्यक्रमहरुलाई सहज ढङ्गबाट सञ्चालन गर्न समन्वय इकाई र अनुगमन तथा मूल्याङ्कन एवम् कार्यान्वयन संयन्त्र बनाउनु पर्ने र जिल्ला समन्वय समितिलाई अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार दिइनुपर्ने।

६. स्वरोजगार र उत्पादनमुलक उधोगलाई प्रोत्साहन गर्ने योजना तथा कार्यक्रमहरुलाई जोड दिंदै बजेट विनियोजन गर्नुपर्ने।

७. प्रदेश सरकारले १० लाख भन्दा साना योजना नगर्ने र क्रमागत योजनालाई बढी प्राथमिकता दिइनुपर्ने।

८. खानीजन्य उधोग अन्तर्गत प्रशोधित र सामान्य व्यक्तिले संकलन गरेको वस्तुमा लाग्ने करको दर फरक हुनुपर्ने।

९ प्रदेश सरकारद्धारा सञ्चालित कार्यक्रममा स्थानीय सरकारलाई जिम्मेवार बनाउनुपर्ने।

१० मापदण्ड पूरा गरेर तयार गरेको डी.पि.आर जसले तयार गरेपनि( संघ, प्रदेश र स्थानीय तह) त्यसकै आधारमा बजेट विनियोजन गर्नुपर्ने।

११ प्रदेशले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरु सम्बन्धीत जिल्लाका प्रदेश सभाका सदस्यलाई अनुगमनको विशेष जिम्मा दिनुपर्ने।

<u>उपसमिति-२</u>

**पृष्ठभूमी**

प्रदेश सभा अर्न्तगतको सार्वजनिक लेखा समितिले प्रदेश सरकार मातहत स्थानीय निकायमा सञ्चालित योजना/आयोजनाको वर्तमान अवस्था तथा लेखाका सर्न्दभमा सरोकारवाला निकायहरुसँग प्रत्यक्ष छलफल तथा संम्भव भएसम्म योजना/आयोजनाको बस्तुस्थिती बारे अनुगमन गर्ने उद्येश्यले सार्वजनिक लेखा समितिको मिति २०७६/०१/२० गतेको बैठकको निर्णयानुसार चारवटाको संख्यामा उपसमितिहरु निर्माण भई कार्यक्षेत्र विभाजन गरि क्षेत्राधिकार सहित अनुगमन तथा छलफलको जिम्मेवारी तोकिएको थियो ।

## १.उपसमिति परिचय

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | मा.दीपक निरौला | संयोजक |
| २ | मा.गणेश प्रसाद दुलाल | सदस्य |
| ३ | मा.जीवन खड्का | सदस्य |
| ४ | मा. देवकी श्रेष्ठ | सदस्य |
| ५ | मा. प्रेम बहादुर तामाङ | सदस्य |
| ६ | मा. भीमसेन खत्री | सदस्य |
| ७ | मेगेन्द्र न्यौपाने | सदस्य सचिव |

## २.कार्यक्षेत्र

सार्वजनिक लेखा समिति अन्‍तगत बनेको उपसमिति २ को कार्यक्षेत्र अन्‍तगत ५ वटा जिल्लाका स्थानीय तहहरु तोकिएको थियो,

१. भक्तपुर २. काठमाडौं ३. ललितपुर ४. नुवाकोट ५. रसुवा

## ३.अध्ययनको उद्येश्य

यस अवलोकन तथा अन्र्तक्रियात्मक कार्यक्रमको मूल उद्येश्य निम्नानुसार रहेका छन्।

- प्रदेश सरकार मातहत स्थानीय तहमा सञ्चालित योजना/कार्यक्रमहरुको बस्तुस्थिती बारे जानकारी लिने।
- प्रदेश सरकार अन्र्तगत योजना/कार्यक्रमहरु कार्यान्वयनका क्रममा आएका कठिनाईहरुको अन्‍तक्रिया तथा अनुगमन मार्फत पहिचान तथा समाधान गर्ने उचित उपाय पहिल्याउने।
- लेखाका काम कारबाही प्रति भएका अनियमितता, दुरुपयोग तथा लापरबाहीप्रति स्थानीय तहलाई सजग गराउने।
- प्रदेश सरकार मार्फत स्थानिय तहकालागि विनियोजित रकम खर्चको यर्थाथ अवस्था बारे विवरण संकलन गर्ने।
- स्थानीय तहहरुका आगामी बजेट तथा अन्य कार्यक्रमहरुमा प्रदेश सरकार प्रतिका अपेक्षा बुझ्ने।
- प्रदेश सरकार र स्थानीय तह बीचको सहअस्तित्वलाई अझ मजबुत बनाउने।
- प्रदेश सरकार मार्फत भएको बजेट निकासा तथा स्थानीय तहले खर्च गर्ने सन्दर्भमा भोग्नु परेका कठिनाईको अवस्था बारे जानकारी लिनु।
- स्थानीय तहलाई तोकिएका योजनाको बस्तुस्थिती पत्ता लगाई भावी कार्यदिशा पत्ता लगाउनु।
- स्थानीय तहका विगत लामो समय देखिका अनुभवहरु आदान प्रदान गर्ने।

**४.योजना तथा कार्यक्रमको अध्ययनको विधि**

- जिल्ला समन्वय समितिको भवनमा जि.स.स परिवार / महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका/ गाउँपालिकाका प्रमुख, उपप्रमुख, प्रशासकिय प्रमुख, लेखा प्रमुख, योजना प्रमुखहरुको प्रत्यक्ष सहभागिता रहेको थियो।
- प्रत्येक जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने माननीयहरु सहितको सहभागितामा अन्तरक्रिया सञ्चालन गरियो।
- प्रत्येक निकायबाट भएको उपस्थितीका आधारमा योजना तथा कार्यक्रम बिषयक छलफल केन्द्रित भएको थियो।
- सम्बन्धित निकायबाट क्रमैसँग आफ्ना बिचार राख्ने क्रममा योजना कार्यक्रम बिषयक वर्तमान अवस्था, भोगिरहेका समस्या, समाधानका उपाय र आगामी दिनमा प्रदेश सरकारले खेल्नुपर्ने भूमिकाहरुमाथी छलफल केन्द्रित रहयो।
- सरोकारवाला निकायको प्रत्यक्ष सहभागिता सहितको अन्तरक्रिया साथै सञ्चार माध्यम मार्फत प्राप्त तथ्यांकहरुका आधारमा प्रदेश सरकार मार्फतका योजना तथा कार्यक्रम बिषयक जानकारी संकलन गरी अध्ययन गरियो।

**५.योजना तथा कार्यक्रम अध्ययनको सिमा**

- छोटो अवधि भित्र तोकिएका जिल्लाहरुमा गई अध्ययन अनुसन्धान गर्नुपर्ने,
- दक्ष प्राविधिक जनशक्तिको अभावमा स्थलगत योजना/कार्यक्रमको अनुगमन गर्नुपर्ने,
- पर्याप्त समय नदिई स्थानीय तहबाट उपसमितिले तोकेको ढाँचामा विवरण संकलन गर्नुपर्ने अवस्था,
- तोकिएको बजेट सिमा भित्र रहि सञ्चालित अनुगमन तथा छलफल कार्यक्रमको प्रभावकारिता खोजिनुपर्ने अवस्था,
- भौगोलिक विकटताका कारण अपेक्षित ठाउँमा गई छलफल अनुगमन सञ्चालन गर्न कठिनाई हुनु।

६.जिल्लागत रुपमा रहेका स्थानीय निकायहरुको नामावली

६.१ भक्तपुर जिल्लामा रहेका स्थानीय तहका नामावली

- चाँगुनारायण नगरपालिका
- भक्तपुर नगरपालिका
- मध्यपुर थिमी नगरपालिका
- सूर्यविनायक नगरपालिका

६.२ काठमाडौं जिल्लामा रहेका स्थानीय तहको नामावली

- काठमाडौं महानगरपालिका
- कागेश्वरी मनोहरा नगरपालिका
- कीर्तिपुर नगरपालिका
- गोकर्णेश्वर नगरपालिका
- चन्द्रागिरी नगरपालिका
- टोखा नगरपालिका
- तारकेश्वर नगरपालिका
- दक्षिणकाली नगरपालिका
- नागार्जुन नगरपालिका
- बुढानिलकण्ठ नगरपालिका
- शङ्करापुर नगरपालिका

६.३ ललितपुर जिल्लामा रहेका स्थानीय तहको नामावली

- ललितपुर महानगरपालिका
- गोदावरी नगरपालिका
- महालक्ष्मी नगरपालिका
- कोन्ज्योसोम गाउँपालिका
- बागमती गाउँपलिका
- महाङ्काल गाउँपालिका

६.४ नुवाकोट जिल्लामा रहेका स्थानीय तहको नामावली

- बिदुर नगरपालिका
- बेलकोटगढी नगरपालिका
- ककनी गाउँपालिका
- किस्पाङ गाउँपालिका
- तादी गाउँपालिका
- तारकेश्वर गाउँपालिका
- दुप्चेश्वर गाउँपालिका
- पञ्चकन्या गाउँपालिका
- लिखु गाउँपालिका
- म्यागङ गाउँपालिका
- शिवपुरी गाउँपालिका
- सूर्यगढी गाउँपालिका

६.५ रसुवा जिल्लामा रहेका स्थानीय तहका नामावली

- उत्तरगया गाउँपालिका
- कालिका गाउँपालिका
- गोसाईकुण्ड गाउँपालिका
- नौकुण्ड गाउँपालका
- पार्वतीकुण्ड गाउँपालिका

**७. प्रदेश अर्न्तगतका योजना/बजेट कार्यान्वयनका क्रममा स्थानीय निकायबाट औंल्याईएका समस्याहरु,**

- प्रदेश र स्थानीय तहबिच योजना/कार्यक्रम तर्जुमाका क्रममा पर्याप्त समन्वयको अभाव देखिएको।
- प्रदेशको कार्यविधि ढिलो आई बजेट कार्यान्वयनमा स्थानीय तहमा असहजता सिर्जना भएको।
- प्रदेश र स्थानीय तहबीच सञ्चार समन्वयको अभावमा योजनाहरुमा दोहोरापन तथा बजेट निकाशा बारेको जानकारी ढिलो हुने गरेको।
- बजेट निर्माण प्रकृयामा प्रदेश र स्थानीय तह बीच पर्याप्त समन्वयको अभाव रहेको।
- उपभोक्ता समिति मार्फत स्थानीय तहमा सञ्चालन भएका विकास गतिविधि पारदर्शी तथा प्रभावकारी हुन नसकेको गुनासो रहेको।
- प्रदेशले सर्शत अनुदान अन्रतगत पूँजीगत खर्चको प्रगति प्रतिवेदनको ढाँचा विकास गर्न नसकेको।
- प्रदेश मार्फत स्थानीय तहमा कार्यविधि ढिलो गएको।
- प्रदेशको बजेट खर्च गर्न स्थानीय तहलाई लामो प्रकृयाका कारण असहजता भएको।
- योजना कार्यान्वयन गर्न पर्याप्त र दक्ष कर्मचारीको अभाव रहेको।
- प्रदेश र स्थानीय तहको बजेट ल्याईने समयावधी बिचको अन्तर कम रहेकोले कार्यक्रम दोहोरिने गरेको।
- लागत सहभागितालाई प्रदेशले कम महत्व दिदा स्थानीय तहमा प्रदेश अर्न्तगतका योजना/कार्यक्रम कार्यान्वयनमा कठिनाई देखिएको।
- स्थानीय तहलाई सार्वजनिक जग्गा प्राप्ति तथा भवन निर्माणमा कठिनाई रहेको।
- एकै योजनामा प्रदेश र स्थानीय निकायको बजेट विनियोजन हुने अवस्था।
- प्रदेश र स्थानीय तह बीच करका बिषयबस्तुमा दोहोरोपना रहेको।

- स्थानीय तहमा लेखाको लेखांकनमा जटिलता बढ्दै गएको।
- कर्मचारीहरुलाई क्षमता विकासका कार्यक्रमहरुको अभाव रहेको।
- एकै प्रकृतिको बजेट कतै एक बर्षे कतै बहुबर्षे रहेको।
- प्रदेशको आफ्नै प्राविधिक जनशक्तिको अभावका कारण स्थानीय तहका प्रादेशिक योजनाहरुको कार्यान्वयनमा समस्या रहेको।
- जिल्ला समन्वय समिति भूमिका बिहिन अवस्थामा रहेको।
- प्रदेशको बजेट वितरण तथा स्थानीय तहमा सञ्चालित योजनाबारे जिल्ला समन्वय समितिसँग समन्वय नभएको।

**८. प्रदेश अर्न्तगत योजना/बजेट कार्यान्वयनका क्रममा स्थानीय तहबाट दिईएका सुझावहरु**

- प्रदेश सरकारको बजेट सिलिङ समयमै आउनु पर्ने।
- प्रदेशले पूँजीगत कार्यक्रमहरुलाई जोड दिनुपर्ने।
- जनसहभागितामुलक योजनालाई प्रदेश सरकारले महत्व दिईनुपर्ने।
- बजेट निर्माण गर्दा प्रदेश सरकार र स्थानीय सरकार बीच पर्याप्त समन्वय हुनुपर्ने।
- प्रदेशले ठूला योजना तर्फ मात्र केन्द्रित रहनुपर्ने।
- योजना छनौटमा स्थानीय र प्रदेशका बीच पर्याप्त समन्वय हुनुपर्ने।
- प्रदेशका योजनाहरु क्रमागत राखिनु उपयुक्त हुन्छ।
- उपभोक्ता समितिका काम कारबाही पारदर्शी र जिम्मेवारीपूर्ण बनाईनुपर्ने।
- सामुदायिक भवनको उपभोग निति बनाईनुपर्ने।
- कर्मचारीलाई स्थानीय तहमा स्थाईत्व कायम गरिनुपर्ने।
- प्रोजेक्ट बैक अर्न्तगत योजना सञ्चालन गरिनु उपयुक्त हुने।
- स्थानीय तहको प्रोजेक्ट बैक प्रदेशले माग गरी प्रदेशको बजेट निकाशा गरिनुपर्ने।
- प्रदेश र स्थानीय तहमा करका दरका बिषयमा हुने दोहोरोपनालाई समाधान गरिनुपर्ने।
- वातावरण संरक्षणमा बिस्तृत योजना उपयुक्त हुने।
- बजेट निकाशा चाँडै हुनुपर्ने।
- शर्सत र बिशेषको आ.व २०७५/७६ को बजेट फ्रिज नगरी आगामी आ.वमा समेत निरन्तरता दिनुपर्ने,
- साझेदारी मोर्डलमा काम गरिनुपर्ने।
- योजना Bottom up Approach मा हुनुपर्ने।

**१०.निष्कर्ष**

नेपालको संविधानले परिकल्पना गरेको तिन तहको सरकार बीचको समन्वय मार्फत संघियतालाई सार्थकता प्रदान गर्ने क्रममा प्रदेश सरकारको भूमिका स्थानीय सरकार तथा संघिय सरकार बीचको मध्यस्थकर्ता जस्तो रहेको छ। प्रदेश सरकार मार्फत स्थानीय तहमा सञ्चालित योजनाहरु कार्यान्वयन गर्ने सिलसिलामा औंल्याईएका समस्या तथा दिईएका सुझावहरुको प्रभावकारी कार्यान्वयन मार्फत प्रदेश

सरकारको अपेक्षित उपलब्धी हासिल हुने देखिन्छ। प्रदेश सरकार मार्फत स्थानीय तहमा योजनाहरुको छनौट तथा कार्यान्वयका क्रममा आगामी दिनमा विगतका झै समस्याहरु नआओस भन्ने उद्येश्यले प्रदेश सरकार तथा स्थानिक तह बिच पर्याप्त समन्वय मार्फत अघि बढ्नु उपयुक्त हुने देखिन्छ।

सार्वजनिक लेखा समितिको क्षेत्राधिकार भित्र पर्ने बिषयहरु भित्र लेखाका लेखांकनका बिषयहरु चुस्त दुरुस्त छन् छैनन भन्ने सन्दभमा नियमित अनुगमनलाई प्राथमिकता दिईनु उपयुक्त हुने देखिन्छ। प्रदेशको योजना कार्यान्वयन गर्न प्रदेशको आफ्नै दक्ष प्राविधिक जनशक्तिको समेत विकास गरिनु उपयुक्त हुने देखिन्छ। सार्वजनिक लेखा समितिले प्रदेश सरकार मार्फत स्थानीय तहमा सञ्चालित योजनाहरुको आवधिक रुपमा अनुगमन तथा निरिक्षण गर्ने पद्धतिलाई आगामी दिनमा पनि निरन्तरता दिदै सार्वजनिक लेखा समितिको भूमिकालाई थप बनाउनु उपयुक्त हुने देखिन्छ।

११.सुझावहरु

- प्रदेश सरकार मार्फत स्थानीय निकाय सम्बद्ध योजना बिषयमा स्थानीय तहसँग पर्याप्त समन्वय गर्ने,
- प्रदेश सरकार मार्फत हुने निकासलाई चुस्त र प्रभावकारी बनाउने गरी कार्यविधिमा परिमार्जन गर्ने,
- प्रदेश सरकार मार्फत सञ्चालित योजना तथा कार्यक्रमको आवधिक रुपमा अनुगमन गर्न प्राविधिक सहितको टोली विकास गर्ने,
- जिल्ला समन्वय समितिको भूमिकालाई मध्यस्थकर्ताको रुपमा विकास गर्दै थप अधिकार सम्पन्न स्रोत साधनले युक्त बनाउने तर्फ प्रदेश सरकारको ध्यानाकर्षण गराउने।
- अघिल्लो आ.व मा स्थानीय तहलाई कार्यविधि तथा बजेट निकासा ढिलो भएकोले समयमै काम सक्न नसकेको अवस्था रहेको हुँदा उक्त आ.व.को बजेट आगमी आ.बमा समेत फ्रिज नहुने व्यवस्था गरिदिन प्रदेश सरकारको ध्यानाकर्षण गराउने।
- उपभोक्ता समितिको भूमिकालाई पारदर्शी एवं प्रभावकारी बनाउन प्रदेश सरकारको ध्यानाकर्षण गराउने।
- स्थानीय तहमा लेखा समिति गठन नगरिएको पाईएकोले लेखा समिति गठन गर्न उत्प्रेरित गर्ने।
- लेखा सम्बद्ध बिषयमा प्रदेश तथा स्थानीय तहका सरोकारवाला पक्षबिच अनुभव आदान प्रदानका कार्यक्रमहरु सञ्चालन गर्न सार्नेदभिक हुने।
- लागत सहभागिताका बिषयमा प्रदेश सरकार र स्थानीय तह बीचमा देखिएको अन्यौलको अवस्थालाई आपसी समन्वय मार्फत समाधान गर्ने गरीको वातावरण बनाउने।
- जनप्रतिनिधीको बैठक भत्ताको बेरुजु बिषयमा आएका कुराहरुलाई सार्वजनिक लेखा समिति मार्फत प्रदेश सरकारको ध्यानकर्षण गराउने।
- स्थानीय तहमा सार्वजनिक जग्गा प्राप्ति तथा भवन निर्माणमा देखिएको समस्या समाधान गर्न समिति मार्फत प्रदेश सरकारलाई ध्यानाकर्षण गराउने।

- रसुवा जिल्लाको कालिका गाउँपालिकामा प्रदेश सरकारबाट विनियोजित बजेटको कार्यान्वयनमा आर्थिक अनियमितता भएको बिषय उठान भएको हुदाँ सार्वजनिक लेखा समितिले छानविन गरी सरकारलाई आवश्यक निर्देशन दिन उपयुक्त हुनेछ।
- एक जिल्लामा एक प्रदेश एकिकृत कार्यालय स्थापना गर्ने र त्यसै कार्यालयबाट प्रदेशका सबै मन्त्रालयको कामहरु सम्पन्न गर्ने व्यवस्था मिलाईनु पर्ने

<u>उपसमिति-३</u>

**पृष्ठभुमि**

प्रदेश सभा अर्न्तगतको सार्वजनिक लेखा समितिले प्रदेश सरकार भित्रका स्थानीय तहमा सञ्चालित योजना/आयोजनाको वर्तमान अवस्था बिषयमा सरोेकारवाला निकायहरुसँग प्रत्यक्षरुपमा छलफल तथा संम्भव भएसम्म योजना/आयोजनाको बस्तुस्थिती बारे अनुगमन गर्ने उद्देश्यले सार्वजनिक लेखा समितिको मिति २०७६/०१/२० गतेको बैठकको निर्णयानुसार चारवटा उपसमितिहरु गठन भई भौगोलिक रुपमा कार्यक्षेत्र विभाजन गरिएको थियो। प्रदेश सरकारले बजेट विनियोजन गरी सञ्चालित योजनाहरु सञ्चालनको क्रममा आर्थिक पक्षका साथै कार्यान्वयनका क्रममा आएका समस्या,समस्या समाधानका लागि सुझाव साथै आगामी आ.व.को बजेट निर्माणमा प्रदेश सरकारलाई दिईने सुझावहरुलाई सरोकारवाला निकायहरु माँझ प्रत्यक्ष छलफल मार्फत संकलन गर्ने साथै योजना कार्यान्वयनलाई प्रभावकारी तुल्याउने उद्देश्यले सार्वजनिक लेखा समितिले प्रदेश भित्रका जिल्लामा सरोकारवाला निकायहरुसँग यो कार्यक्रम राखेको हो।

**उद्देश्य**

- यस अनुगमन तथा छलफल कार्यक्रमको मूल उद्देश्य प्रदेश भित्रका स्थानीय तहमा सञ्चालित योजनाहरुको बस्तुस्थिती बारे जानकारी लिने।
- प्रदेश मार्फत विनियोजित रकमको खर्चको यर्थाथ अवस्था बारे विवरण संकलन गर्ने।
- स्थानीय तहका विगत लामो समय देखिका अनुभवहरु आदान प्रदान गर्ने।
- स्थानीय तहहरुका आगामी आ.व.को बजेट तथा अन्य कार्यक्रमहरुमा प्रदेश सरकार प्रतिका अपेक्षित धारणाहरु बुझ्ने।
- प्रदेश सरकार र स्थानीय तह बीचको सह अस्तित्व समन्वय र सहकार्यलाई अझ मजबुत बनाउने।
- प्रदेश सरकारलाई उत्तरदायी एवम् जवाफदेही बनाउने।
- सरकारको काम कारवाहीको प्रभावकारीता मापन गर्ने ।
- स्थानीय सरकारहरुलाई प्रदेश सरकारको काममा ध्यानाकर्षण गराउने।

**अध्ययनका कार्यक्षेत्रः**

(क) जिल्लाहरु

- काभ्रेपलाञ्चोक
- सिन्धुपाल्चोक
- दोलखा

**(ख) समय सीमा**

- प्रदेश सभाको तेसा्रे अधिवेशन चलिरहेको र चौथो अधिवेशन शुरु हुनै लागेकोले गर्दा एक हप्ताको समयसीमा भित्र योजना तथा कार्यक्रमहरुको अनुगमन, अवलोकन तथा निरीक्षण गर्नुपर्ने र चौथो अधिवेशन भित्र नै मुल समितिलाई प्रतिवेदन बुझाउनु पर्ने बाध्यता रहेको।
- यस कार्यक्रमको सञ्चालनका लागि छोटो समय र न्यून बजेटका कारण काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र दोलखा जिल्लाका सबै स्थानियतह सम्म पुग्न नसकिने अवस्था रहेको, नमुनाको रुपमा पहुँचयोग्य योजना तथा कार्यक्रमहरुको अनुगमन गर्नुपर्ने र सम्बन्धित स्थानीय तहहरुसँगको अन्तरक्रिया मार्फत जानकारी एवम् सूचना, तथ्याङ्क संकलन गर्नुपर्ने अवस्था रहेको।

**(ग) योजना तथा कार्यक्रमको अनुगमन, निरीक्षण र अवलोकन (अध्ययन) को विधि**

- जिल्ला समन्वय समितिको समन्वयमा प्रत्येक स्थानिय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख, लेखा शाखा प्रमुख एवम् वडा अध्यक्ष समेतलाई आ-आफ्नो जिल्ला अन्तर्गत जिल्ला समन्वय समितिको सभाकक्षमा बोलाएर योजना तथा कार्यक्रमको सम्बन्धमा छलफल गरिएको।
- योजना तथा कार्यक्रमहरुको छलफलमा सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्य, प्रमुख जिल्ला अधिकारी, जि.स.स.का सदस्यहरु, विषयगत कार्यालयका प्रमुखहरु, पत्रकारहरुलाई आमन्त्रण गरिएको।
- प्रत्येक स्थानीय तहहरुसँग प्रदेश सरकारका योजना तथा कार्यक्रमहरुको हालसम्मको प्रगति विवरण माग गरिएको।

**उपसमितिका सदस्यहरु**

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | मा.चन्द्र बहादुर लामा | संयोजक |
| २ | मा. रमेश पौड्याल | सदस्य |
| ३ | मा. पशुपति चौलागाई | सदस्य |
| ४ | मा. रत्न प्रसाद ढकाल | सदस्य |
| ५ | मा. हिमाली गाले | सदस्य |
| ६ | श्री विद्याचन्द्र शिवहरे | सदस्य सचिव |

यस उपसमितिको प्रथम बैठक जि.स.स. को हल, काठमाडौंमा बसी उपसमितिको कार्यक्षेत्र भित्र पर्ने तीनवटा जिल्लाहरु (काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र दोलखा) का अनुगमन तथा छलफल कार्यक्रमको लागि निम्न बमोजिम निर्णयहरु गरियोः-

➢ अनुगमन तथा छलफल कार्यक्रमको कार्य तालिका बनाउने,

- मिति २०७६/०१/२० गते जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक
- मिति २०७६/०१/२२ गते जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक
- मिति २०७६/०१/२३ गते जिल्ला समन्वय समितिको कार्यालय, दोलखा

- मिति २०७६/०१/२४ गते कार्यक्रम समापन एवं काठमाडौं फिर्ता।

➢ उक्त तालिका बमोजिम सम्बन्धित स्थानिय तहहरुलाई पत्राचार एवं सम्पर्क गरी जानकारी गराइयो।

➢ सम्बन्धित जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सदस्यहरुलाई उपस्थितिका लागि सो तालिका बमोजिम जानकारी गराइयो।

❖ प्रदेशसभा, प्रदेश नं. ३ को सार्वजनिक लेखा समितिका उपसमिति ३ द्धारा जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोक, मा मिति २०७६/१/२० गते संचालित हुने प्रदेश सरकारद्धारा सञ्चालन भएका योजना, कार्यक्रमहरुको अनुगमन तथा अन्तरक्रियात्मक कार्यक्रम

काभ्रेपलाञ्चोक जिल्ला समन्वय समितिमा भएको छलफलको क्रममा उठान गरिएका बिषयहरु (टिपोट)-

- कर्मचारी समायोजनले काममा समस्या आएको।
- स्थानीय तहको आफ्नै आन्तरिक अनुगमन प्रभावकारी छैन।
- योजना संचालन हुने स्थानमा प्रदेश योजनाको पर्याप्त सूचना नभएको।
- प्रदेशको बजेट रकमको सिलिङ्गको न्युनतम सिमा नभएको
- प्रदेश सरकारबाट विनियोजित बजेट स-साना योजनाहरुमा कनिका छरे जस्तै छरिएको।
- जिल्ला समन्वय प्रदेशको सहयोगी युनिटको रुपमा रहन चाहेको।
- जिल्ला समन्वयमा जनशक्तिको पनि व्यवस्थापन गर्नुपर्ने।
- बजेट निमार्ण गर्दा प्रदेश सरकार र स्थानीय तहको सहकार्य हुन आवश्यक छ।
- बजेट छरेर भन्दा एकिकृत हुँदा राम्रो हुने।
- सम्झौता छिटो कार्यान्वयन गर्नुपर्ने ढिलो हुने गरेको।
- आवस्यकता नहेरी योजना वितरणले परिणाममा समस्या।
- समयमै जानकारी आउँनुपर्ने।
- सार्वजनिक खरीद ऐनमा समस्या देखिएको।
- ठूला र देखिने योजनामा प्रदेशले गर्नु राम्रो।
- योजना छनौटमा स्थानीय र प्रदेशका बीच समन्वयमा मात्र योजना पठाईयोस्।
- ठूला योजना क्रमागतमा राख्दा राम्रो।
- योजनाकार्यान्वयनको लागि समय सिमा थप गर्नुपर्ने।
- उपभोक्ता समिति आफैं ठेकेदार बनेको वर्तमान अवस्था छ।
- प्रोजेक्ट बैंक( स्थानीय तहको ) भित्रबाट योजना छनौट हुँदा राम्रो।
- प्रदेशले क्रमागत योजनामा प्राथमिकता दिनु पर्ने।
- उपभोक्ता बाट गरिने काममा फछ्र्यौटमा समस्या।
- कर्मचारीको स्थायीत्व छैन।
- लेखांकनलाई व्यवस्थित गर्नुपछ।
- एउटा स्थानीय तहको योजना अर्को स्थानीय तहमा परेको।

- जि.स.स लाई बजेट व्यवस्था गरिनु पर्ने।

❖ प्रदेशसभा, प्रदेश नं. ३ को सार्वजनिक लेखा समितिका उपसमिति ३ द्धारा जिल्ला समन्वय समिति सिन्धुपाल्चोक , मा मिति २०७६/१/२२ गते संचालित हुने प्रदेश सरकारद्धारा सञ्चालन भएका योजना, कार्यक्रमहरुको अनुगमन तथा अन्तरक्रियात्मक कार्यक्रम

**सिन्धुपाल्चोक जिल्ला समन्वय समितिमा भएको छलफलको क्रममा उठान गरिएका बिषयहरु (टिपोट)**

- एउटै योजनामा प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन भएको बजेट तर्जुमा गर्दा समन्वय हुनुपर्ने।
- हरेक स्थानीय तहमा प्रदेशको कार्यविधि समयमै आईपुग्ने वातावरण सृजना गर्नुपर्ने,
- हाल सम्म प्रदेश सरकारबाट अख्तियारी प्राप्त भएको र नगरपालिकाको आन्तरिक स्रोतबाट सम्पन्न भएका कामको भुक्तानी दिइएको,
- सम्पन्न भएका कामको भुक्तानीको व्यवस्था मिलाइ दिनुपर्ने,
- प्रदेश सरकार अन्तर्गतका मन्त्रालयबाट सञ्चालित योजना कार्यान्वयन गर्दा प्राविधिक कार्य स्थानीय तहले गर्नुपर्ने तर कन्टीजेन्सी प्रदेश अन्तर्गतको कार्यालयले नै काट्ने गरिएको, जुन आफैमा नमिल्दो व्यवस्था हो।
- कर्मचारी एवं दक्ष जनशक्तिको अभाव रहेको।
- उपभोक्ता समितिबाट गर्न सकिने योजनाहरुको बजेट सीमा निर्धारण गरिनुपर्ने।
- कार्यविधि ढिलो आई बजेट कार्यान्वयनमा समस्या भोगिरहेको,
- प्रदेश र स्थानीय तहको बजेट ल्याउने समय अवधी अपर्याप्त रहेको एउटै कार्यक्रम दोहोरिने गरेको,
- प्रदेश सरकार मार्फत हुने थप कामको लागि DPR तयार गरी प्रदेश योजनामा सिफारिस गरिनुपर्ने,
- प्रदेशले स्थानीय तहको लागि मेगा प्रोजेक्ट ल्याउनुपर्ने।
- प्रदेशको लोकप्रिय बजेटले बजेट खेर गएको,
- चालू योजनाहरुको पूर्णताका लागि थप बजेट निकासा गर्नुपर्ने देखिन्छ,
- प्राविधिक कर्मचारीको पदपूर्तिका लागि प्रदेश सरकारले यथाशिघ्र कदम चाल्नुपर्ने,
- ठूला आयोजनाका बजेट बहुबर्षिय हुनुपर्ने,
- पूँजीगत कार्यक्रमको कार्यान्वयनमा जोड दिनुपर्ने,
- बजेट कार्यान्वयनमा समन्वय आवश्यक,
- योजना छनौटमा समन्वय आवश्यक,
- स्थानीय तहमा प्राविधिक विद्यालय स्थापनाको लागि सहयोगको अपेक्षा,
- योजना क्रमागत राखिनुपर्ने,
- बजेट हुदाँहुदैं पनि कर्मचारी अभावले योजनाहरुको कार्यान्वयन फितलो रहेको,
- प्रदेशको योजना कार्यान्वयनका क्रममा सहभागिता नखोजिदा समस्या भोगिएको,

- प्रदेशको बजेट पालिका मार्फत आउँनुपर्ने,
- प्रदेशको बजेट टुक्रे योजनामा भन्दा ठूला योजनामा छुट्याईनुपर्ने,
- प्रदेशको बजेटको स्पष्ट खाका आवश्यक,
- कार्यप्रक्रिया लामो भएको हुदाँ प्रदेशको बजेट कार्यान्वयनमा समस्या रहेको,
- पालिकासँग समन्वय नभई प्रदेश अर्न्तगत कार्यक्रम सम्पन्न भएको अवस्था,
- प्रदेशको कार्यविधि ढिलो आएको,
- उपभोक्ता समितिका काम बारे जानकारी हुन नसकेको,
- प्रदेश र स्थानीय तह बीच समन्वय गरी योजना बनाईनुपर्ने।
- बजेटको समयावधी र जनसंख्या तोकेर प्रदेशको बजेट सिलिङ तोकिनुपर्ने,
- प्रदेशको जनशक्ति बेग्लै हुनुपर्ने,
- प्रदेशबाट सर्शत अनुदानको कार्यविधि ढिलो आएको,
- स्थानीय तहमा रकम निकाशा ढिलो भएको , पेश्किको अभाव हुने गरेको,
- प्रदेशले सर्सत अनुदान पूँजीगतको प्रगति प्रतिवेदनको ढाँचा विकास गरिनुपर्ने,
- प्रदेशले योजना छनौट र कार्यान्वयन गर्दा गाउँ सभाले पारित गरेका योजना परे उपयुक्त हुने,
- प्रदेशबाट स्थानीय तहलाई अख्तियारी आएको जानकारी ढिलो हुने गरेको,
- प्रदेश र स्थानीय तहका योजनाहरुमा दोहोरोपना हुने गरेको कार्यान्वयमा समस्या आउँने गरेको,
- प्रदेशको बजेट वितरण बारे स्थानीय तथा जि.स.स. लाई जानकारी नभएको।
- प्रदेश र स्थानीय तहबिच योजना/कार्यक्रम तर्जुमाका क्रममा पर्याप्त समन्वयको अभाव देखिएको।
- प्रदेशको कार्यविधि ढिलो आई बजेट कार्यान्वयनमा स्थानीय तहमा असहजता सिर्जना भएको।
- प्रदेश र स्थानीय तहबीच सञ्चार समन्वयको अभावमा योजनाहरुमा दोहोरापन तथा बजेट निकाशा बारेको जानकारी ढिलो हुने गरेको गुनासो रहेको।
- बजेट निर्माण प्रकृयामा प्रदेश र स्थानीय तह बीच पर्याप्त समन्वयको अभाव रहेका।
- उपभोक्ता समितिका स्थानीय तहमा सञ्चालन भएका विकास गतिविधि पारदर्शी तथा प्रभावकारी हुन नसकेको गुनासो रहेको।
- प्रदेशको बजेट खर्च गर्न स्थानीय तहलाई लामो प्रकृयाका कारण असहजता भएको।
- योजना कार्यान्वयन गर्न पर्याप्त र दक्ष कर्मचारीको अभाव रहेको।
- प्रदेश र स्थानीय तहको बजेट ल्याईने समयावधी बिचको अन्तर कम रहेकोले कार्यक्रम दोहोरिने गरेको।
- स्थानीय तहका आफ्नै योजना निर्वाध अघि बढिरहँदा प्रदेशका योजनाहरुको कार्यान्वयनमा ढिलाई हुने गरेको।

❖ प्रदेशसभा, प्रदेश नं. ३ को सार्वजनिक लेखा समितिका उपसमिति ३ द्वारा जिल्ला समन्वय समिति दोलखा, मा मिति २०७६/१/२३ गते संचालित हुने प्रदेश सरकारद्धारा सञ्चालन भएका योजना, कार्यक्रमहरुको अनुगमन तथा अन्तरक्रियात्मक कार्यक्रम

दोलखा जिल्ला समन्वय समितिमा भएको छलफलको क्रममा उठान गरिएका बिषयहरु (टिपोट)

जि.स.स.को प्रमुख श्री डबल पाण्डेः-

- प्रदेश सरकारले दोलखा जिल्ला भित्रका स्थानीय तहहरुमा कुन-कुन शिर्षकमा के कति बजेट विनियोजन कसरी गरेको छ ? त्यसको आधिकारिक जानकारी जि.स.स. लाई जानकारी दिनुपर्‍यो।
- प्रदेश सभाका सदस्यहरुको सिफारिसमा योजना छनौट के कसरी भएका छन् ? त्यसको आधिकारिक जानकारी जि.स.स. लाई जानकारी दिनुपर्‍यो।
- व्यक्तिको शिफरिसमा योजना समावेश गर्ने प्रक्रिया गलत हो। गाउँपालिका नगरपालिका र जिल्ला समन्वय समितिवाट पास भएका योजना मात्र समावेश गर्ने परिपाटी श्रृजना गर्नुपर्छ।
- प्रदेश सरकारले स्थापना गर्ने कार्यालयहरु जिल्ला सदरमुकाममा हुनुपर्ने।
  - कृषि ज्ञान केन्द्र
  - पूर्वाधार विकास
  - भू-तथा जलाधार
  - खानेपानी तथा सरसफाई
  - सार्वजनिक निर्माण कार्यान्वयन इकाई
  - महिला विकास

जि.स.स.लाई आएको जिम्मेवारीः-

- ढुङ्गा, गिट्टी, वालुवा आदिको वातावरणिय प्रतिवेदन स्विकृत गर्ने,
- नदिजन्य तथा खानि जन्य पदार्थको उत्खनन, संकलन तथा विक्रि कार्यको समन्वय गर्ने,
- जि.स.स. पदाधिकारी, कर्मचारी, स्थानीय तहका पदाधिकारीहरुलाई क्षमता विकास गर्न, अध्ययन, तालिम तथा अवलोकन भ्रमणको व्यवस्था हुनुपर्ने,
- अन्तरपालिका स्तरीय समन्वय वैठक, विवाद निरुपण आदि व्यवस्था हुनुपर्ने,
- सूचना केन्द्र, अभिलेख व्यवस्थापन, ऐन कानून अभिलेखिकरण, सक्षिा बैठकहरुको व्यवस्था हुनुपर्ने,
- अन्तरपालिका स्तरिय कार्यक्रम संचालन गर्ने, जस्तैः खेलकुद आयोजना, कृषि मेला, कला, शैक्षिक तह प्रदर्शनी।

माथि उल्लेखित जिम्मेवारी पूरा गर्न प्रदेश सरकारबाट जिल्ला समन्वय समितिलाई रु एक करोड बजेट मार्फत विनियोजन हुनुपर्ने।

जलश्रोत तथा सिंचाई विकास डिभिजन, डिभिजन प्रमुख श्री प्रकाश अधिकारीः-

- साविकवाट सशर्त हस्तान्तरण भएका ठेक्का सम्झौता भएका सिंचाइ योजनालाई प्राथमिक्ता दिई योजना सम्पन्न हुन लाग्ने बजेट रु १४ करोड उपलब्ध गराइदिनु पर्छ ।
- पुराना ठेक्का लागेका बहुबर्षिय योजनाहरुलाई सम्पन्न नभई नयाँ योजना प्रस्ताव नगर्नुपर्ने।
- सिंचाइका योजनाहरुलाई प्राथमिकता दिई बजेट विनियोजन गरिनुपर्छ।
- तामाकाशी नदी नियन्त्रण ताथ सिगटाँ नदी नियन्त्रणको लागि Master Procuriment plan खरिद गुरु योजना तयार गरी क्रमागत रुपमा नियन्त्रण गर्नुपर्ने।
- संघबाट हस्तान्तरण भएका नयाँ प्रविधिमा आधारित सिंचाई योजनाहरुलाई Packaging गरी सम्पन्न गराउनु पर्ने आवश्यक देखिएकोले रु पन्ध्र करोड बजेट विनियोजन गर्न सके २२ वटा योजनाहरु सम्पन्न गराउन सकिन्छ ।

- आपतकालिन कार्यक्रम अन्तर्गत यस आ.व.मा तार जाली खरिद गरी बुन्ने तथा HDP पाइप खरिद गर्न रु ३० लाख बजेटको आवश्यकता छ।
- पहिरो व्यवस्थापन तथा नदी नियन्त्रणको लागि प्रदेश सरकार अन्तर्गत सञ्चालित कार्यक्रममा नपुग रु १ करोड ५० लाख आवश्यक देखिन्छ।

मेलुङ्ग गाँउपालिका

प्रदेश सरकारको योजनाहरुको विवरण प्राप्त नभएको,

जिरी नगरपालिका

वडा नं २ मा स्वास्थ्य केन्द्र भवन निर्माण - प्रगति ४० ५

वडा नं ४ मा स्वास्थ्य केन्द्र भवन निर्माण - प्रगति ३० ५

त्रिशुली - धमाले वडा कार्यालय गेल्पु सडक वडा नं ८ - प्रगति ९५ ५

धमाले विद्यालय कम्पाउण्ड वाल निर्माण वडा नं ८ - प्रगति ५० ५

लहरेभाते चिपचिप सडक स्तरोन्ती वडा नं ८ र ९ - सम्झौताका लागि पत्राचार भएको।

भिमेश्वर नगरपालिका

- टुक्रे योजनामा विनियोजित बजेट
- कार्यान्वयन नहुने बजेट
- Design/Estamate र मूल्याङ्कन स्थानीय तहले गरिदिनु पर्ने तर सम्झौता गर्न विभिन्न ठाउँमा धाउनु पर्ने।
- कर्मचारीहरुको अभाव रहेको,
- जिल्ला समन्वय समितिलाई स्थानीय तहमा प्रदेशको योजना अनुगमन अधिकार दिनुपर्ने।
- पूर्व स्विकृत योजनाहरुको DPR भई सके पनि प्रदेश सरकारबाट पुनः DPR गर्न बजेट छुट्याइएको।
- प्रदेश सरकारका योजनाहरुको छनौटको आधार थाहा भएन ू कतै योजना नै योजनाहरु छन् भने कतै केही पनि छैन। एउटा स्थानीय तहको योजना अर्को स्थानीय तहमा परेको छ।
- सातवट्टै प्रदेशका स्थानीय तहहरुका पदाधिकारीहरुको सेवा सुविधामा एकरुपता हुनुपर्ने।
- योजना Bottom up Apporach मा हुनुपर्ने।
- प्रदेश सरकारका योजना मध्ये एउटा योजना पूरा भएको, अख्तियारी पनि प्राप्त भईसकेको तर कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा हुन समस्या भई रहेको। - दोलखा
- पूर्वमा बैठक भत्ता प्राप्त भई सकेको तर महालेखा परिक्षकले बेरुजु जनाएको छ।
- स्थानीय तहमा परेका प्रादेशिक योजनाहरुको सम्बन्धमा प्रदेश सरकारका मन्त्रालय र स्थानीय तह बीच पत्राचार हुनु पर्ने।
- माननीयको रोजाईको योजना आएको छैन।
- बजेट निमार्ण गर्दा प्रदेश सरकार र स्थानीय तहको सहकार्य हुन आवश्यक छ।
- बजेट छरेर भन्दा एकिकृत हुँदा राम्रो हुने।

- वातावरण संरक्षणमा बिस्तृत योजना उपयुक्त हुने।
- बजेट निकाशा चाँडै हुनुपर्ने।
- सर्शत र बिशेष अनुदानको आ.व२०७५/७६ को बजेट फ्रिज नगरी आगामी आ.वमा समेत निरन्तरता दिनुपर्ने,
- साझेदारी मोर्डलमा काम गरिनुपर्ने।

सुझावहरुः-

- प्रदेश सरकारबाट तयार पारिएका योजना तथा कार्यक्रमहरुलाई सहज ढङ्गबाट सञ्चालन गर्न प्रदेश समन्वय इकाई स्थापना गर्नुपर्ने।
- जिल्ला समन्वय समितिको अधिकार क्षेत्रमा वृद्धि गर्ने एवम् प्रदेश सरकारका योजना तथा कार्यक्रमहरु अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार दिइनुपर्ने।
- प्रदेश सरकारले तयार गर्ने योजना तथा कार्यक्रमहरुको न्यूनतम बजेटको सिमा निर्धारण गर्ने।
- प्रदेश सरकार र स्थानीय सरकारले बजेट निर्माण गर्दा आपसी समन्वय गर्नुपर्ने। साथै सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने प्रदेश सभाका सदस्यलाई अनुगमनको विशेष जिम्मा दिनुपर्ने।
- प्रदेश सरकारद्धारा सञ्चालन हुने कार्यक्रम तथा योजनाहरुमा स्थानीय सरकारलाई जिम्मेवार बनाउनुपर्ने।
- सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को समयसापेक्ष सुधार गरिनुपर्ने।
- उपभोक्ता समितिले गर्ने योजनाहरुमा जनसहभागितालाई अनिवार्य गर्नुपर्ने।
- प्रदेश सरकारका योजना छनौटका आधार तय गरिनु पर्ने। योजनाहरुको वितरण न्यायोचित ढङ्गबाट हुनु पर्ने।
- योजनाहरुको म्एच् निर्माण प्रक्रिया नदोहोरिनुपर्ने।
- प्रदेश सरकारले स्थानीय तहहरुमा समयमा नै बजेट सिलिङ्ग र खर्च सम्बन्धि कार्यविधि पठाउन निर्देशन दिईनुपर्ने।

निष्कर्ष

नेपालको संविधानले परिकल्पना गरेको संघीय व्यवस्था अर्न्तगतका संघ, प्रदेश र स्थानीय तह बीच संघीयतालाई प्रभावकारी बनाउने सर्न्दभमा आ-आफ्नो कार्यक्षेत्रमा स्वतन्त्र र एकल अधिकारको प्रयोगका निम्ती एक अर्कामा परिपूरक रहेका छन्। यसै दिशामा संघियताको प्रयोग अघि बढिरहेको छ । संविधानले परिकल्पना गरे अनुरुप प्रदेश र स्थानीय तह बीचको सम्बन्धलाई अझ सहअस्तित्वका आधारमा मजबुत बनाउने दिशामा यस प्रदेश सभा अन्तर्गतको सार्वजनिक लेखा समितिले आगामी दिनहरुमा पनि यस्तै किसिमका कार्यक्रमहरु आयोजना गर्नुपर्ने देखिन्छ।

उपसमिति-४

पृष्ठभुमीः

आ.ब. २०७५/७६ को बजेट कार्यान्वयनमा गएको दश महिना पुरा भइसकेको छ। यस सन्दर्भमा सार्वजनिक लेखा समितिले आफ्नो कामलाई प्रभावकारी बनाउनको लागि मिति २०७५।१२।२७ गते वसेको वैठकले ४ वटा स्थलगत अनुगमन तथा निरीक्षण उपसमिति गठन गरी आफनो प्रदेशको १३ वटै जिल्लाको प्रदेश सरकारबाट सञ्चालित योजनाहरुको स्थलगत अनुगमन तथा निरीक्षण गर्ने निर्णय भए अनुसार मिति २०७६ वैशाख २० गते बसेको सार्वजनिक लेखा समितिको बैठकले प्रदेश सरकार मार्फत संचालित योजना तथा कार्यक्रमहरुको स्थलगत अनुगमन उपसमिति '४' गठन गरेको छ।

प्रदेश सरकारको अनुदानमा संचालित योजनाहरुको पारदर्शिता, मितब्ययिता, नियमितता, औचित्यता जस्ता बिषयहरुमा सम्बन्धित योजना कार्यान्वयन तहमा गई स्थलगत अनुगमन तथा निरीक्षण गरी यथार्थ सत्य तथ्य बुझ्न सम्बन्धित जिल्लाको स्थानीय तहका प्रमुख उपप्रमुख प्रमुख प्रशासकिय अधिकृत योजना प्रमुख लेखा प्रमुख सहितको अन्तरकृया कार्यक्रम रामेछाप र सिन्धुली जिल्ला समन्वय समितिको सभाहलमा सम्पन्न गरियो। यसैगरी प्रदेश सरकारका मातहतका कार्यालयका प्रमुख, लेखा अधिकृत र प्राविधकहरुसँग समेत अन्तरकृया तथा छलफल गरियो। सार्वजनिक लेखा समितिले प्रदेश सरकारको योजनाहरुको पारदर्शिता, मितब्ययिता प्रशासनिक ब्याबहारिकता लगायत समग्र योजनाको अवस्थाको बारेमा जानकारी प्राप्त गर्ने हेतुले यो कार्यक्रम तय गरिएको हो।

अनुगमन तथा निरीक्षण कार्यक्रम समग्रमा उपलब्धिमूलक रहेको छ। यस कार्यक्रमले सार्वजनिक लेखा समितिको महत्वबोध गराउनको साथै अझ बढी सक्रियताको माग गराएको छ।

उपसमिति परिचयः

| | |
|---|---|
| मा. विनोद कुमार खडका | संयोजक |
| मा.रिता माझी | सदस्य |
| मा.सीता अधिकारी | सदस्य |
| मा.जीवन डंगोल | सदस्य |
| ना.सु. केदार प्रसाद मैनाली | उपसमिति सचिव |

उपसमितिको कार्यक्षेत्रः

यस उपसमितिको कार्यक्षेत्र सिन्धुली र रामेछाप जिल्ला तोकिएको छ।

कार्यक्रमको नामः सिन्धुली र रामेछाप स्थलगत अनुगमन तथा निरीक्षण

स्थानः सिन्धुली र रामेछाप जिल्लाको विभिन्न स्थानहरु

समयः मिति २०७६।०१।१५ देखि २०७६।०१।२० सम्म

**कार्यक्रमका उद्देश्यहरुः**

क) प्रदेश सरकारले सञ्चालन गरेको योजनाहरुलाई जवाफदेही र जिम्मेवार वनाउने।

ख) योजनाको सम्बन्धमा कार्यान्वयन तहको धारणा र जनगुनासो बुझ्ने

ग) प्रदेश सरकारले प्रदेश अन्तर्गत सिन्धुली र रामेछापमा संचालन गरेका योजना तथा कार्यक्रमहरु कार्यान्वयनको सम्वन्धमा जानकारी हासिल गर्ने।

घ) संघीय सरकारवाट प्रदेश सरकारलाई हस्तान्तरण भई आएका योजनाहरुको यथार्थ अवस्थाको जानकारी लिने।

ङ) प्रदेश सरकारले बजेट विनियोजन गरिएको योजनाहरु कार्यान्वयमा परेका समस्या बारे जानकारी लिने।

च) योजना संचालन र कार्यान्वयनमा देखा परेको समस्याहरुको पहिचान गरी समाधान गर्न।

**संचालित क्रियाकलापहरुः**

जिल्लागत कार्यक्रमलाई २ भागमा विभाजन गरिएको थियो। पहिलो मिति २०७६।०१।१५ गतेका दिन ११ बजे सिन्धुली जिल्लाको जिल्ला समन्वय समितिको सभाहलमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका, दुधौली नगरपालिका, गोलोन्जोर गाउँपालिका, घ्याङलेख गाउँपालिका, तिनपाटन गाउँपालिका, फिक्कल गाउँपालिका, सुनकोशी गाउँपालिका, हरिहरपुर गढी गाउँपालिकाका र मरिण गाउँपालिकाका जनप्रतिनिध तथा कर्मचारीहरुको उपस्थितिमा अन्तरकृया र छलफल सञ्चालन गरियो। यस अन्तरकृया कार्यक्रममा स्थानिय तहबाट सञ्चालन भएको योजनाहरुको अवस्था जानकारी प्राप्त गरियो। यसैबीच कमलामाई नगरपालिकाको केही योजनाहरुको स्थलगत निरिक्षण गरियो। मिति २०७६।०१।१६गते बिहान ७ बजे प्रदेश सरकारका मातहतका कार्यालयहरुसंग योजना लगायत उनीहरुको समग्र अवस्थाको बारेमा अन्तरकृया सञ्चालन गरियो।

**स्थलगत अनुगमन**

सिन्धुली जिल्लाका योजनाहरुः

१. हावेडन्डि लुंगेलीटार खैरेनी वासकटेरी चिस्यान्त भन्ज्याङ सडक
   - प्रदेश सरकारको ससर्त ५०, संघको ३५ लाखमा निर्माणाधीन सडकले खहरे खोलामा ठूलो हेमपाइप नराखी पर्खाल उठाएकोले वर्षा याममा समस्या ल्याउन सक्ने देखिन्छ। धैरै ठूलो लगानी नगरे अहिले लगानी गरेको बजेटको महत्व नहुने देखिन्छ।

२. कमलामाई नगरपालिका वडा नं १ मच्छिनी देखि निपानी वडा नं १ लाई जोड्ने कृषि सडक
   - निर्माण कार्य भईरहेको देखियो।

३. कमलामाई नगरपालिका वडा नं ८ धप्सार, वेलटार हुँदै मरिन गाउँपालिका जोड्ने सडक
   - प्रदेश सरकारको ५० लाख ससर्त अनुदानमा निर्माणाधीन सडक राम्रो भएता पनि नाली नखनिएको हुँदा वर्षादको समयमा माटो बगाएर समस्या आउने देखिन्छ।

४. कमलामाई नगरपालिका वडा नं ६ ग्वाङखोला करिडोर बुधबारे हाटसम्मको सडक
   - प्रदेश सरकारको ५० लाख ससर्त योजनाले प्राकृतिक रुपको नदीको वहावलाई मानव निर्मित पर्खाल र तटवन्धले साँघुरो बनाएको देखिन्छ।

२०७६ बैशाख १७ गते विहान ११ बजे रामेछाप जिल्ला जिल्ला समन्वय समितिको सभाहलमा मन्थली नगरपालिका, रामेछाप नगरपालिका, उमाकुण्ड गाउँपालिका, गोकुलगंगा गाउँपालिका, दोरम्बा गाउँपालिका, खाँडादेवी गाउँपालिका, लिखुतामाकोशी गाउँपालिका, सुनापति गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको उपस्थितिमा अन्तरक्रिया र छलफल सञ्चालन गरियो। यस अन्तरकृया कार्यक्रममा

स्थानिय तहबाट सञ्चालन भएको योजनाहरुको अवस्थाको जानकारी प्राप्त गरियो। यसैबीच मन्थली नगरपालिका र रामेछाप नगरपालिकाको केही योजनाहरुको स्थलगत निरिक्षण गरियो। मिति २०७६।०१।१८ गते बिहान ८ बजे प्रदेश सरकारका मातहतका कार्यालयहरुसंग योजना लगायत उनीहरुको समग्र अवस्थाको बारेमा अन्तरकृया र छलफल सञ्चालन गरियो।

**स्थलगत अनुगमन**

रामेछाप जिल्लाका योजनाहरु

१. सोहविसे कुलो सिचाई योजना मन्थली-७

- खहरे खोलालाई व्यवस्थापन नगरी कुलो बनाएर खहरेलाई कुलोमा मिसाएको देखियो। यसले गर्दा दीर्घकालिन संचालनमा समस्या, दिगो विकासको हिसाबमा सिंचाई योजना मेल खाएको देखिदैन।
- प्राविधिक रुपमा कुलोको क्यानल बचावटको लागि दिएको रिटेनिङ वाल र क्यानल बीच खाली जमिन देखिएको कारण प्राविधिक हिसाबले उपयुक्त नदेखिएको।

२. सुकाजोर खोला तटबन्ध बहुआयामिक कृषक समूह मन्थली सुकाजोर-१, मन्थली

- गुरु योजना विनाको सुकाजोर खोलामा प्रदेश सरकारले दिएको सतर्त अनुदानले तत्काल डेमोस्ट्रेसनको हिसाबले उत्कृष्ट देखिएको तर व्यवसायिक गुरु योजना नभएको देखियो। समूहको नाममा प्रदेश सरकारले लगानी गरेको छ तर जग्गाको स्वामित्व व्यक्तिको नाममा रहेकोले जनताबाट प्रदेश सरकारको अनुदानमा प्रश्न उठेको छ।
- यो प्रकृतिको योजनामा दोहोऱ्याएर बजेट विनियोजन हुनु गलत हुनेछ।

३. भालुखोप डिप बोरिङ खानेपानी आयोजना रामेछाप-६, भालुखोप

- भालुखोप डिप बोरिङ खानेपानी आयोजना प्रदेश सरकारको ३० लाख र नगरपालिकाको १४ लाख गरी ४४ लाखमा योजना सम्पन्न भएता पनि प्राविधिक ज्ञानको कमी स्पष्ट देखिएको छ। भुक्तानीको प्रक्रिया समेत नमिलेको देखिएको छ। यस प्रकृतिका योजनाहरु प्रदेश सरकारले प्राविधिक विशेषज्ञ टोलीद्धारा अध्ययन गर्नुपर्ने।

४. चामबोट भालुखोप ओख्रेनी कुशबसेरी सडक योजना निरीक्षण गरियो।

५ रामेछाप जिल्ला अस्पताल

प्रदेश सरकारको २०+५ लाख गरी बजेट विनियोजन भएको तर २०७६ वैशाख १८ गतेसम्म खाता संचालनको अख्तियारी नआएकोले अस्पतालको संचालनमा समस्या देखिएको।

**समस्याहरु**

१. वजेट कार्यान्वयनमा संरचनात्मक समस्याका साथै तीन तहका सरकारी नीतिको अन्योलताका कारण पनि पूँजीगत वजेट कार्यान्वयनमा समस्या रहेको।
२. प्रदेश सरकारको परियोजना वैंकमा अनिवार्य समावेश हुनुपर्ने भन्दै स्थानीय सरकारको ठूलो वजेट डि.पी.आर.मा नै खर्च भएको तर योजना पर्ने वा नपर्नेमा अन्यौलता कायम रहेको

३. प्रदेश सरकारबाट छनौट गरिएका योजनाहरु स्थानिय तहको रणनीतिक योजनासँग मेल खाएन भन्ने गुनासो रहेको

४. प्रदेश सरकार मातहतका कार्यालयहरुको क्षमता तथा कार्यालयहरुको भौतिक पूर्वाधार र दरबन्दी अनुसारको कर्मचारी आवश्यक सवारी साधनको कमीले कार्य व्यवस्थापनमा समस्या रहेको।

५. प्रदेश सरकारको योजनाहरुको बजेट सिलिङ समयमै प्राप्त नहुदाँ स्थानिय तहको बजेट निर्माणमा समेत अन्योलता देखिएको।

६. योजनाहरु छनौट प्रक्रियामा स्थानिय तहसँग समन्वयको माग गरेको पाईयो।

७. पुरानो संरचना अनुसार योजना संचालनको क्रममा गरिने कार्यान्वियन इकाई सम्बन्धित जिल्लाबाट अन्यत्र सरेको हुँदा सेवाग्राहीलाई  दुरीका हिसाबले समेत योजना कार्यान्वयनमा समस्या रहेको।

८. प्रदेश सरकारको योजनाहरु फोन मार्फत टिपाएर छनौट गरिएको र योजना संस्थागत रुपमा पत्रहरु प्राप्त नहुँदा तत्काल कार्यान्वयन गर्न नसक्ने अवस्था रहेको।

९. भूगोलको जानकारीको अभावमा प्रदेश सरकारले छनौट गरेको योजनाले स्थानीय तहमा द्वन्द्वको सृजना गरेको।

१०. कृषिमा  हाल दिने गरेको अनुदान अधिकांश दुरुपयोग भएको पाईयो।

११. योजनामा मेसीनरी सामान प्रयोग गर्न पाउने नपाउने सरकारी नीति अन्योलताका कारण पनि पूँजीगत वजेट कार्यान्वयनमा समस्या रहेको।

१२. कस्ता खालका योजनाहरुको रकमान्तर गर्न मिल्ने र कस्ता खालका योजनाहरुको रकमान्तर गर्न नमिल्ने सम्बन्धमा द्विविधा रहेकोले श्रोत सुनिश्चिततामा समस्या ।

१३. प्रदेश सरकारको ष्लिभ बनभलअथ को क्षमता विचार नगरी योजना मात्र दिईएको जस्तो भान हुने खालका योजनाहरु रहेका जस्तै कृषि सडक।

१४. उपभोक्ताबाट संचालन भएका अधिकांश योजनाहरु गुणस्तरयुक्त नभएको साथै निर्माण पछि योजनाको जिम्मेवारी नहुने हुँदा योजना संचालन र मर्मत संभार हुन नसक्ने

**सुझावहरु**

१. प्रदेश सरकारबाट बजेट र योजना कार्यान्वयनका लागि समयमा नै सम्बन्धित निकायमा अख्तियारी दिनुपर्ने, समयमा नै अख्तियारी दिंदा मात्र वित्तीय तथा भौतिक प्रगति हुने देखिन्छ।

२. प्रदेश सरकारले योजना छनौट गर्दा भूगोलको जानकारी, प्राविधिक ज्ञान, लागत अनुमानसहित विस्तृत रुपमा अध्ययन गर्नुपर्ने। विना अध्ययन बजेट विनियोजन हुने प्रचलनको अन्त्य हुन जरुरी छ।

३. प्रदेश सरकारले योजना छनौट गर्दा स्थानिय तहसँग र स्थानीय तहले पनि प्रदेश सरकारसँग योजना छनौट र कार्यान्वयनमा समन्वय गर्नुपर्ने।

४. योजना निर्माण गर्दा स्थानिय तहसँग पनि समन्वय गर्न जरुरी देखिन्छ यसो भयो भने कार्यान्वयनमा समस्या आउने छैन र त्यसले भोलिका दिनमा परिणाम दिन सक्नेछ।

५ हाल दिदै आएको कृषि क्षेत्रको अनुदान प्रणालीलाई संशोधन गरी उत्पादन मूल्य लागत र उत्पादित कृषि उपजको आधारमा अनुदान दिने तथा कृषि जन्य उत्पादनहरुको बजारीकरणको जिम्मा सरकारले लिने व्यवस्था हुनु पर्ने।

६ योजना निर्माण र बजेट विनियोजन गर्दा आवश्यकता पहिचान गरी वैज्ञानिक ढंगले बढी भन्दा बढी जनता लाभान्वित हुने योजना छनौट गर्नुपर्ने। पहुँचको भरमा बजेट विनियोजन गर्दा बजेटको दुरुउपयोग हुने खतरा देखिन्छ।

७ प्रदेश सरकारको कृषि क्षेत्रमा दिएको अनुदानबाट टाठावाठा नै लाभान्वित भएको देखियो। यो परिपाटीको अन्त्य गरी तल्लो वर्गलाई माथि उठाउने उद्देश्यमा अनुदान केन्द्रित हुन जरुरी देखिन्छ।

९ विकास निर्माणमा वातावरणिय पक्षलाई ध्यान दिनुपर्ने देखिन्छ

१०. आ.व. को अन्तिममा योजना र बजेट पठाउने परिपाटीको अन्त्य गर्नुपर्ने देखिन्छ।

१२ परियोजना बैंकको सम्बन्धमा स्थानिय तहसम्म स्पष्ट निर्देशन दिनुपर्ने

१३ योजनाहरुको प्रकृति हेरी उपभोक्ता समिति मार्फत साना सरल र ट्र्याक खोल्ने खालका निर्माण गर्नु पर्ने अन्य भौतिक पूर्वाधार सम्बन्धी योजना ठेक्का पट्टा प्रणाली बाट गर्दा परिणाम मुखी हुने।

**निष्कर्षः**

प्रदेश नं. ३ प्रदेश सभाबाट गठन भएको सार्वजनिक लेखा समितिले प्रदेश सरकारबाट विनियोजित गरेको योजना तथा कार्यक्रमहरुको वर्तमान अवस्था, अनुगमन तथा स्थलगत निरीक्षण गर्नको लागि सार्वजनिक लेखा समितिले ४ वटा अनुगमन तथा निरीक्षण उपसमिति गठन गरेको थियो। उक्त समितिले रामेछाप र सिन्धुली जिल्लाको अनुगमन गर्ने जिम्मेवारी पाएकोमा स्थानीय तहसँगको समग्र छलफलमा प्रदेश सरकार र स्थानीय सरकार वीचको समन्वयको कमी रहेको पाइयो स्थानिय सरकारले प्रदेश सरकार र सम्बन्धित भुगोलबाट निर्बाचित प्रदेश सभा सदस्य जनप्रतिनिधिसँग कुनै समन्वय नगरी योजना छनोट र सञ्चालन गरेको देखियो आगामी दिनमा समन्वयको पाटो दरविलो हुने गरी कार्यविधि बनाउनुपर्ने जरुरी छ। एकभन्दा बढी जिल्ला हेर्ने गरी गठन भएका डिभिजन कार्यालयहरुको कम्तीमा सानो कार्यान्वयन युनिट प्रत्येक जिल्लामा रहनु पर्ने देखियो। प्रदेश सरकारबाट विनियोजित शसर्त अनुदानका कार्यक्रमहरु धेरै सम्पन्न भईसकेको, केही अन्तिम चरणमा पुगेको र केही शुरुवात नै नभएको पाइयो। त्यसै गरी प्रदेश मातहतका कार्यालयद्वारा संचालित आयोजनाहरु कार्यालय स्थापना ढिला र कर्मचारी अभावको कारण भर्खरै शुरुवाती चरणमा रहेको हुँदा प्रदेश सरकारको बजेट शत प्रतिशत खर्च हुने देखिँदैन। तसर्थ, यस्ता समस्याहरुलाई समयमा नै समाधान गरी प्रदेश सरकारले बजेट तथा कार्यक्रमहरुको तर्जुमा गर्नु पर्ने देखिन्छ।

**प्रतिवेदकः**

| | |
|---|---|
| मा. विनोद कुमार खडका | संयोजक |
| मा. रिता माझी | सदस्य |
| मा. सीता अधिकारी | सदस्य |
| मा. जीवन डंगोल | सदस्य |
| ना.सु. केदार प्रसाद मैनाली | उपसमिति सचिव |

## अनुसूची-५

## समिति बैठकमा माननीयहरुको उपस्थिति

जम्मा बैठक संख्याः १७ (मिति २०७६/२/१५ गते सम्म)

| क्र.सं. | नाम थर | उपस्थित बैठक संख्या |
|---|---|---|
| १ | मा. न्हुक्षे नारायण श्रेष्ठ- सभापति | १७ |
| २ | मा. ओम बहादुर ग्लान - सदस्य | १२ |
| ३ | मा. कृष्ण प्रसाद शर्मा खनाल - सदस्य | ११ |
| ४ | मा. गणेश दुलाल - सदस्य | १५ |
| ५ | मा. चन्द्र बहादुर लामा - सदस्य | १५ |
| ६ | मा. जीवन खड्का - सदस्य | ११ |
| ७ | मा. जीवन डंगोल - सदस्य | १४ |
| ८ | मा. दीपक निरौला - सदस्य | १४ |
| ९ | मा. देवकी श्रेष्ठ- सदस्य | १६ |
| १० | मा. पशुपति चौलागाई - सदस्य | ३ |
| ११ | मा. प्रेम बहादुर तामाङ्ग- सदस्य | १ |
| १२ | मा. विनोद खड्का - सदस्य | ११ |
| १३ | मा. वेलीमैयाँ घले - सदस्य | १३ |
| १४ | मा. भिमशेन खत्री - सदस्य | १६ |
| १५ | मा. मुनु सिग्देल - सदस्य | १५ |
| १६ | मा. रमेश पौड्याल - सदस्य | १५ |
| १७ | मा. रत्न प्रसाद ढकाल- सदस्य | १६ |
| १८ | मा. रिता माझी - सदस्य | ११ |
| १९ | मा. सन्त बहादुर प्रजा - सदस्य | ५ |
| २० | मा. सीता अधिकारी - सदस्य | १५ |
| २१ | मा. हिमाली गोले- सदस्य | ८ |